


प्रकाशक

NEFIN

नेपाल आदिवासी जनजाति महासंघ
**जलवायु परिवर्तन साझेदारी कार्यक्रम**

महाँकाल-५, गोल्फुटार, काठमाडौं, नेपाल
फोनः- ९७७-१-४३७९७२६, इमेलः info@nefinclimatechange.org
वेबसाइटः www.nefinclimatechange.org

In partnership with:
AIPP IWGIA TEBTEBBA

With support from:
Norad

## जलवायु परिवर्तन र रेडप्लससम्बन्धी जनवकालत र पैरवीका लागि आदिवासी जनजातिहरूको क्षमता विकास तालिम निर्देशिका

## A TRAINING MANUAL ON ADVOCACY, LOBBYING AND NEGOTIATION SKILLS FOR INDIGENOUS PEOPLES IN CLIMATE CHANGE AND REDD+

सर्वाधिकार © नेपाल आदिवासी जनजाति महासंघ- २०७०
यस तालिम निर्देशिकाको विषयवस्तु सर्वाधिकारवालालाई पूर्वजानकारी दिई लेखक तथा स्रोत उल्लेख गरेर प्रयोग गर्न सक्नेछन् ।

| | | |
|---|---|---|
| अंग्रेजी प्रकाशक | : | एआइपिपि |
| नेपाली अनुवाद | : | सोमबहादुर धिमाल |
| स्थानीयकरण तथा सम्पादन | : | डा. पासाङ शेर्पा |
| साजसज्जा | : | अल मिडिया सोलुसन, बागबजार, काठमाडौं |
| फोटो | : | कमला थापामगर |
| प्रकाशन प्रति | : | १००० |
| प्रकाशन वर्ष | : | २०७० |

## प्रकाशकीय

जलवायु परिवर्तन आज सिङ्गो विश्वको साझा मुद्दा र छलफलको विषय वनेको अवस्थामा नेपालमा पनि यसको प्रत्यक्ष असर देखा परिसकेको छ । जलवायु परिवर्तनले वातावरणमा पारेको प्रभावका कारण सिङ्गो विश्वका मानिसहरू यसवाट प्रभावित भएका छन् । यसमा सवैभन्दा कम कार्वन उत्सर्जन गर्ने जीवनशैली भएका आदिवासी जनजातिहरू नै यसको पहिलो शिकार हुन परेको तथ्य सार्वजनिक भैसकेको छ । नेपालमा पनि हिमालका नजिक, खोलानदी र वनजंङ्गलको छेउछाउमा वसोवास गर्ने आदिवासी जनजातिहरूलाई प्रत्यक्ष रूपमा यसको प्रतिकूल प्रभाव परेको छ । आदिवासी जनजातिहरूले युगौंदेखि अभ्यास गर्दै आएका प्रथाजनित कानून र परम्पराले वनजंङ्गल र अन्य प्राकृतिक श्रोतहरूको दिगो संरक्षण र व्यवस्थापनका साथै जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्नमा समेत ठूलो योगदान पुऱ्याउँदै आएको छ ।

यसै सन्दर्भमा, जलवायु परिवर्तन सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भैरहेका विभिन्न सम्मेलन, छलफल र वार्ताहरूमा सक्रिय सहभागी भै आदिवासी जनजातिहरूले आफ्नो अधिकारको सुनिश्चितता गर्न महत्वपुर्ण भूमिका खेल्न सक्नुपर्दछ । यसका लागि आदिवासी जनजाति समुदायका अगुवा र वार्ताकारहरूले प्रभावकारी रूपमा जनवकालत र पैरवी गर्न सक्नुपर्दछ ।

अन्तर्राष्ट्रिय स्तरका विभिन्न सम्मेलन र वार्ताहरूमा आदिवासी जनजातिहरू सक्रिय सहभागी भै आइएलओ १६९ र युएनड्रिपले प्रत्याभुत गरेका आदिवासी जनजातिहरूका अधिकार सुनिश्चित गराउन भूमिका निर्वाह गर्दै आएका छन् । निर्णय प्रक्रियामा आदिवासी जनजातिहरूको पूर्ण र प्रभावकारी सहभागिता, भूमि, भू-भाग र श्रोतहरूमाथिको सामूहिक अधिकार र स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफपिक) को सुनिश्चितता गरिनुपर्ने कुरामा जोड दिदैं आएका छन् । कानकुन सम्झौताले यसमध्ये केही मागहरू संवोधन गरेको पाईन्छ । यस सम्झौताले आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, उनीहरूका अधिकारको सम्मान र पूर्ण र प्रभावकारी सहभागीताको सुनिश्चितता हुनुपर्नेमा जोड दिएको छ ।

आदिवासी जनजातिका अधिकारलाई कानूनी रूपमा सुनिश्चित गराउनका लागि सम्बन्धित देशका सरकार, नीतिनिर्माता, सरकारी पदाधिकारी र अन्य सरोकारवालाहरूसँग वकालत र पैरवी गर्नुपर्ने हुन्छ । यसका लागि आदिवासी जनजातिहरूको क्षमता र सीपको विकास हुन अति आवश्यक हुन्छ । यसै कुरालाई मध्यनजर गरी एआइपिपिले अंग्रेजीमा तयार गरेको Advocacy, Lobbying and Negotiation Skills for Indigenous Peoples in Climate Change and REDD+ नामक तालिम निर्देशिकालाई नेपालीमा उल्था र स्थानीयकरण गरी प्रकाशनमा ल्याइएको हो ।

नेपालमा आरपिपि कार्यान्वयन गर्ने क्रममा सरकारले २०१५ भित्रमा रेडको लागि आधारभूत गतिविधीहरू कार्यान्वयन गरिसक्ने र यससंग सम्वन्धित राष्ट्रिय रेड रणनीति र अन्य सामाजिक तथा वातावरणीय सुरक्षाका मापदण्डहरू तयार गरिसक्ने भएको छ । नेपालमा जलवायु परिवर्तन र रेडप्लस सम्वन्धी बन्न गइरहेको राष्ट्रिय नीति, रणनीति र कार्यक्रमहरूमा आदिवासी जनजातिहरूको अधिकारलाई सुनिश्चित गराउन आदिवासी जनजाति अगुवाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने समय आएको छ । यसका लागि आदिवासी जनजाति अगुवाहरूले सम्वन्धित सरकारी निकायका पदाधिकारी, विधायक, कानूनवीद, नीति निर्माता र अन्य सरोकारवालाहरूसँग प्रभावकारी रूपमा जनवकालत र पैरवी गर्नुपर्ने हुन्छ । त्यसैले, यो तालिम निर्देशिकाले जलवायु परिवर्तन र रेडप्लस सम्बन्धी जनवकालत र पैरवीको लागि आदिवासी जनजाति अगुवाहरूको क्षमता अभिवृद्धि र सीप विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौं ।

त्यस्तै, नेपालमा जलवायु परिवर्तन र रेडप्लस सम्वन्धी बन्ने राष्ट्रिय रणनीतिमा आइएलओ १६९ र युएनड्रिपले प्रत्याभूत गरेका आदिवासी जनजातिहरूको अधिकारलाई सुनिश्चित गराउनमा समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास छ ।

यो तालिम निर्देशिकालाई अंग्रेजीमा तयार पार्ने एशियाली आदिवासीहरूको साझा मञ्च (एआइपिपि) लाई धन्यवाद दिन चाहन्छौं । त्यसैगरी तालिम निर्देशिकालाई नेपालीमा अनुवाद गर्नुहुने सोमबहादुर धिमाल र निर्देशिकालाई स्थानीयकरण र सम्पादन गर्ने कामको जिम्मेबारी लिई यसलाई मूर्त रूप दिनमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने डा. पासाङ शेर्पालाई विशेष धन्यवाद दिन चाहन्छौं ।

त्यसैगरी प्रकाशनको लागि आर्थिक सहयोग गर्ने नर्वेजियन सहयोग नियोग (नोराड) र डेनिस अन्तर्राष्ट्रिय सहयोग नियोग (डेनिडा) लाई पनि धन्यवाद दिन चाहन्छौं ।

त्यस्तै, नेपाल आदिवासी जनजाति महासंघ, जलवायु परिवर्तन साझेदारी कार्यक्रमका सम्पूर्ण कर्मचारीहरूलाई पनि यो निर्देशिका प्रकाशनमा सहयोग पुऱ्याएकोमा धन्यवाद दिन चाहन्छौं ।

**नगेन्द्रकुमार कुमाल**
अध्यक्ष
नेपाल आदिवासी जनजाति महासंघ

**पासाङ डोल्मा शेर्पा**
राष्ट्रिय संयोजक
जलवायु परिवर्तन साझेदारी कार्यक्रम

# शब्द संक्षेप

| | |
|---|---|
| अमन | इन्डोनेसियाली आदिवासी जनजातिको सञ्जाल |
| आइआइपिएफसिसि | जलवायु परिवर्तन सम्बन्धी आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय मञ्च |
| आइएलओ | अन्तर्राष्ट्रिय श्रम संगठनक |
| इग्गिया | आदिवासी जनजातिका सम्बन्धमा अन्तर्राष्ट्रिय कार्य समूह |
| एआइपिपि | एशियाली आदिवासीहरूको साझा मञ्च |
| एफ्सीपिएफ | वन कार्बन साझेदारी सुविधा |
| एफ्पीक | स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी |
| एफसिपिएफ | वन कार्बन साझेदारी सुविधा |
| एडिबी | एशियाली विकास बैंक |
| कोप | पक्ष राष्ट्रहरूको सम्मेलन |
| डेनिडा | डेनिस अन्तर्राष्ट्रिय सहयोग नियोग |
| नेफिन | नेपाल आदिवासी जनजाति महासंघ |
| नोराड | नर्वेजियन विकास सहयोग नियोग |
| युएनड्रिप | आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र |
| युएनएफसिसिसि | जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि |
| रेड | वन फँडानी र क्षयीकरणबाट हुने उत्सर्जनको कटौती |
| रेडप्लस | वन फँडानी र क्षयीकरणबाट हुने उत्सर्जनको कटौती, वन कार्बनको संरक्षण, वन कार्बन भण्डारण वृद्धि र वनको दिगो व्यवस्थापन |
| सीएसओ | नागरिक समाजका संगठन |

## विषयसूची

| | | |
|---|---|---|
| **मोड्युल १ :** | **जनवकालत र पैरवीको परिभाषा र क्षेत्र** | **९** |
| **सत्र १.१** | **जनवकालत र पैरवीमा युएनड्रिप र आइएलओ १६९** | **१०** |
| १.१.१ | जनवकालत र पैरवी भनेको के हो ? | ११ |
| १.१.२ | जनवकालत र पैरवीमा युएनड्रिप र आइएलओ १६९ किन महत्वपूर्ण छन् ? | ११ |
| **सत्र १.२** | **रेडप्लस प्रकृयामा जनवकालत र पैरवी किन आवश्यक छ ?** | **१७** |
| १.२.१ | रेडप्लसमा जनवकालत र पैरवी | १७ |
| १.२.२ | रेडप्लसको निर्णय प्रकृयामा आदिवासी जनजातिहरू कसरी सहभागी हुन सक्छन् ? | २२ |
| १.२.३ | जलवायु परिवर्तन र रेडप्लसका सम्बन्धमा जनवकालत गर्नका लागि कस्तो सूचनाको आवश्यकता पर्दछ ? | २४ |
| **मोड्युल २ :** | **जनवकालत र पैरवी अभियानका लागि योजना** | **२५** |
| **सत्र २.१** | **जनवकालत अभियान** | **२६** |
| २.१.१ | जनवकालत अभियान भनेको के हो ? यसका विशेषता अन्तर्गत के के पर्दछन् ? | २६ |
| २.१.२ | जनवकालत चक्र | २८ |
| २.१.३ | जनवकालत अभियानको प्रारम्भिक चरणका योजनामा के के पर्दछन् ? | २९ |
| २.१.४ | जनवकालतको कार्ययोजना निर्माण | ३८ |
| २.१.५ | कृयाकलापहरूको कार्यान्वयन | ३९ |
| २.१.६ | अनुगमन, मूल्यांकन र प्रतिक्रिया | ३९ |
| **सत्र २.२** | **जनवकालत अभियान योजनामा ध्यान दिनुपर्ने कुराहरू** | **४१** |
| **मोड्युल ३ :** | **जनवकालत अभियानका रणनीति, सीप र विधि** | **४४** |
| **सत्र ३.१** | **सन्देश/सूचना प्रवाह** | **४५** |
| ३.१.१ | सन्देश भनेको के हो ? | ४५ |
| ३.१.२ | सन्देशलाई प्रवाह गर्ने माध्यमहरू के के हुन् ? सञ्चार तथा अन्य माध्यमहरू | ४६ |
| ३.१.३ | सार्वजनिक स्थलमा भाषण दिएर | ४७ |

| | | |
|---|---|---|
| **सत्र ३.२.** | **मिडिया वकालत : जनसमुदायमा सन्देश प्रवाह** | **५१** |
| ३.२.१ | मिडिया किन प्रयोग गर्ने ? | ५१ |
| ३.२.२ | मिडियासँग काम गर्ने सामान्य अवधारणा | ५२ |
| ३.२.३ | सन्देश प्रवाहमा सञ्चार प्रविधिको उपयोग | ५३ |
| ३.२.४ | अन्तरवार्ता | ५३ |
| **सत्र ३.३** | **जनचेतना अभिवृद्धि तथा क्षमता विकास** | **५५** |
| ३.३.१ | जनवकालत र पैरवीका लागि आदिवासी जनजातिका संघसंस्थाहरूको सबलीकरण र समुदायमा जनचेतना कार्यक्रम | ५५ |
| ३.३.२ | आदिवासी जनजातिका संघसंस्थाहरूको सशक्तिकरण | ५६ |
| **सत्र ३.४** | **शक्ति एकीकरण : सञ्जाल तथा गठबन्धन निर्माणको महत्व** | **५६** |
| ३.४.१ | गठबन्धन निर्माण भनेको के हो ? | ५६ |
| ३.४.२ | सञ्जाल तथा गठबन्धनको निर्माण किन गर्ने ? | ५७ |
| ३.४.३ | आदिवासी जनजातिका अगुवा, संघसंस्था तथा समुदायले कोसँग सञ्जाल तथा गठबन्धन निर्माण गर्नुपर्दछ ? | ५७ |
| ३.४.४ | अनौपचारिक सञ्जाल | ५९ |
| ३.४.५ | तपाईले सहयोगीहरू बीचको सम्बन्ध र सञ्जाललाई कसरी निरन्तरता दिने ? | ६० |
| **सत्र ३.५** | **छलफलमा सहभागी : सरकारी निर्णय प्रक्रियामा सहभागी र पैरवी** | **६०** |
| ३.५.१ | सरकारी निर्णय प्रकृयामा सहभागी हुन किन आवश्यक छ ? | ६० |
| ३.५.२ | पैरवी भनेको के हो र कसरी गर्ने ? | ६० |
| **सत्र ३.६** | **जनपरिचालन/जनअभियान : राजनैतिक लचकता र शक्ति प्रदर्शन** | **६४** |
| **सन्दर्भ सामाग्री तथा थप अध्ययनका लागि सामाग्रीहरू** | | **६६** |

## मोड्युल : एक

# जनवकालत र पैरवीको परिभाषा र क्षेत्र

यस मोड्युलमा आदिवासी जनजाति सहभागीहरूलाई जनवकालत र पैरवीको अवधारणाको बारेमा जानकारी गराउनेछौं । छलफलका क्रममा आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (युएनड्रिप) र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलआ) महासन्धि नं. १६९ ले प्रत्याभूत गरेका आदिवासी जनजातिका अधिकार र यी अधिकारहरूलाई जनवकालत र पैरवी मार्फत कसरी दावी गरी सुनिश्चित गराउने भन्ने कुरामा जोड दिनेछौं ।

त्यस्तै, आदिवासी जनजातिहरूलाई रेडप्लस अवधारणा बुझ्न किन जरूरी छ, भन्ने सम्बन्धमा छलफल गर्नेछौं । रेडप्लसको सवालमा, विगतका दिनमा हामीले स्थानीय र राष्ट्रिय तहमा प्राप्त गरेका अनुभव र सिकाइका आधारमा छलफल गर्नेछौं । आदिवासी जनजातिहरूलाई रेडप्लस प्रकृयामा कसरी सक्रिय सहभागी गराउने भन्ने कुरामा समेत जोड दिनेछौं । यस क्रममा, रेडप्लससँग सम्बन्धित विभिन्न सरकारी निकायहरू र अन्तर्राष्ट्रिय निकायहरू (जस्तैः युएन रेड, विश्व बैंक), दातृ निकाय (जस्तै : विकास सहयोग नियोग (नोराड), डेनिस अन्तर्राष्ट्रिय सहयोग (डेनिडा), संयुक्त राष्ट्रसंघीय सहयोग नियोग(युएसएड), एशियाली विकास बैंक (एडिवी) जस्ता संस्थाहरूबाट आवश्यक सूचना र सहयोग लिई कसरी अगाडि बढ्ने भन्ने सम्बन्धमा छलफल गर्नेछौं ।

**उद्देश्य** : **यस मोड्युलको अन्त्यमा सहभागीहरूले**

- जनवकालत तथा पैरवीको परिभाषा र यसका क्षेत्रका बारेमा बुझ्न सक्नेछन्,
- जनवकालत र पैरवीमा युएनड्रिप र आइएलओ महासन्धि १६९ को महत्व बुझ्नेछन्,
- रेडप्लसको सवालमा जनवकालत र पैरवीको महत्व बुझ्नेछन् । रेडप्लसका विभिन्न निकाय/अंगहरू (स्थानीय र राष्ट्रिय तहका सरकारी निकायहरू, बहुसरोकारवाला निकायहरू र वित्तीय संस्थाहरूको पहिचान गरी यी निकायहरूसँग जनवकालत र पैरवी गर्नका लागि आवश्यक सूचनाहरूको बारेमा समेत जानकारी प्राप्त गर्न सक्षम हुनेछन् ।

**समयः ९ घण्टा (१ दिन)**

**सामाग्रीहरू**

- विभिन्न रंगका बोर्ड मार्कर
- मेटाकार्ड (पहेंलो, नीलो, हरियो र सेतो)
- फ्लिप चार्ट
- मास्किङ टेप, स्केल
- आवश्यकता अनुसार ल्यापटप, एलसिडी, टिभी, डिभिडी प्लेयर
- एशियाली आदिवासीहरूको साझा मञ्च (एआइपिपि) द्वारा तयार पारिएको युएनड्रिप सम्बन्धी भिडियो
- एआइपिपि द्वारा तयार पारिएका भिडियो "Our Forest, Our Life" को नेपालीमा अनुवादित "हाम्रो जंगल ! हाम्रो जीवन !" भिडियो
- एआइपिपिले तयार पारेको आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र सम्बन्धी पोष्टरहरू
- नेपाल आदिवासी जनजाति महासंघ, जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रमद्वारा तयार गरिएका विभिन्न भिडियो, वृत्तचित्र तथा प्रकाशन सामाग्रीहरू
- के हो वन फडानी तथा वनको विनासबाट हुने

कार्बन उत्सर्जनको कटौती (रेड) ?,
- जलवायु परिवर्तन र रेड सम्बन्धमा आदिवासी जनजातिका लागि प्रशिक्षण निर्देशिका
- जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा नेपाली आदिवासी जनजातिको दृष्टिकोण, जलवायु परिवर्तन तथा रेड सम्बन्धमा वन, भूमि र आदिवासी जनजातिको अधिकार,
- समुदायमा आधारित रेडप्लस प्रशिक्षक प्रशिक्षण निर्देशिका,
- समुदायमा आधारित रेडप्लस निर्देशिका,
- रेडप्लसमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी तालिम निर्देशिका,
- स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जरी कार्यान्वयनका लागि संयन्त्र निर्माण निर्देशिका,
- वनजंगल, प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा प्रथाजनित कानून तथा परम्पराको भूमिका,
- जलवायु परिवर्तन र रेडमा आदिवासी जनजातिको सरोकार सम्बन्धी सिडि, नेपालमा रेडप्लस, आदिवासी जनजातिको अनुभव र सिकाई सम्बन्धी सिडी आदि ।

## सत्र १.१ जनवकालत र पैरवीमा युएनड्रिप र आइएलओ १६९

**समय : ५ घण्टा ।**

**कृयाकलाप १ : जनवकालत र पैरवी**

क) प्रत्येक सहभागीहरूलाई पहेंलो र नीलो मेटाकार्ड बाँड्नुहोस । पहेलो रंग जनवकालतको लागि र नीलो रंग पैरवीको लागि प्रयोग गर्न लगाउनुहोस् ।

ख) प्रत्येक सहभागीहरूलाई मार्कर वितरण गर्नुहोस् ।

ग) प्रत्येक सहभागीहरूलाई जनवकालतको बारेमा सोच्न लगाई यस सम्बन्धी २/२ वटा मुख्य शब्दहरू (key words) लेख्न लगाउनुहोस् ।

घ) मेटाकार्डलाई संकलन गरी नीलो जति एकातिर र पहेंलो जति अर्कोतिर सबैले देख्ने स्थानमा टाँस्नुहोस् ।

ङ) मेटाकार्डमा लेखिएका बुँदाहरूको आधारमा निष्कर्ष वा सारांश भनिदिनुहोस् ।

## सहजकर्ता/ प्रशिक्षकलाई सुझाव तथा निर्देशन

१. यस मोड्युलमा, सहजकर्ताले सहभागीहरूलाई जनवकालत र पैरवीको परिभाषा र पैरवीमा जनवकालतको भूमिका बुझाउनु पर्दछ । सहभागीहरूलाई जनवकालत र पैरवीको सवालमा कुनै पनि दुविधा हुन नदिई स्पष्ट पार्नुपर्दछ । यस निर्देशिकाको मुख्य उद्देश्य जनवकालतको लक्ष्य प्राप्तिमा पैरवीलाई प्रभावकारी साधन तथा कृयाकलापको रूपमा लिनु पर्नेमा जोड दिनु पर्दछ । अन्य कृयाकलापहरूले पनि जनवकालतलाई थप प्रभावकारी र रचनात्मक बनाउने कुरा स्पष्ट पार्नु पर्दछ । साथै यस सम्बन्धी मोड्युल २ मा पनि छलफल गरिने र त्यसबेला सम्ममा सहभागीहरूले जनवकालत र पैरवीको अवधारणा र महत्व बुझिसकेका हुनाले सजिलो हुनेछ ।

२. यस मोड्युलमा आवश्यक पर्ने सामाग्रीहरू स्थानीय समुदायमा सजिलै पाउन सकिने वस्तुहरूलाई प्रयोग गर्नुहोस् । यदि विजुलीबत्ती उपलब्ध भएको खण्डमा एआइपिपिले तयार गरेको "युएनड्रिप र हाम्रो जंगल हाम्रो जीवन" भिडियो देखाउनुहोस् । जुन शिक्षाको लागि प्रभावकारी औजार हुनाका साथै सामान्य तरिकाले सजिलै बुझ्न सकिन्छ । यदि विजुलीबत्ती उपलब्ध नभएको खण्डमा एआइपिपि, इग्विया र नेपाल आदिवासी जनजाति महासंघको जलवायु परिवर्तन र रेड कार्यक्रमले प्रकाशित गरेका विभिन्न पोष्टरहरूको प्रयोग गर्न सक्नुहुन्छ । जस्तै : युएनड्रिप र एफ्पीक सम्बन्धी पोष्टरहरू ।

सूचनामूलक पोष्टरहरूलाई कार्यक्रमस्थल, बैंठक वा छलफल गर्ने कोठाका भित्ताहरूमा टाँस्दा सहभागीहरूले सजिलै पढ्न सक्नेछन् । स्थानीय भाषामा प्रकाशित सामाग्रीहरूलाई पनि सहयोगी सामाग्रीको रूपमा प्रयोग गर्न सक्नुहुनेछ ।

३. सत्रको बीचमा सहभागीहरूको बीचमा परिचय कार्यक्रम राख्नाले जीवन्त सम्बन्ध स्थापित गर्नमा मद्दत गर्नेछ ।

४. आदिवासी जनजाति महिला सहभागीहरूलाई उहाँहरूको अनुभव तथा विचारहरू राख्ने अवसरको सुनिश्चितता गर्नु पर्दछ ।

### १.१.१ जनवकालत र पैरवी भनेको के हो ?

जनवकालत प्रभावकारी रूपमा कुनै पनि सवाल तथा आवाजलाई बुलन्द गरी अरूलाई प्रभाव पार्ने प्रकृया हो । जनवकालत सर्वसाधारण जनता, आदिवासी जनजाति, सरकार, नीति निर्माता, निर्णयकर्ता, कानुन निर्माता संघसंस्थाहरू र अन्य सरोकारवालाहरू माफ जनचेतना अभिवृद्धि गरी आदिवासी जनजाति समुदायमा प्रभाव पार्ने कुनै पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय, सरकारी, अर्धसरकारी तथा गैर सरकारी संघ संस्थाको नीति, रणनीति, योजना र कार्यक्रम आदिमा परिवर्तन ल्याई उनीहरूका सवाल र मुद्दाहरूलाई कानूनी र नीतिगत रूपमा संशोधन गराउने प्रकृया हो ।

जनवकालत परिणाम नभै एक महत्वपूर्ण प्रकृया हो । यो साध्य भन्दा पनि साधन मात्र हो । जनवकालत सीमान्तीकृत समूह र समुदायलाई सशक्तिकरण गराउन सहयोग पुऱ्याई उनीहरूलाई राज्यको नीति निर्माण र कार्यान्वयन तहमा पहुँच पुऱ्याउने प्रकृया हो । यो प्रकृया मार्फत आदिवासी जनजाति समुदायको चाहना अनुरूप उपयुक्त कानून, नीति, कार्यक्रम र परियोजना तर्जुमा हुनसक्छ ।

पैरवी जनवकालतको अर्को पाटो हो । यस मोड्युलमा जनवकालतको उद्देश्य प्राप्तिका लागि पैरवीलाई एउटा मुख्य कृयाकलापको रूपमा लिइएको छ ।

पैरवी सरकार, योजनाकार, कानुन निर्माता र निजी कम्पनीहरूलाई प्रभावित पार्न गरिन्छ । पैरवीद्वारा विद्यमान नीति, कार्यक्रम तथा कानूनको परिमार्जन गर्न वा नयाँ नीति र कानूनको निर्माण गरी आदिवासी जनजाति समुदायलाई नकारात्मक प्रभाव पार्नबाट जोगाउन सहयोग पुऱ्याउँदछ । सामान्य भाषामा पैरवीले नीति निर्माताहरूलाई कुनै पनि सवाल, नीति तथा कार्यक्रमको पक्ष वा विपक्षमा लाग्न प्रेरित गर्दछ । स्पष्ट रूपमा पैरवीले सीमान्तीकृत, लोपोन्मुख, अधिकारबाट बञ्चित आदिवासी जनजातिहरूको अधिकारको रक्षा र सुनिश्चित गराउने कार्यलाई जनाउँदछ । यसले उनीहरूको सवाल र अधिकारलाई सुनिश्चित गराउने प्रकृयाका पक्षमा उभिन सहयोग पुऱ्याउँदछ ।

**नोट** : पैरवीलाई जनवकालतको मुख्य कृयाकलापको रूपमा लिइन्छ । यो जनवकालतको एउटा महत्वपूर्ण गतिविधि हो । जब हामी पैरवी गर्दछौ तब यसले नीति निर्माता र योजनाकारहरूलाई हाम्रो सवाल र मुद्दाका पक्षमा समर्थन गर्न प्रोत्साहन गर्दछ ।

### १.१.२ जनवकालत र पैरवीमा युएनड्रिप र आइएलओ १६९ किन महत्वपूर्ण छन् ?

**कृयाकलाप २ : युएनड्रिप सम्बन्धी जानकारी**

क. एआइपिपिले तयार पारेको युएनड्रिप सम्बन्धी भिडियो देखाउनुहोस् ।
ख. भिडियो हेरिसकेपछि सहभागीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् ।



बहुसरोकारवालाहरूको बैठकमा आइएलओ नं. १६९ र युएनड्रिपको महत्वको सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्दै नेफिन अध्यक्ष नगेन्द्रकुमार कुमाल ।

- आदिवासी जनजातिहरूले आफ्नो अधिकारको दावी गर्न किन आवश्यक छ ?
- जनवकालत र पैरवीमा युएनड्रिप र आइएलओ १६९ को किन महत्व हुन्छ ?

ग. छलफलका क्रममा आएका बुँदाहरूको सारांश सबैलाई जानकारी गराउनुहोस् । थप छलफलका लागि एआइपिपिले प्रकाशन गरेका पोष्टरहरूलाई प्रयोग गरी युएनड्रिप सम्बन्धमा छलफल गराउन सक्नुहुन्छ ।

**जनवकालत र पैरवी गर्दा आदिवासी जनजातिहरूको अधिकारलाई केन्द्रविन्दुमा राखी वहस थाल्नु आवश्यक छ ।**

अधिकारमुखी विकास अवधारणाले हामीलाई गरिवी र सीमान्तिकरणका लक्षण केलाउन मात्र नभई यसको मुख्य कारण पत्ता लगाउन समेत मद्दत गर्दछ ।

विश्वमा भएका लगभग ३७ करोड (३७० मिलियन) आदिवासी जनजातिहरू सबैभन्दा गरीब र सीमान्तीकृत समूहमा पर्दछन् । एशिया महादेशलाई त दुई तिहाई आदिवासी जनजातिको घरको रूपमा चिनिन्छ । अन्य देश तथा क्षेत्रहरूमा बसोबास गर्ने आदिवासी जनजाति दाजुभाइ तथा दिदीबहिनी जस्तै एशियामा बसोबास गर्ने आदिवासी जनजातिहरू पनि आर्थिक रूपमा र अन्य विकासका गतिविधिहरूमा पछाडि परेका छन् । एशियाका आदिवासी जनजातिहरू  गरीबी, अशिक्षा र कुपोषणबाट बढी पीडित छन् । साँस्कृतिक, आर्थिक तथा राजनैतिक रूपले सीमान्तीकृत भएका कारण उनीहरू व्यक्तिगत तथा सामूहिक अधिकारहरूबाट पनि वञ्चित भएका छन् । एशियाका धेरै आदिवासी जनजातिहरू जाति व्यवस्था र सामाजिक भेदभावले ग्रसित छन् । विकासको नाममा राज्यले सञ्चालन गरेका उद्योग, कलकारखाना र परियोजनाहरूले "आदिवासी जनजातिहरूका भूमि र भू-भाग, स्रोतमाथिको सामूहिक अधिकारको हनन् भएको इतिहास छ । सैनिकीकरण, स्रोतसाधनको हरण, बाध्यात्मक पुनर्स्थापना र साँस्कृतिक विनाश जस्ता घटना तथा गतिविधिहरू आदिवासी जनजातिहरूले दैनिक जीवनमा भोग्दै आएका साझा समस्याहरू  हुन् ।

आदिवासी जनजातिहरूका विकासको लक्ष्य भनेकै व्यक्तिगत र सामूहिक समृद्धिमा जोड दिई समुदायलाई अधिकार सम्पन्न पार्नु हो । आदिवासी जनजातिहरूको विकासले व्यक्तिगत तथा सामूहिक अधिकारको सवालको सम्मान, सम्बोधन र संरक्षण गर्नुसँग सम्बन्धित हुन्छ । आदिवासी जनजाति समुदायको भूमि, भू-भाग र प्राकृतिक स्रोतसाधनमाथिको अधिकार उनीहरूको आधारभूत अधिकार हुन् । यसले आदिवासी जनजातिहरूको सामाजिक, साँस्कृतिक, आध्यात्मिक तथा राजनैतिक संस्थाहरूको विशिष्ट पहिचान र आत्मनिर्णयको अधिकार सहितको सामूहिक जीविकोपार्जन र विकाससँग सरोकार राख्दछ ।

आदिवासी जनजातिहरू माथिको भेदभावले केवल उनीहरूको व्यक्तिगत अधिकारको मात्र हनन नभई सामूहिक अधिकारको हनन हुने गर्दछ । त्यसैले, आदिवासी जनजातिहरूको लागि उपयुक्त अन्तर्राष्ट्रिय अधिकारहरू मध्ये मुख्यगरी युएनड्रिप र आइएलओ महासन्धि नं. १६९ नै हो । यी मानव अधिकारका दस्तावेजहरूले स्पष्ट रूपमा आदिवासी जनजातिहरूको सामूहिक आत्मनिर्णयको अधिकारलाई स्पष्ट पारेका छन् ।

यसै परिप्रेक्षमा, अधिकारमुखी अवधारणाले आदिवासी



आदिवासी जनजातिका अगुवाहरू एफपिकका सम्बन्धमा छलफल गर्दै ।

जनजातिहरूको सवाल र मुद्दाहरूलाई सम्बोधन गर्न जनवकालत र पैरवीले खाका प्रदान गर्दछ । जनवकालत र पैरवीले आदिवासी जनजातिहरूको सशक्तिकरणका साथै उनीहरूका व्यक्तिगत र सामूहिक अधिकारको सुनिश्चितता गरी दिगो विकासमा टेवा पुऱ्याउन सहयोग गर्दछ ।

## युएनड्रिप : सार संक्षेप

**आत्मनिर्णयको अधिकार**

आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार हुन्छ । यसको अर्थ आदिवासी जनजातिहरूले राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक प्रणाली र विकासको बारेमा सामूहिक र स्वतन्त्र रूपले निर्णय लिन सक्दछन् । आदिवासी जनजातिहरूलाई उनीहरूका आफ्ना राजनैतिक, कानूनी, आर्थिक, सामाजिक तथा साँस्कृतिक संस्थाहरूको संरक्षण र प्रबर्द्धन गर्ने अधिकार छ । आदिवासी जनजातिहरूलाई उनीहरूको पहिचान तथा सदस्यता सम्बन्धी निर्धारण गर्ने अधिकार हुन्छ । उनीहरूको आफ्नै प्रकृया, प्रथा र परम्परा अनुसार संस्थागत संरचना र नेतृत्व छनौट गर्ने अधिकार हुन्छ ।

**भूमि, भूभाग र स्रोतमाथिको अधिकार**

आदिवासी जनजातिहरूलाई भूमि, भूभाग तथा स्रोतसाधन माथि अधिकार हुन्छ । राज्य पक्षले आदिवासी जनजातिहरूको भूमि व्यवस्थापन प्रणाली र परम्पराहरूलाई सम्मान गर्दै कानूनी मान्यता र संरक्षण दिनु पर्दछ । आदिवासी जनजातिहरूको भूमि, भूभाग र स्रोतसाधनसँगको विशिष्ट आध्यात्मिक सम्बन्धलाई कायम गरेर सवल बनाउने र भावी पिढीलाई हस्तान्तरण गर्ने अधिकार हुन्छ । राज्यले आदिवासी जनजातिहरूको भूमि, भूभाग तथा स्रोतसाधन माथिको विवाद समाधानको लागि आदिवासी जनजातिहरूसँग सहकार्य गरी खुल्ला तथा पारदर्शी प्रकृया मार्फत विवाद पहिचान र समाधान संयन्त्रको स्थापना र कार्यान्वयन गर्नु पर्दछ ।

**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफ्पीक)**

आदिवासी जनजातिहरूलाई निम्न विषयमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरीको अधिकार हुनेछ : क. आफ्नो भूमि र भूभागबाट बाध्यात्मक विस्थापन तथा पुनर्स्थापना गराउने कार्य भएमा, ख. सरकारबाट आदिवासी जनजातिहरूलाई प्रभाव पार्ने विद्यमान र नयाँ कानून, नियमहरू लागु गर्नु पर्दा, ग. कुनै पनि आदिवासी जनजातिहरूको भूमि तथा भूभागमा विकास योजनाहरू कार्यान्वयनको सिलसिलामा खानी, जल, अन्य प्राकृतिक स्रोतसाधनहरू उपयोग गर्दा, घ. कुनै पनि विषादी र खतराजन्य वस्तुहरूले आदिवासी जनजातिहरूको भूमि तथा भूभागमा भण्डारण वा फोहरमैला व्यवस्थापन स्थल निर्माण गर्दा, स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी भन्नाले आदिवासी जनजातिहरूले कुनै पनि परियोजनालाई कार्यान्वयन गर्न दिने या नदिने, कार्यान्वयनका लागि शर्त राख्ने, उनीहरूको सामूहिक निर्णय प्रकृयाका आधारमा निर्धारण गर्नुलाई जनाउँछ ।

**विकासको लागि अधिकार**

आदिवासी जनजातिहरूलाई उनीहरूको राजनैतिक, आर्थिक तथा सामाजिक प्रणाली तथा संस्थाहरूको विकास गर्ने र व्यवस्थापन गर्ने अधिकार हुन्छ । साथै, जीविकोपार्जन र विकास, परम्परागत गतिविधि, अन्य आर्थिक गतिविधिहरूमा स्वतन्त्ररूपले सहभागी हुने र संरक्षण गर्ने अधिकार पनि हुन्छ । त्यस्ता अधिकारबाट बञ्चितिमा परेकाहरूका लागि न्यायपूर्ण र निष्पक्ष उपचारको अधिकार हुन्छ । उनीहरूको लागि अधिकारको निर्धारण गर्ने, प्राथमिकीकरण गर्ने, रणनीति निर्माण गरी आफ्नो विकास गर्ने, स्वास्थ्य, आवास तथा अन्य आर्थिक र सामाजिक कार्यक्रमहरूमा सक्रिय सहभागी हुने, संभव भएसम्म आफ्नै संस्थाबाट शासन गर्ने सम्मको अधिकार हुन्छ । राज्यले आदिवासी जनजातिको आर्थिक तथा सामाजिक व्यवस्थामा सुधार ल्याउन विशेष व्यवस्था गर्नुपर्छ । यसक्रममा आदिवासी जनजाति समुदायका बूढापाका, महिला, युवा, बालबालिका

र अशक्तहरूको अधिकार र विशेष आवश्यकतालाई ध्यान दिनु पर्दछ । राज्यले आदिवासी जनजातिका बालबालिकाहरूको आर्थिक शोषण र अन्य सबै प्रकारका बालमजदुरबाट मुक्त गर्नका लागि विशेष उपायहरू अपनाउनुपर्छ ।

**संस्कृति तथा साँस्कृतिक सम्पदामाथिको अधिकार**

आदिवासी जनजातिहरू र व्यक्तिलाई आफ्नो संस्कृतिको बाध्यात्मक समायोजन वा विनाश हुनबाट जोगिने अधिकार छ । राज्यले संस्कृतिको बाध्यात्मक समायोजनलाई सम्बोधन गर्न प्रभावकारी संयन्त्रको निर्माण गरी संरक्षण गर्नुपर्दछ । आदिवासी जनजातिहरूलाई उनीहरूको आध्यात्मिक तथा धार्मिक परम्परा, रीतिरिवाज, चाडपर्वहरूको अभ्यास, विकास र हस्तान्तरण गर्ने अधिकार हुन्छ । चाडपर्वहरूमा प्रयोग गरिएका सामाग्री र मानव अस्तु प्रयोग र नियन्त्रण गर्ने अधिकार पनि हुन्छ । राज्यले सम्बन्धित आदिवासी जनजातिहरूसँग मिलेर संयन्त्र निर्माण गरी यस्ता विषयहरूमा आदिवासी जनजातिको पहुँच वा स्वदेश फर्काउन पाउने व्यवस्था गर्नुपर्दछ । आदिवासी जनजातिहरूको लागि उनीहरूको साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत साँस्कृतिक अभिव्यक्तिका साथै उनीहरूको आफ्ना विज्ञान, प्रविधि र संस्कृतिको संरक्षण, नियन्त्रण गर्ने र विकास गर्ने अधिकार हुन्छ । राज्यले यस्ता अधिकारहरूलाई मान्यता दिई संरक्षण गर्नुपर्दछ ।

**शिक्षामा अधिकार**

आदिवासी जनजातिहरूलाई आफ्ना शिक्षा पद्धति र शैक्षिक संस्थाहरू स्थापना गरी आफ्नै भाषा र विधिमा पढाउने अधिकार हुन्छ । उनीहरूलाई राज्यले प्रदान गर्ने सबै प्रकार र स्तरका शिक्षा हासिल गर्ने अधिकार पनि हुन्छ । राज्यले संभव भएसम्म आदिवासी जनजातिहरूकै संस्कृति तथा भाषामा शिक्षा हासिल गर्ने प्रभावकारी उपाय अपनाउनुपर्छ । आदिवासी जनजातिहरूको प्रतिष्ठा र साँस्कृतिक विविधता परम्परा, इतिहास तथा भावनालाई उपयुक्त रूपले सार्वजनिक तथा शैक्षिक गतिविधिहरूमा समेट्ने अधिकार हुन्छ । राज्यले पुर्वाग्रहीको विरूद्धमा लड्न, विभेद उन्मुलन गर्न, सहिष्णुताको विकास गर्न, आदिवासी जनजातिहरू र अन्य सम्पूर्ण समाजका तहतप्काका मानिसहरूका बीचमा सुमधुर सम्बन्ध कायम गर्न प्रभावकारी उपायहरू अपनाउनुपर्छ ।

**स्वास्थ्यमा अधिकार**

आदिवासी जनजातिहरूलाई उनीहरूको परम्परागत औषधी र औषधोपोचार पद्धतिलाई अपनाई कायम राख्ने अधिकार हुन्छ । साथै उनीहरूलाई शारीरिक र मानसिक स्वास्थ्योपचारको लागि उपयुक्त व्यवस्था हुनुपर्दछ । आदिवासी जनजातिहरू विषादी र खतराजन्य वस्तुहरूबाट प्रभावित हुने गर्दछ । त्यसको सम्बोधन गर्न उपयुक्त कार्यक्रम तय गर्नुपर्दछ । यस्ता कार्यक्रमहरू प्रभावित आदिवासी जनजातिबाट नै निर्माण गर्नुपर्दछ ।

## अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) महासन्धि नं. १६९ : सार संक्षेप

**आत्मनिर्णयको अधिकार**

सामाजिक तथा आर्थिक अधिकारहरू अन्तर्राष्ट्रिय श्रम संगठनको अधिकार क्षेत्र हुन् । आत्मनिर्णयको राजनीतिक अवधारणाको व्याख्या गर्नु यसको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएतापनि महासन्धिले आत्मनिर्णयको अधिकारमाथि कुनै सीमा वा बन्देज राखेको छैन् । आत्मनिर्णयको अधिकारलाई स्थापित गर्ने वा परिभाषित गर्ने गरी भविष्यमा निर्माण हुनसक्ने कुनै पनि अन्तर्राष्ट्रिय कानून अनुकुल छ । यो महासन्धिले स्वव्यवस्थापनको अधिकार र आदिवासी जनजातिहरूलाई आफ्नो प्राथमिकताहरू आफै निर्धारण गर्ने अधिकार प्रदान गरेको छ ।

**परामर्श**

आदिवासी जनजातिहरूको जीवनमा प्रत्यक्ष असर गर्ने वा पार्न सक्ने उपायहरूको बारेमा निर्णय गरिँदा वा त्यसलाई कार्यान्वयन गरिँदा उनीहरूले ती उपायहरू कसरी, कहाँ र किन लागु पर्नु पर्दछ त्यसका बारेमा आफ्ना कुरा भन्न अत्यन्तै थोरै मात्रामा पाउँछन् वा आफ्ना कुरा राख्नै पाउँदैनन् जुन उनीहरूले भोग्ने एउटा प्रमुख समस्या हो । महासन्धिले आदिवासी जनजातिहरूसँग परामर्श गरिनुपर्ने अधिकारलाई केन्द्रविन्दुमा ल्याइदिएको छ । आदिवासी जनजाति समूहहरूलाई प्रत्यक्ष असर पार्नसक्ने कुनै पनि उपायहरूका बारेमा अन्वेषण वा अनुसन्धान गरिँदा, त्यसबारे योजना बनाइँदा वा त्यसलाई कार्यान्वयन गरिँदा यो परामर्श गरिनु पर्दछ । यी उपायहरूमा निम्न लिखित विषयहरू समावेश छन् :

- राष्ट्रिय संविधानको संशोधन
- नयाँ कृषिसम्बन्धी कानूनहरू
- भूमि अधिकार सम्बन्धी कानूनहरू वा भूमिमाथिको अधिकारको कागजपत्र प्राप्त गर्ने प्रक्रियाहरू
- राष्ट्रिय शैक्षिक वा स्वास्थ्य कार्यक्रम तथा सेवाहरू
- आदिवासी जनजाति समूहलाई असर पार्ने सार्वजनिक नीतिहरू यसैले कुनै पनि आदिवासी जनजातिहरूलाई प्रत्यक्ष असर पार्ने कानूनहरू वा प्रशासनिक प्रावधानहरूलाई लागु गर्दा सरकारहरूले ती समूहहरूसँग छलफल गर्नुपर्दछ ।

**सहभागिता**

आफ्नो विकासको गति तथा सीमालाई नियन्त्रण गर्न आदिवासी जनजातिहरू त्यससँग सम्बन्धित सबै प्रकारका प्रक्रियाहरूमा पूर्णरूपमा संलग्न हुनुपर्दछ । कुनै पनि पहल चाहे त्यो नीति निर्माणको प्रक्रियामा होस् वा परियोजना वा कार्यक्रमको कार्यान्वयनमा होस्, त्यसमा उनीहरू शुरूदेखि अन्त्यसम्म सहभागी भएमात्र उनीहरू त्यसप्रति जिम्मेबारी हुन सक्दछन् । त्यस्तो भएमात्र उनीहरू आफ्नो सामाजिक तथा आर्थिक आत्मनिर्भरताको अवस्था निर्माण गर्न सक्रियरूपमा सहभागी हुन सक्दछन् ।

**सहभागीका तत्वहरू**

- आदिवासी जनजातिहरूलाई कुनै पनि परियोजना, नीति वा कार्यक्रमको प्रत्येक चरणमा संलग्न हुने अधिकार रहेको छ ।
- कुनैपनि नीति, कार्यक्रम वा परियोजनाको तर्जुमादेखि त्यसको कार्यान्वयन तथा मूल्यांकन सबै चरणमा सहभागिता गर्न दिइनु पर्दछ ।
- आदिवासी जनजातिहरू निर्णय प्रक्रियाका स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय सबै तहहरूमा सहभागी हुन्छन् । यस अन्तर्गत राजनीतिकरूपले निर्वाचित निकायहरूका सबै राष्ट्रिय एवं स्थानीय प्रशासनिक निकायहरू पर्दछन् ।
- आदिवासी जनजातिहरूको आफ्नै परम्परागत वा प्रतिनिधिमूलक निकायमार्फत सहभागी हुन्छन् । उनीहरूले स्वीकार गरेको अवस्थाबाहेक यस्तो सहभागिता सुमदाय बाहिरबाट थोपरिएका संरचनाहरू मार्फत गर्न पाइँदैन् ।

**प्रथा तथा परम्पराहरू**

अधिकांश आदिवासी जनजातिहरूको जीवनमा उनीहरूका प्रथा तथा परम्पराहरूले केन्द्रीय भूमिका खेलेको हुन्छ । ती प्रथा तथा परम्पराहरू आदिवासी जनजातिहरूको संस्कृति र पहिचानको निमित्त अविभाज्य रहेका छन् । तिनीहरू अन्य राष्ट्रिय समुदायहरूको प्रथा तथा परम्पराहरू भन्दा फरक छन् । यस्ता पुस्तौंदेखि हस्तान्तरण भएका प्रथा र परम्पराहरूमा पितृपूजा, धार्मिक वा आध्यात्मिक कार्यक्रमहरू, मौखिक परम्परा तथा रीतिरिवाजहरू पर्दछन् । आदिवासी जनजातिहरूका परम्परागत संगीत तथा नृत्यहरू पनि उनीहरूका छुट्टै सांस्कृतिक पहिचानका महत्वपूर्ण अभिव्यक्तिहरू हुन् । यसका अलावा आदिवासी जनजातिहरूले बोल्ने भाषाहरू मौखिक तथा लिखित दुवै रूपमा अन्य समुदायहरूको भन्दा प्रायजसो फरक हुन्छन् । कतिपय यी भाषाहरू मौखिक इतिहास तथा परम्पराहरूलाई जीवित राख्ने अपरिहार्य माध्यमका रूपमा रहेका छन् ।

ती भाषाहरू आदिवासी जनजातिहरूको मूल तथा पहिचानका लागि आधारभूत तत्वहरू हुन् ।

**प्रथाजनित कानून**

महासन्धिले आदिवासी जनजातिहरूको आफ्नै परम्परा तथा प्रथाजनित कानून प्रयोग गर्न पाउने अधिकारलाई मान्यता दिएको छ । महासन्धिले राष्ट्रिय कानूनहरू लागु गर्दा यी परम्परा तथा परम्परागत कानूनहरूलाई ध्यान दिइनु पर्दछ भनेर उल्लेख गरेको छ ।

**भूमिको अधिकार**

महासन्धिले आदिवासी जनजातिहरूले परम्परागतरूपमा बसोबास गरिरहेका क्षेत्रहरूमाथि उनीहरूको अधिकार हुन्छ भनेर स्पष्ट उल्लेख गरेको छ । आदिवासी जनजातिहरूको जीवनमा भूमिले खेल्ने महत्वपूर्ण भूमिकालाई मान्यता दिँदै महासन्धिले उनीहरूको भूमिसम्बन्धी अधिकारको संरक्षण गर्न विशेष उपायहरू अपनाउनु पर्ने व्यवस्था गरेको छ । यसमा निम्न तत्वहरू समावेश छन् :

- आदिवासी जनजातिहरूको भूमिसँगको विशेष सम्बन्धलाई सम्मान गर्नुपर्ने ।
- भूमिमाथिको परम्परागत, व्यक्तिगत तथा सामूहिक स्वामित्वलाई मान्यता दिइनुपर्ने ।
- आदिवासी जनजातिहरूको परम्परागत क्षेत्रहरूलाई पहिचान गर्नुपर्ने । आदिवासी जनजातिहरूको परम्परागत भूमिहरूलाई निम्न कार्यहरूबाट संरक्षण गर्नुपर्ने आवश्यकता रहन्छ :
- आदिवासी जनजातिहरूको परम्परागत क्षेत्रहरूमा सम्बन्धित अधिकारीहरूको अनुमतिविना आफ्नो व्यक्तिगत फाइदाका लागि प्रवेश गर्ने कार्य, उदाहरणको रूपमा ब्राजिलमा यानोमामी आदिवासीहरूको भूभागमा दर्ता नभएका सुन खानी संचालन गर्नेहरूको प्रवेश ।
- आदिवासी जनजातिहरूको भूमिलाई जालझेल वा अन्य बेइमानीपूर्ण तरिकाहरू अपनाई बाहिरबाट आएकाहरूले हडप्ने प्रयास गरेमा ।

**प्राकृतिक स्रोतहरू**

आदिवासी जनजातिहरू आफ्नो परम्परागत ज्ञानपद्धतिहरूका कारण आफ्नो भूमिमा रहेको प्राकृतिक स्रोतहरूको प्रयोग, व्यवस्थापन तथा संरक्षण गर्न सक्षम भएका छन् । महासन्धिले आदिवासी जनजाति समूहहरूलाई आफ्नो भूमिको प्राकृतिक स्रोतहरूमाथि अधिकार रहेको उल्लेख गरेको छ । यस अन्तर्गत निम्न लिखित कुराहरू पर्दछन् :

- स्रोतहरूको उपभोग, व्यवस्थापन तथा संरक्षणमा सहभागी हुने अधिकार,
- प्राकृतिक स्रोतहरूको अन्वेषण तथा दोहन गर्नुअघि परामर्शको अधिकार,
- अन्वेषण तथा दोहनबाट हुने असरहरूका बारेमा अध्ययनको अधिकार,
- प्राकृतिक स्रोतहरूको दोहन तथा उपभोगबाट हुने फाइदाहरू प्राप्त गर्ने अधिकार,
- यस्ता गतिविधिहरूले पार्ने क्षतिहरूका लागि सरकारबाट क्षतिपूर्ति पाउने अधिकार ।

**विस्थापित**

आदिवासी जनजातिहरूका लागि विस्थापित एउटा सम्वेदनशील विषय हो । उनीहरू विकास तथा प्रगतिका नाममा धेरैचोटी विस्थापित हुन पुगेका छन् । यो प्रायजसो खनिज उद्योग, बाटो तथा जलविधुत परियोजनाहरूको निर्माणबाट भएको छ । आफ्नो परम्परागत भूभागबाट विस्थापित हुनुले धेरैजसो आदिवासी जनजातिहरूको जीवनपद्धति, समृद्धि तथा सांस्कृतिक पहिचानमा गम्भीर नकारात्मक असर पार्दछ । महासन्धिले एउटा आधारभूत सिद्धान्तको रूपमा आदिवासी जनजातिहरूलाई उनीहरूको भूमिहरूबाट विस्थापन गरिने छैन् भनेर उल्लेख गरेको छ ।

**सहजकर्ता/प्रशिक्षकलाई निर्देशन**

युएनड्रिपको सम्बन्धमा सहभागीहरूलाई अभ्यास गराए जस्तै आइएलओ १६९ को सम्बन्धमा पनि विभिन्न प्रश्नहरू तयार गरी जनवकालत र पैरवीमा यसको महत्वका सम्बन्धमा क्रियाकलाप गराई प्रस्ट पारिदिनुहोस् ।

**सत्र : १.२ रेडप्लस प्रकृयामा जनवकालत र पैरवी किन आवश्यक छ ?**

**समय : ४ घण्टा**

**कृयाकलापः ३ रेडप्लस सम्बन्धमा पुनर्ताजगी : रेडप्लस भनेको के हो ?**

क. एआइपिपिले तयार गरेको "हाम्रो वन ! हाम्रो जीवन !" भिडियो देखाउनुहोस् ।

ख. भिडियो हेरिसकेपछि यसबाट के थाहा पाउनु भयो ? सहभागीहरूलाई प्रश्न सोध्दै छलफल चलाउनुहोस् ।

ग. छलफल गरिसकेपछि सहजकर्ताले रेडप्लस भनेको के हो भन्ने सवालमा निचोड निकाल्नुहोस । रेडप्लसको इतिहास, यस अवधारणाको विकासका सम्बन्धममा छोटकरीमा बताउनुहोस । यसका लागि "रेडप्लस के हो ? आदिवासी जनजाति समुदायलाई निर्देशिका" पुस्तकलाई सन्दर्भ सामाग्रीको रूपमा प्रयोग गर्नुहोस् ।

घ. सहजकर्ताले रेडप्लसको वर्तमान अवस्थाका बारेमा समेत बताउनुहोस् ।

## १.२.१ रेडप्लसमा जनवकालत र पैरवी

मेक्सिकोको कानकुन शहरमा सन् २०१० मा जलवायु परिवर्तन सम्बन्धी सम्पन्न सम्मेलनमा विश्वका प्रायः सबै देशहरूले जलवायु परिवर्तनलाई सम्बोधन गर्न सहमति जनाएका छन् । जसलाई जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि(युएनएफसिसिसि) भनिन्छ । अन्ततः यस महासन्धीले रेडप्लसलाई अनुमोदन गरी वनफडानी र क्षयीकरणलाई नियन्त्रण गरी जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने महत्वपूर्ण षडयन्त्रको रूपमा लिएको छ । त्यसपछि पक्ष राष्ट्रहरूबीच कसरी रेडप्लसलाई लागु गर्ने भन्ने विषयमा विस्तारै वार्ताको शुरूवात भयो ।

पक्ष राष्ट्रहरू (सरकारको तर्फबाट युएनएफसिसिसिमा हस्ताक्षर गरेका राष्ट्रहरू)ले महासन्धिमा रेडप्लसले वातावरण, आदिवासी जनजाति र वनजंगल नजिक बसोबास गर्ने र वनजंगलमा आश्रित समुदायलाई कुनै पनि नकारात्मक प्रभाव पर्न नदिन सुरक्षाको उपाय अपनाउने सम्बन्धमा पनि सहमति भयो । यस अन्तर्गत सामाजिक तथा वातावरणीय सुरक्षालाई लिन सकिन्छ ।

आदिवासी जनजातिहरूले आफ्ना मागहरू पक्षराष्ट्रहरू समक्ष वार्ताका माध्यमबाट राख्न सफल भएका छन् ।




आइपिएफसिसिको अध्यक्षता गर्दै पासङ डोल्मा शेर्पा ।




कोप १९औं सम्मेलनमा प्रस्तुतीकरण गर्दै पासङ डोल्मा शेर्पा ।

यसका परिणामस्वरूप सामाजिक सुरक्षामा युएनड्रिप र आइएलओ १६९ ले प्रत्याभूत गरेका आदिवासी जनजातिका अधिकारलाई मान्यता दिने उल्लेख छ । आदिवासी जनजातिहरूका परम्परागत ज्ञानको कानूनी मान्यता र रेडप्लस प्रकृयामा उनीहरूको अर्थपूर्ण र प्रभावकारी सहभागिता हुनुपर्ने व्यवस्था छ ।

पक्षराष्ट्रहरूले रेडप्लस प्रकृयामा वनको अनुगमन तथा मूल्यांकन गर्ने संयन्त्र निर्माण गर्ने कुरामा सहमति जनाएका छन् । यसबाट रेडप्लसका गतिविधिहरू कसरी कार्यान्वयन भैरहेको छ भन्ने सम्बन्धमा अनुगमन र सूचना प्रयोग गर्न सक्दछ ।

साथै यी पक्षराष्ट्रहरूले सुरक्षा उपायको सूचना प्रगति तयार गर्ने कुरामा सहमति जनाएका छन् । राष्ट्रिय वन मूल्यांकन प्रणाली र  सुरक्षा उपायको सूचना प्रणाली तयार गरी रेडप्लस लागू भएका देशहरूमा राष्ट्रिय तहमा लागु गरिनेछ ।

युएनएफसिसिसिमा रेडप्लस कसरी लागु गर्ने भन्ने सम्बन्धमा सफलतापूर्वक भएका छलफल र वार्ताका नतिजा/परिणामलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- सन् २०११ मा जलवायु परिवर्तन सम्बन्धी दक्षिण अफ्रिकाको डर्बानमा सम्पन्न सम्मेलनमा रेडप्लसमा जाने देशहरूमा सुरक्षा उपायको कार्यान्वयन र प्रगति सम्बन्धमा  नियमित रूपमा प्रतिवेदन पठाउने, लक्षित वर्गसम्म कार्यक्रमहरू पुऱ्याउने कुरामा सहमत गरेका छन् । रेडप्लसका लागि सम्बोधन भएका आवश्यक सूचना, राष्ट्रको सुरक्षा उपायहरूको सूचना प्रणाली प्रतिवेदन युएनएफसिसिमा पठाउने समेत सहमति गरेका छन् ।
- सन् २०१२ मा दोहामा भएको सम्मेलनमार्फत विश्वका विभिन्न मुलुकहरूले राष्ट्रिय स्तरमा रेडप्लस कार्यान्वयनका सन्दर्भमा शर्त राखेका (रिजर्भेसन) छन् । त्यसै हुनाले धेरै सवालहरूमा सहमति हुन सकेन । यस अन्तर्गत प्राविधिक सवाल कार्वन उत्सर्जनको आधार विन्दु तोक्ने र सुरक्षा उपायका लागि सूचना प्रणाली स्थापना लगायतका कुराहरू पर्दछन् । पक्षराष्ट्रहरूबाट विभिन्न सवालहरू किन समाधान भएनन् भन्ने सम्बन्धमा विभिन्न कारणहरू उल्लेख गरेका छन् । केही राष्ट्रहरूले प्रतिवेदन बुझ्दा र रूजु गर्दा राष्ट्रको सार्वभौमिकता र राष्ट्रिय परिवेशमा आँच आउन सक्ने जनाएका छन् ।
- सन् २०१३ मा पोल्याण्डको वार्सोमा भएको पक्ष राष्ट्रहरूको १९औं सम्मेलनले रेडप्लस सम्बन्धी वार्सो खाका पास गऱ्यो । यस अन्तर्गत रेड सम्बन्धी आर्थिक पक्ष, सुरक्षा उपाय, वन अनुगमन प्रणाली, रेडको अनुगमन, प्रतिवेदन र पुष्टिकरण, वनबाट हुने कार्बन उत्सर्जनका आधार, वन फडानीको कारक तत्व र न्यूनीकरण सम्बन्धी निर्णयहरू पर्दछन् ।

रेडप्लसमा जान सहमत राष्ट्रहरूले राष्ट्रिय स्तरमा रेडप्लस कार्यक्रमलाई कार्यान्वयन तहमा अगाडि बढी सकेकाछन् तरपनि ती मुलुकहरूको अवस्था तरल देखिन्छ । रेडप्लसको तयारी चरणमा विभिन्न नीतिगत

र संयन्त्र स्थापनामा समस्या देखिएको छ । नीतिगत र संयन्त्रका कुराहरू रेडप्लसमा पूर्ण रूपमा कार्यान्वयनका लागि अति महत्वपूर्ण हुन्छ । उदाहरणको लागि मूल्यांकन सूचक र विधि तयार गर्ने, वनको सुशासनको लागि प्रस्तावना तयार गर्ने, स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरीलाई लागु गर्ने सम्बन्धमा छलफल चलाउने लगायतका कुराहरू शुरूको अवस्थामा पर्दछ ।

यसले आदिवासी जनजातिलाई राष्ट्रिय स्तरमा रेडप्लसको तयारी र लागु गर्ने सवालमा आफ्नो कुरा राख्ने अवसर पनि प्राप्त भएको छ । यस परिवेशमा राष्ट्रिय स्तरमा रेडप्लस लागु गर्ने सवालमा आदिवासी जनजातिहरू सक्रिय र प्रभावकारी रूपमा जनवकालत र पैरवीको काममा स्थानीय तथा राष्ट्रिय स्तरमा सहभागी भई रेडप्लसबाट फाइदा लिनु सक्नुपर्दछ ।

**कृयाकलाप ४**

**समूह कार्य : रेडप्लसमा आदिवासी जनजातिका सवाल र मुद्दाहरू**

क. सहभागीहरूको संख्या हेरी लैंगिक सन्तुलनका साथ ५ देखि ७ जनाको समूह विभाजन गर्नुहोस् । प्रत्येक समूहबाट समूहनेता र प्रतिवेदक छान्न लगाउनुहोस् ।

ख. सहभागीहरूलाई ३० मिनेटको समय दिई तलका प्रश्नहरूको उत्तर ब्राउन पेपरमा लेख्न लगाउनुहोस् ।

- रेडप्लसमा कुन कुन सवाल र मुद्दाहरू सम्बोधन होस भनि तपाई जनवकालत र पैरवी गर्न चाहनुहुन्छ ?
- यी सवाल र मुद्दाहरूलाई किन सम्बोधन गरिनु आवश्यक छ ?

ग. ३० मिनेटपछि प्रत्येक समूहलाई पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । प्रस्तुतिकरणका आधारमा तपाईले निचोडलाई बुँदागत रूपमा विभिन्न शीर्षक अनुसार राख्न सक्नुहुन्छ । जस्तैः शीर्षकहरू - अधिकार, लाभको निष्पक्ष र समतामूलक वितरण, सूचनामा पहुँच, पूर्ण तथा प्रभावकारी सहभागिता, सुरक्षा उपायको कार्यान्वयन आदि ।

घ. छलफलका निष्कर्षलाई तलको उदाहरणमा उल्लेख गरिए जस्तै गरी सारांश खिच्नुहोस् ।

हालको अवस्थामा आदिवासी जनजातिहरूलाई रेडप्लसले अवसर प्रदान गरेको छ । खास गरी स्थानीय र राष्ट्रिय स्तरमा जनवकालत र पैरवी मार्फत आदिवासी जनजातिहरूको सवाल र मुद्दाहरूलाई रेडप्लसमा सम्बोधन गरिनुपर्छ । सकेसम्म सम्बोधन गरिनुपर्ने उपाय तल उल्लेख गरिएको छ ।

**अधिकार (भूमि, भूभाग, स्रोत र परम्परागत जीविकोपार्जन)**

- आदिवासी जनजातिलाई अधिकारवालाको रूपमा राज्यले मान्यता प्रदान गर्नु पर्दछ ।
- समुदायमा आधारित वन संरक्षणलाई राज्यले मान्यता नदिने डर र सरकारले वनलाई तारबार लगाई प्रवेश गरेमा जरिवाना लगाउने अवधारणा अगाडि सार्ने कुरालाई समर्थन गर्न सक्छ । यसो गरेको खण्डमा आदिवासी जनजातिलाई प्रतिकुल असर पर्दछ । वन संरक्षणको नियम कडा रूपमा लागु हुँदा वनमा आधारित जीविकोपार्जन गर्ने आदिवासी जनजातिहरूलाई बञ्चितिमा पारिनेछ ।
- आदिवासी जनजाति तथा वनमा आश्रित समुदायलाई उनीहरूको वनमाथिका अधिकारबाट वञ्चितिमा पारिएको खण्डमा वन अतिक्रमणमा वृद्धि भई वन विनाशलाई बढावा मिल्दछ ।
- रेडप्लसमार्फत वनजंगलबाट प्राप्त हुने लाभ र संरक्षण वा कार्बन संचितिकरण गरेवापत रकम प्राप्त गर्ने वाहानामा सरकारी वन संरक्षित क्षेत्र वृद्धि हुन सक्छ । यो भन्दा अगाडि विश्वमा प्रचलित वन तथा वन भूमिको वर्गीकरण र यससँग सम्बन्धित नीतिले आदिवासी जनजातिहरूको वन तथा भूमिको दिगो संरक्षण र व्यवस्थापन सम्बन्धी प्रथाजनित कानून र अधिकारलाई इन्कार गरेको पाइन्छ ।
- वन संरक्षण गरेवापत दिइने रकमले पनि वनक्षेत्रमा वृद्धि हुनसक्छ । जबसम्म रेडप्लसले आदिवासी जनजाति समुदायको जमिनमाथिको प्रथाजनित अधिकारलाई संरक्षण र मान्यता प्रदान गर्दैन तबसम्म बसाइँसराइँ भइरहने र निजी कम्पनीहरूले वनको विनाश गरिरहनेछन् ।
- आदिवासी जनजाति समुदायबीचमा नै कलह/द्वन्द बढ्नेछ । रेडप्लस कार्यक्रमबाट आशातित आर्थिक र अन्य लाभका कारण समुदाय समुदायहरूबीच र स्थानीय जमिन्दारहरूको बीचमा समेत वनजंगल र जमिनको सीमानामा झगडा र विवाद बढ्न सक्छ ।
- परम्परागत भूमिव्यवस्थापन र जीविकोपार्जन

प्रणालीलाई थप निरूत्साहित गरी गैरकानूनी ठहराइनेछ । खोरिया खेती आदिवासी जनजातिहरूको मुख्य जीविकोपार्जन पद्धतिका साथै सभ्यताको सूचक भएतापनि यसलाई अन्य समुदायले नबुझेको अवस्था छ । जस्तैः फोरेस्टर, रेन्जर जस्ता राज्यको तर्फबाट वन व्यवस्थापन र संरक्षणका क्षेत्रमा कार्य गर्नेहरूले पनि यसलाई बुझ्न सकेको देखिंदैन् ।

- वन संरक्षणको नाममा एशिया महादेशका आदिवासी जनजातिहरूले परम्परागत रूपमा अपनाउँदै आएको खोरिया खेती प्रणाली हटाउने प्रयास भएको छ । जलवायु परिवर्तनको वहसले खोरिया खेतीलाई थप प्रतिबन्ध लगाउनु पर्ने तर्क पेश गरेका छन् । कतिपय देशहरूमा प्रत्येक वर्ष आदिवासी जनजाति कृषकहरूलाई खोरिया खेती गरेवापत सरकारले पक्राउ गरेका प्रशस्त उदाहरणहरू छन् । नेपालमा पनि कबुलियत वनका कारण चेपाङहरूको खोरिया खेतीमा प्रत्यक्ष प्रभाव परेको छ ।
- आदिवासी जनजातिहरूले अन्य किसिमको भूमिको प्रयोग, शिकार, चरणक्षेत्र, घाँसदाउरा संकलन, घर निर्माणको लागि काठ कटानीका साथै अन्य गैरकाष्ठ वनपैदावर संकलन गर्ने कामलाई रेडप्लस कार्यक्रम अन्तर्गत वन क्षयीकरणका कारक तत्वहरूका रूपमा लिएको पाइन्छ । रेडप्लसले वनविनाश र क्षयीकरण कम गर्ने सन्दर्भमा आदिवासी जनजातिलाई बढी प्रभाव पर्ने देखिन्छ । यसले एकातर्फ आदिवासी जनजातिहरूको जीवन पद्धति र जीविकोपार्जनलाई नकारात्मक असर पार्न सक्दछ ।
- विशेष गरी आदिवासी जनजाति महिलाहरूको वनको दिगो व्यवस्थापन र संरक्षणमा खेलेको भूमिका र त्यससँग सम्बन्धित परम्परागत ज्ञान र सीपलाई मान्यता प्रदान गर्न सकेको छैन ।

**संस्कृतिमैत्री सूचनामा पहुँच**

- रेडप्लसका धेरै देशहरूका आदिवासी जनजाति समुदायमा रेडप्लस सम्बन्धी सूचनामा ठूलो खाडल रहेको पाइन्छ ।
- आदिवासी जनजाति समुदायमा रेडप्लस सम्बन्धी जनचेतना अभिवृद्धि र सूचना प्रवाहमा कमी भएको




रेडप्लस प्रक्रियामा आदिवासी जनजातिको सहभागितासम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्दै वन तथा भूसंरक्षण मन्त्रालयका तत्कालीन सचिव डा. कृष्ण पौडेल ।



रेडप्लससम्बन्धी बैठकमा आफ्नो मन्तव्य व्यक्त गर्दै पासङ डोल्मा शेर्पा ।

पाइनुका साथै उनीहरूका अधिकार र मुद्दाहरूलाई रेडप्लसमा कसरी सम्बोधन गरिन्छ भन्ने सम्बन्धमा खासै जानकारी भएको पाइदैंन् ।

- आदिवासी जनजातिहरूको संस्कृति, मूल्य र मान्यतामा आँच नआउने किसिमको उपयुक्त सूचना प्रवाह गर्ने पद्धति र उनीहरूको मातृभाषामा पर्याप्त रूपमा सामाग्रीहरू प्रकाशन हुन सकेको छैन् ।

**लाभ/फाइदाको न्यायोचित बाँडफाँड**

- रेडप्लस कार्यक्रममा लाभ तथा फाइदाको असमान बाँडफाँड,
- लाभको बाँडफाँड प्रक्रियामा स्रोतमाथि कसको पहुँच हुने र कसले निर्णय लिने भन्ने सम्बन्धमा समानता नहुनु,
- भुक्तानी वा लाभ कसले पाउनुपर्छ ? व्यक्तिले पाउने या समुदायमा सामूहिक रूपले पाउनुपर्ने ?
- लाभको रूपमा रकम दिने कि अन्य किसिमको सेवा उपलब्ध गराउने ? यदि अन्य किसिमको सेवा वा सुविधा दिने हो भने यसको मर्मत सम्भार र आवश्यकीय मानवीय श्रोत दिने कि नदिने ? जस्तैः विद्यालय भवन, पुल, बाटोघाटो निर्माण आदि ।
- यदि रकम भुक्तानी दिएको खण्डमा आदिवासी जनजातिहरूका सामाजिक तथा साँस्कृतिक मूल्यमान्यतालाई वेवास्ता गर्ने हो कि ?
- भुक्तानी कहिले दिइनु पर्छ ?

## रेडप्लस प्रक्रियामा आदिवासी जनजातिहरूको पूर्ण र प्रभावकारी सहभागिता

- पारदर्शी र समावेशी ढंगले सूचना प्रवाह र परामर्शका साथै स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरीको सुनिश्चितता गरिनु पर्दछ ।
- रेडप्लससँग सम्बन्धित विभिन्न निकाय र संयन्त्रहरूमा आदिवासी जनजातिहरूका न्यून प्रतिनिधित्व हुनुका साथै यससँग सम्बन्धित स्थानीय, क्षेत्रीय र राष्ट्रिय तहका योजना र कार्यक्रमहरू निर्माण गर्दा समेत यिनीहरूको प्रतिनिधित्व न्यून भएको हुनाले रेडप्लस प्रक्रियामा आदिवासी जनजातिहरूको पूर्ण र प्रभावकारी सहभागिताको सुनिश्चित गरिनुपर्दछ ।
- आदिवासी जनजाति महिला तथा पुरूषको समान सहभागिताको सुनिश्चितता हुनु पर्दछ ।
- आदिवासी जनजातिहरूलाई स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय तहमा विशेष संयन्त्र निर्माण गरी सरोकारवालाका रूपमा मात्र नभई अधिकारवालाको रूपमा परामर्श गर्ने कुराको सुनिश्चितता गरिनु पर्दछ ।
- आदिवासी जनजातिहरूलाई राष्ट्रिय रेडप्लस रणनीति निर्माणका प्रत्येक चरण र प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिताको सुनिश्चितता गरिनु पर्दछ ।

**सामाजिक तथा वातावरणीय सुरक्षा उपायको कार्यान्वयन**

- आदिवासी जनजातिको भूस्वामित्वको अधिकारलाई

कानूनी रूपमा मान्यता नदिनु,
- स्रोतमाथिको पहुँचमा प्रतिबन्ध,
- पारदर्शी र प्रभावकारी सुशासनको अभाव,
- वनजंगलको संरक्षण र व्यवस्थापन गरेवापत फाइदाको असमान वितरण,
- आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता र सहमतिको अभाव ।

### १.२.२ रेडप्लसको निर्णय प्रकृयामा आदिवासी जनजातिहरू कसरी सहभागी हुन सक्छन् ?

**कृयाकलाप ५ : रेडप्लसको निर्णय प्रकृयामा सहभागी**

१. सहभागीहरूलाई यस सत्रमा रेडप्लस प्रकृयामा सामेल हुन किन आवश्यक छ ? कसरी हुने ? हाम्रो समुदाय र देशमा विद्यमान रेडप्लसका निकायहरू कुन कुन हुन ? भन्न लगाउनुहोस् ।
२. छलफलको निचोड निकाल्दै आफ्नो राय दिनुहोस् ।

जनवकालत प्रकृयामा रेडप्लससँग सम्बन्धित विभिन्न सरोकारवालाहरूको पहिचान गर्नुपर्दछ । यसका लागि हामीले निम्न कुराहरू पहिचान गर्न आवश्यक छ ।

- सम्बन्धित समूह वा संघसंस्थाहरू कुन कुन हुन् ?
- कुनै पनि समुदाय वा संघसंस्थाहरूको मुख्य सम्पर्क व्यक्ति को हुन् ?
- उनीहरूको विशिष्ट चाहना वा सवालहरू के छन् ?
- उनीहरूको रेडप्लस सम्बन्धमा आफ्नो धारणा र विचार के के छन् ?

जलवायु परिवर्तन र रेडप्लससँग सम्बन्धित आवश्यक सूचना संकलन र सरोकारवाला निकायहरूको पहिचान गरिसकेपछि मात्र आदिवासी जनजातिहरू रेडप्लस सम्बन्धी प्रकृयामा प्रभावकारी रूपमा सहभागी हुन सजिलो हुन्छ ।

रेडप्लसको बारेमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा विभिन्न निकायहरू कार्यरत छन् ।

राष्ट्रिय स्तरमा, रेडप्लस सम्बन्धी सरकारी निकाय गठन गरिएको हुन्छ । रेड फोरेष्ट्री तथा जलवायु परिवर्तन इकाई (रेड सेल) गठन भएको छ । यो इकाई नेपाल सरकारका तर्फबाट रेड सम्बन्धी दैनिक कार्य सञ्चालनका लागि वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत स्थापना गरिएको छ । यो इकाई नेपालमा रेडप्लसका लागि मुख्य कार्यकारी इकाईको रूपमा रहेको छ । त्यस्तै रेडप्लसको रणनीति निर्माण प्रक्रियामा आवश्यक परामर्श उपलब्ध गराउन र सल्लाहकारको रूपमा भूमिका निर्वाह गर्न रेड कार्य समूह (रेड वर्किङ ग्रुप) गठन भएको छ । यस कार्य समूहमा नेपाल आदिवासी जनजाति महासंघको पनि प्रतिनिधित्व रहेको छ । साथै नेपालमा युएन रेड र एफसिपिएफ जस्ता अन्तर्राष्ट्रिय निकायहरूले पनि काम गर्दै आएका छन् ।

स्थानीय स्तरमा रहेका विभिन्न निकायहरूको समेत पहिचान गर्नुपर्छ । ती संस्था तथा निकायहरू रेडप्लस कार्यका लागि स्थापना गरिएको हुन सक्दछ ।

**क्षेत्रीय तहमा**

- एशिया र प्रशान्त क्षेत्रीय संयन्त्र,
- एशियाली विकास बैंक ।

**अन्तर्राष्ट्रिय तहमा**

- संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी खाका महासन्धि (युएनएफसिसिसि), त्यसमा पनि मुख्य गरेर डर्बान प्लेटफर्म सम्बन्धी सहायक अंगहरू र तदर्थ कार्य समूह ।
- विश्व बैंकको वन कार्बन साझेदारी सुविधा र वन लगानी कार्यक्रम ।
- युएन रेड कार्यक्रम ।

**रेडप्लसका निकाय र संयन्त्रहरूमा सहभागिताका लागि सुझाव वा सहभागी हुने तरिका**

**राष्ट्रिय तहमा**

- समुदायस्तरका आदिवासी जनजातिहरूको संघसंस्थाहरूलाई रेडप्लस वा जलवायु परिवर्तनका विभिन्न निकायहरूका वैठकहरूमा निरन्तर रूपमा बोलाई सहभागी गराउन कहिलेकाही कठिन हुन पनि सक्दछ । तापनि, हामीले ती संस्थाहरूलाई प्रोत्साहन गर्नुपर्छ । साथै विभिन्न गैर-सरकारी संघसंस्थाहरू र अन्य आदिवासी जनजातिका संस्थाहरू, जसले पहिला देखि नै विभिन्न वैठकहरूमा भाग लिंदै आएका छन्, तिनीहरूको सहयोग लिनुपर्छ ।
- जिल्ला सदरमुकाम, क्षेत्रीय तह वा राजधानीमा बैठक र अन्य कार्यक्रम आयोजना गर्दा आवश्यक खर्चको प्रबन्ध र व्यवस्थापनको तयारी गर्नुपर्दछ । सहभागीहरूलाई खाने, बस्ने र यातायात खर्चको

सुनिश्चित गर्नुपर्दछ । खर्चका लागि आवश्यक पर्ने रकम जुटाउन विभिन्न संघसंस्था र रेडप्लस निकायहरूसँग सहयोग माग्न सकिन्छ ।

- रेडप्लस सम्बन्धी गोष्ठी वा संयन्त्रमा सहभागी हुनुभन्दा पहिला नै के विषयमा प्रस्तुति गर्ने हो त्यस बारेमा बुँदाहरू टिपोट गर्नुहोस् । जनवकालतमा कुन पक्षलाई जोड दिने भन्ने कुरामा राम्ररी तयार गरी प्रस्तुतिकरण गर्नुहोस् । संभव भएसम्म आफूले बोल्ने बुँदाहरू टिपोट गर्नुहोस् ।
- बैठक वा छलफलमा जानुभन्दा अगाडि बैंठकको बारेमा राम्ररी बुझ्नुहोस् । बैंठकमा सहभागी हुने रेडप्लस निकायका पदाधिकारी र अन्य सदस्यहरूको पद जिम्मेवारी र अधिकार क्षेत्र बुझ्नुहोस् । छलफलका प्रस्तावको प्रति लिनुहोस् र त्यसको आधारमा आफू तयार भई, कसरी प्रस्तुत हुने र के कुरामा जोड दिने भन्ने सम्बन्धमा स्पष्ट हुनुहोस् ।
- विभिन्न निकायका पदाधिकारी र आदिवासी जनजातिका सदस्यहरूबीचमा सञ्जाल निर्माण गर्नुपर्छ । जनवकालत अभियानलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायहरूसँग लामो समयसम्म निरन्तर पैरवी र सञ्जाल स्थापना गर्नुपर्छ । कुनै पनि छलफल वा बैंठकका सहभागीहरूलाई राम्रो प्रभाव पार्नुपर्छ, ताकि तपाईको सहभागिताले सार्थकता पाउन सकोस् ।

**अन्तर्राष्ट्रिय तहमा**

नोट : तलका सुझावहरू समुदाय तहको तालिममा हटाउन सकिन्छ ।

- सबैको सहभागिता गराउने काम खर्चिलो हुने भएकोले अनुदान/आर्थिक सहयोग महत्वपूर्ण हुन्छ ।
- युएनएफसिसिसि बैठकमा सहभागी हुनका लागि स्वीकृति प्राप्त गर्नुपर्छ । यसको लागि स्वीकृति प्राप्त आदिवासी जनजाति निकायहरूसँग अनुरोध गर्न सकिन्छ । जस्तै एशियाली आदिवासीहरूको साझा मञ्च(एआइपिपि), टेवटेवा र इग्विया आदि ।
- जलवायु परिवर्तन सम्बन्धी आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय मञ्चको बैंठकमा सहभागी हुनुहोस् । विभिन्न आदिवासी जनजाति संस्थाबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरू यस बैंठकमा सहभागी हुन्छन् । आदिवासी जनजातिको विभिन्न सवाल र मुद्दाहरूमा छलफल गर्ने र जलवायु परिवर्तनको बारेमा बुझ्ने यो महत्वपूर्ण थलो हो । यसै थलोमा आदिवासी जनजातिहरूले पैरवी गर्नुपर्ने सवालहरूको पहिचान र रणनीति निर्माणका साथै कुनै निश्चित क्षेत्रमा काम गर्नका लागि कार्यदल गठन गर्ने काम पनि गरिन्छ । उदाहरणको लागि रेड कार्य समूह, वित्तीय कार्य समूह र अनुकुलन आदि ।
- छलफलका विषयवस्तु र उपलब्ध गराइएका सामाग्रीहरू राम्रोसँग पढ्नुहोस् । प्रत्येक दिनको छलफलको विषयवस्तु तथा त्यससँग सम्बन्धित कागजपत्रहरू गहन रूपमा अध्ययन गरी आफू स्पष्ट हुनुहोस् ।
- छलफलमा सक्रिय रूपमा सहभागी भई विषयवस्तुलाई राम्रोसँग बुझ्नुहोस् । कहिलेकाही प्राविधिक विषयमा छलफल हुँदा बुझ्न कठिन पनि हुनसक्छ । यदि नबुझिएको खण्डमा आइआइपिएफसिसि अथवा अन्य सहभागी आदिवासी जनजाति मित्रहरूसँग परामर्श गर्नुहोस् । छलफल र वार्ताका क्रममा हामीले धैर्यता राख्नुपछ, किनभने कहिलेकाही छलफल अति लामो भई रातैभरी पनि बस्नुपर्ने हुनसक्छ । केही दस्तावेज र कागजपत्रहरू गैरसरकारी निकाय जस्तै थर्डवर्ल्ड नेटवर्कले तयार गरेका हुन्छन् । त्यसबाट पनि छलफलमा के के भैरहेको छ भन्ने सम्बन्धमा बुझ्न सकिन्छ ।
- सम्मेलनमा विभिन्न विषयमा फरक फरक ठाउँमा छलफलहरू भैरहेका हुन्छन् । ती छलफलहरूमा सहभागी हुनुहोस् । त्यस्तै कतिपय औपचारिक बैंठकहरू पनि भैरहेका हुन्छन् । यस्ता बैंठकहरू विभिन्न आदिवासी जनजातिका संस्था, गैर-सरकारी निकाय, सरकार अथवा युएनएफसिसिसिले गठन गर्ने गर्दछन् । सम्मेलनमा रेडप्लस सम्बन्धी धेरै चाखलाग्दो विषयहरूमा छलफल हुने गर्दछ । यसक्रममा रेडप्लसको विकासक्रम र गतिविधि सम्बन्धमा बुझ्न सजिलो हुने गर्दछ ।
- यसै अवसरमा तपाईले आफ्नो देशको सरकारी प्रतिनिधिहरूसँग सम्पर्क र पैरवी गर्नुपर्छ । आदिवासी जनजाति प्रतिनिधिहरूलाई युएनएफसिसिसि बैंठकमा सहभागी गराउन आवश्यक छ । यसले हामीलाई संसारका विभिन्न मुलुकका आदिवासी जनजातिहरूसँग भेटघाट गर्ने महत्वपूर्ण अवसर प्रदान गर्दछ । यसले आदिवासी जनजातिहरूले आफ्ना सवाल र मुद्दाहरूलाई पहिचान गर्ने, यस सम्बन्धमा छलफल गर्ने महत्वपूर्ण थलो प्रदान गर्दछ । यसले राष्ट्रिय स्तरमा व्यक्तिगत सम्बन्ध स्थापना गर्न र पैरवी गर्नमा समेत सहयोग पुग्दछ । त्यसैले छलफलमा सहभागीहरूको सम्पर्क ठेगाना लिन नबिर्सनुहोस् ।

### १.२.३ जलवायु परिवर्तन र रेडप्लसका सम्बन्धमा जनवकालत गर्नका लागि कस्तो सूचनाको आवश्यकता पर्दछ ?

**कृयाकलाप ६ : जलवायु परिवर्तन र रेडप्लससँग सम्बन्धित सूचनाहरू**

छलफलको प्रारम्भ प्रश्न सोधेर गर्नुहोस् । "जलवायु परिवर्तन र रेडप्लस सम्बन्धी जनवकालतको लागि कस्तो सूचनाको आवश्यकता पर्छ जस्तो लाग्छ ? किन ?"

- सहभागीहरूको जवाफ अनुसार सेतोपाटी/कालोपाटी वा ब्राउन कागजमा बुँदाहरू लेख्नुहोस् ।
- त्यसपछि तल उल्लेख गरे अनुसार छलफललाई अगाडि बढाउनुहोस् ।

हामीले जलवायु परिवर्तन र रेडप्लसको बारेमा जनवकालत गर्दा केही आधारभूत सूचनाहरू संकलन गर्नुपर्छ । जस्तै :

१. विद्यमान वन र भूमि सम्बन्धी ऐन, कानून, नीति, कार्यक्रमसम्बन्धी सूचनाहरूका साथै रेडप्लस र आदिवासी जनजाति सम्बन्धमा विभिन्न तहमा पाइने सूचनाहरू ।

- वन ऐन, भूमि सम्बन्धी ऐन र नियमावलीहरू ।
- राष्ट्रिय रेडप्लस रणनीति सम्बन्धी प्रतिवेदन र दस्तावेजहरू ।
- स्थानीय तथा राष्ट्रिय स्तरका रेडप्लसका निकायहरू ।
- सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी सूचना ।
- जनवकालत र पैरवीका लागि रेडप्लससँग सम्बन्धित मुख्य इकाई तथा निकायहरू ।
- रेडप्लस कार्यक्रमलाई सहयोग गर्ने वित्तीय तथा अन्य संघसंस्थाहरू ।
- हाम्रो देश वा समुदायमा रेडप्लस कार्यक्रम तथा परियोजनालाई सहयोग गरिरहेका सरकारी, गैरसरकारी संघसंस्था, दातृनिकाय र निजी संस्थाहरू ।

२. जलवायु परिवर्तन सम्बन्धी विद्यमान कानून, नीति, कार्यक्रम, प्रतिवेदन र परियोजनाहरू

- जलवायु परिवर्तन सम्बन्धी नेपालमा भएको प्रगति युएनएफसिसिसिमा प्रस्तुत प्रतिवेदन
- जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय कार्य योजना र अध्यादेश
- राष्ट्रिय र स्थानीय विपत्ति वा जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना
- राष्ट्रिय र स्थानीय स्तरमा जलवायु परिवर्तन सम्बन्धी निकाय/संस्थाहरू
- राष्ट्रिय तथा स्थानीय स्तरमा जलवायु परिवर्तन सम्बन्धी आर्थिक सहयोग ।

•••

## मोड्युल : दुई

# जनवकालत र पैरवी अभियानका लागि योजना

तपाईहरूले पहिलो मोड्युलका सत्रहरूमा जनवकालत र पैरवी भनेको के हो ? रेडप्लसमा यसको किन आवश्यक छ ? भन्ने कुरा बुझिसक्नु भएको छ । त्यस्तै, यसले आदिवासी जनजाति समुदायलाई सशक्तिकरण गर्नमा कसरी मद्दत पुऱ्याउँछ भन्ने कुरा पनि बुझ्नु भएको छ । तपाईहरूले आदिवासी जनजातिका अधिकार, सवाल तथा मुद्दाहरू लगायत जनवकालत र पैरवी मार्फत रेडप्लस प्रक्रियामा आदिवासी जनजाति महिलाहरूको सुनिश्चितता कसरी गराउन सकिन्छ भन्ने सम्बन्धमा समेत स्पष्ट रूपमा बुझिसक्नु भएको छ ।

यस मोड्युलमा, जनवकालत र पैरवीको अभियान कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा छलफल गर्नेछौं । यस मोड्युललाई दुई भागमा विभाजन गरिएको छ : पहिलो चरणमा जनवकालत अभियानको योजना तयारी सम्बन्धमा र दोश्रो चरणमा प्रभावकारी योजना निर्माणका लागि आवश्यक सूचनाहरूका सम्बन्धमा छलफल गर्नेछौं ।

**उद्देश्य : यस मोड्युलको अन्त्यमा सहभागीहरूले**

१. जनवकालत अभियान सञ्चालनका लागि योजना तर्जुमा कति चरणमा कसरी गर्ने भन्ने बुझ्नेछन्,
२. जनवकालत अभियानका लागि कार्ययोजना तथा कार्यक्रम निर्माण गर्न सक्नेछन्,
३. जनवकालत अभियान योजना निर्माण गर्दा आवश्यक पर्ने सूचनाको पहिचान गर्न सक्नेछन् ।

**समय : ८ घण्टा (एक दिन)**

**सामाग्रीहरू**

- सेतोबोर्ड वा कालोपाटी
- बोर्ड मार्कर(कालो, नीलो, रातो)
- ब्राउन पेपर वा न्यूज प्रिन्ट पेपर
- फोटोकपी कागज, फ्लिप चार्ट, मास्किङ टेप
- पावर पोइन्ट
- आदिवासी जनजातिहरूले सरकारसँग पैरवी गरेको फोटोहरू, पत्रकार सम्मेलन, गोष्ठी र छलफलका फोटोहरू, सडक आन्दोलन, जुलुस, धर्नाका फोटोहरू ।
- एलसिडी र ल्यापटप आदि ।

**सहजकर्ता/प्रशिक्षकलाई सुझाव तथा निर्देशन**

जनवकालत अभियान योजना निर्माण सम्बन्धी सत्रमा गहन रूपले सहभागीहरूमाझ छलफल चलाई सुझावहरू संकलन गर्नुपर्दछ । किनभने सहभागीहरूले जनवकालतका मुख्य अवधारणा स्पष्ट रूपमा बुझ्न सकेको खण्डमा मात्र जनवकालत अभियानको लागि राम्रा र प्रभावकारी योजना निर्माण गर्न सक्दछन् ।

छलफललाई सकेसम्म सरल बनाउने प्रयास गर्नुहोस् । छलफलमा आफ्नै समुदाय, समाज र देशका अनुभव र उदाहरणहरू दिएर स्पष्ट पार्नुहोस् । यसका लागि केही सुझावहरू तल दिइएका छन् :

- जनवकालत सम्बन्धी सहभागीहरूको अनुभवहरू सोध्नुहोस् । उहाँहरूको अनुभवहरूलाई आधार बनाई लक्ष्य, उद्देश्य र सूचकको बारेमा स्पष्ट पार्नुहोस् ।
- सहजीकरणको लागि पावर पोइन्ट प्रस्तुति तयार गर्नुहोस् । पावर पोइन्टमा चार्ट, तालिका, चित्र आदि

देखाएर स्पष्ट रूपमा बुझाउने प्रयास गर्नुहोस् । जनवकालतको बारेमा बुझाउन जनवकालत चक्र, जनवकालत कार्य योजना प्रयोग गर्नुहोस् । संभव भएसम्म आदिवासी जनजातिहरूले विगतमा गरेका जनवकालतका फोटोहरू, सरकारी तथा अन्य गैर-सरकारी निकाय, निजी कम्पनीहरूसँग बैठक, कार्यशाला, गोष्ठी, छलफल, जनजागरण कार्यक्रमका फोटोहरू देखाएर प्रस्तुतिकरणलाई जीवन्त तुल्याई बुझाउनुहोस् ।

- सहभागीहरूको स्तरलाई पनि ख्याल गर्दै सरल रूपमा बुझाउने र सकेसम्म स्थानीय भाषा प्रयोग गर्नुहोस् । उदाहरणको लागि सूचकहरूलाई प्रष्ट पार्नका लागि संकेतहरूका साथै स्थानीय आदिवासी जनजाति समुदायले प्रयोग गर्ने शब्दहरू प्रयोग गर्नुहोस् ।

सहभागीहरूलाई समूहमा विभाजन गरेर पनि विभिन्न अवधारणालाई कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा बुझाउन सक्छौं । यसका लागि ५ जनाका दरले समूहमा विभाजन गर्न सक्छौं । समूह विभाजन गर्दा लैंगिक सन्तुलनलाई पनि ध्यान दिनुहोस् । संभव भएमा महिलाहरूको पनि छुट्टै समूह निर्माण गर्न सकिन्छ । प्रत्येक समूहबाट सहजकर्ता र प्रतिवेदकको चयन गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई कुनै खास विषयमा छलफल गर्न लगाई लेख्न लगाउनुहोस् । लेखिसकेपछि सबै समूहलाई एकै ठाउँमा भेला गराई प्रस्तुतिकरण गर्न लगाई छलफल गर्न दिनुहोस् । यसो गर्दा पटक पटक समूहहरू एक ठाउँमा भेला हुनुपर्ने हुन्छ । जस्तै : कुनै समूहले समुदायका मुख्य समस्या र मुद्दाहरू पहिचान गरिसकेपछि उद्देश्य र लक्ष्य तयार गर्न सबै भेला हुनुपर्छ । अन्तमा, पैरवीको लागि कार्य योजना तयार गर्न लगाउनुपर्छ ।

तपाईले पहिला लेखेका बुँदाहरूलाई पनि हेर्नुपर्दछ । यसले सहजकर्तालाई पहिला टिपोट गरेका महत्वपूर्ण सवाल र बुँदाहरू स्मरण गर्न सहयोग पुऱ्याई सहभागीहरूलाई जनवकालतको क्रममा के कुरामा जोड दिने भन्ने सम्बन्धमा प्रष्ट पार्न मद्दत मिल्नेछ ।

## सत्र २.१ जनवकालत अभियान

**समय : ७ घण्टा**

**सत्रको शुरूवात गर्नु भन्दा अगाडि जनवकालत अभियान सम्बन्धी राम्रो जानकारी हुन आवश्यक हुन्छ ।**

**कृयाकलाप १ : अभियान भनेको के हो ?**

१. सहजकर्ता/प्रशिक्षकले सहभागीहरूलाई मेटाकार्ड वितरण गरी अभियान शब्द सुनिसकेपछि यसको बारेमा आफ्नो दिमागमा आएको एउटा मुख्य शब्द लेख्न लगाउनुहोस् ।
२. सहभागीहरूलाई आफूले लेखेको शब्दलाई व्हाइटबोर्ड/ब्लाकबोर्ड वा भित्तामा टाँस्न लगाउनुहोस् ।
३. त्यसपछि सहजकर्ता/प्रशिक्षकले टाँसेका शब्दहरू मध्येबाट समान अर्थ दिने शब्दहरूलाई फरक फरक समूहमा विभाजन गरी जनवकालत अभियानले के जनाउँछ भन्ने कुरामा छलफल गरी स्पष्ट पार्नुहोस् ।

### २.१.१ जनवकालत अभियान भनेको के हो ? यसका विशेषता अन्तर्गत के के पर्दछन् ?

सामान्य अर्थमा जनवकालत अभियानले निश्चित लक्ष्य वा उद्देश्य प्राप्तिका लागि लामो समयसम्म गरिने सामूहिक गतिविधिलाई जनाउँछ । यसअन्तर्गत निम्न कृयाकलापहरू पर्दछन् :

- अनुसन्धान
- योजना तर्जुमा
- कार्यान्वयन
- अनुगमन
- मूल्यांकन

जनवकालत अभियानका केही उदाहरणहरू : वनजंगल, भूमि र प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकार सुनिश्चित गराउने, अभियान, आदिवासी जनजातिहरूको परम्परागत दिगो जीविकोपार्जन शैलीलाई कानूनी मान्यता प्रदान गराउने अभियान, स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरीको सुनिश्चितता, युएनड्रिप र आइएलओ १६९ ले प्रत्याभूत गरेका अधिकार सुनिश्चित गराउने अभियान आदि ।

जनवकालत अभियानका क्रममा हाम्रो लक्ष्य र उद्देश्य पूरा गर्न विभिन्न प्रकारका कार्यक्रम र रणनीतिहरू अगाडि सार्नु पर्ने हुन्छ । युएनड्रिप र आइएलओ १६९ ले प्रत्याभूत गरेका आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गराउने अभियान । कुनै लक्ष्य हासिल गर्नका

लागि दिगो रूप लामो समयसम्म निरन्तर जनवकालत अभियानको जरूरत पर्दछ, जस्तै वन र भूमि सम्बन्धी ऐन, कानून र नीतिगत सुधारका कामहरू । तथापि, कहिलेकाही कुनै दीर्घकालीन लक्ष्यलाई छोटो समयमा पनि हासिल गर्न सकिन्छ ।

## सफल जनवकालत अभियानका विशेषताहरू

**सहजकर्ता/प्रशिक्षकलाई नोट :** ***तलका कुराहरूलाई पावरपोइन्टमा प्रस्तुति गरी उदाहरण सहित बुझाउनुहोस् ।***

### रणनीति

कुनै पनि जनवकालत अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरी परिणाममुखी बनाउन रणनीतिको आवश्यकता पर्दछ । त्यसैले अनुसन्धान गरी होसियारीका साथ अभियान रणनीति तयार गर्नुपर्छ ।

### चरणबद्ध गतिविधि

जनवकालत अभियान सञ्चालन गर्ने क्रममा चरणवद्ध रूपमा विभिन्न गतिविधिहरू गरिन्छ । यो कुनै सरकारी निकायसँग गरिने एक पटकको बैठक, संसद प्रतिनिधिसँग टेलिफोन, एकवटा टेलिभिजन कार्यक्रम वा पत्रिकामा अन्तरवार्ता दिने काम जस्तो मात्र होइन्, जनवकालत त निश्चित लक्ष्य र उद्देश्य प्राप्त नहुन्जेलसम्म निरन्तर रूपमा लामो समयसम्म गरिने चरणबद्ध सामूहिक गतिविधि हो ।

### सहमति जुटाउन

हामीले आफ्नो विवेक र तर्क प्रयोग गरी आफूले चाहेको परिवर्तनको औचित्यका बारे अरूलाई विश्वास दिलाई उनीहरूको समर्थन जुटाउनु पर्दछ । उदाहरणको लागि आदिवासी जनजाति समुदायमा कुनै पनि विकासका गतिविधि तथा अन्य परियोजनाहरू लागू गर्नु भन्दा अगाडि सम्बन्धित समुदायको स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरीलाई सुनिश्चित गराउन सम्बन्धित सरोकारवालाहरूलाई विश्वास दिलाई आफ्नो पक्षमा समर्थन जुटाउनु पर्दछ ।

### लक्षित समूह

हाम्रो पहल र जोड कुनै खास व्यक्ति वा समूहलाई लक्षित गरी उनीहरूलाई हाम्रो सवाल तथा मुद्दाका सम्बन्धमा सहमतिमा ल्याउने हुनुपर्दछ । लक्षित व्यक्ति वा समूह छनौट गर्दा हाम्रो अभियानलाई सहयोग गर्न सक्ने र अरूलाई प्रभाव पार्न सक्ने शक्ति भएको हुनुपर्दछ । यस प्रकारका पहलले जनवकालत अभियानलाई सफल पार्न सहयोग गर्न सक्छ । जस्तैः उदाहरणको लागि कानून र नीति निर्माता, सभासद, वनमन्त्री, वनसचिव, डिएफओ, निजी कम्पनीका मालिक आदि ।

### सञ्जाल निर्माण

जनवकालत अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न व्यक्ति, समूह, समुदाय र अन्य सरोकारवालाहरूसँग मिलेर अगाडि बढ्नु पर्दछ । त्यसैले अभियानलाई थप व्यवस्थित र मजबूत पार्नका लागि सबैलाई समन्वय गर्न सञ्जालको निर्माण गर्नुपर्दछ ।

### परिणाममुखी परिवर्तन

जनवकालत अभियान आदिवासी जनजाति समुदायहरूले भोग्दै आएका समस्याहरूलाई सम्बोधन गरी परिणाममुखी परिवर्तनको लागि हुनुपर्छ । जनवकालतलाई प्रभावकारी बनाउनका लागि हामीले लक्षित गरेको उद्देश्य र समुदायको चाहना अनुसार अभियानलाई अगाडि बढाउनु आवश्यक हुन्छ । यदि कुनै पनि परियोजना वा कार्यक्रम लागु गर्नुभन्दा अगाडि आदिवासी जनजातिसँग एफ्पीक नगरेको खण्डमा वा आदिवासी जनजाति समुदायमा प्रतिकुल प्रभाव पर्न सक्ने भएमा कार्यक्रम वा परियोजनालाई कार्यान्वयन हुनबाट रोक लगाई फिर्ता पठाउन पनि सक्दछ (हेर्नुहोस् : केस क) ।

### केस क : आदिवासी जनजातिसँग एफ्पीक नगर्दा परियोजना फिर्ता

फिनल्याण्ड सरकारको वातावरणीय तथा सरसफाइ परियोजना अन्तर्गत ४५ करोड र नेपाल सरकारको १५ करोड लगानीमा निर्माण गरिने भनिएको डंग्राहा ल्याण्डफिल्ड साइट परियोजना मोरंगमा १३ करोड रूपैयाँ खर्च भएर परियोजना फिर्ता भएको छ । परियोजनाले विराटनगर, धरान, इटहरी, इनरूवा नगर र आसपासका गाविसमा उत्पादन भएको फोहर प्रशोधन गरी उचित व्यवस्थापन गर्न सहयोग पुग्ने उद्देश्य अनुरूप मोरङ जिल्लाको डंग्राहा गाविस वडा नं.५ मा फिनल्याण्ड र नेपाल सरकारको संयुक्त लगानीमा २७ बिघा १६ कठ्ठा जग्गा तीन करोड खर्च गरेर खरिद गरेको थियो । सो परियोजनाबाट थारू, उराँव, सन्थाल, राई र लिम्बु लगायत आदिवासी समुदायलाई असर पर्ने भएको थियो ।

स्थानीय तेतरियाका फोक्सु विश्वास, हरैचाका शिवु राई, डंग्राहाका रामजी उराँव, झोराहाटका ललित चौधरी, डंग्राहाका रेणुकर चौधरी, भक्कुलाल विश्वास लगायतले जग्गा खरिद गरिसकेपछि पनि ल्याण्डफिल्ड साइटबारे शुरूमा आफूहरूलाई केही थाहा नदिएको तर पछि आदिवासी जनजाति अगुवाले त्यसको असर र प्रभावबारे जनवकालत गरेपछि कुरा बुझी आफूहरू संघर्षमा उत्रिएको बताए ।

सरकारी निकायबाट आदिवासी जनजातिहरूसँग स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (एफ्पीक) नगरी प्रक्रिया अगाडि बढाएपछि स्थानीय समुदाय आन्दोलनमा उत्रेका थिए । ल्याण्डफिल्ड साइटको विरोधमा स्थानीयले आन्दोलन थालेपछि आदिवासी जनजाति महासंघले नेपाल सरकार, फिनल्याण्ड सरकारदेखि संयुक्त राष्ट्रसंघमा समेत उजुरी गरी पैरवी गर्ने काम गरेका थियो ।


स्थानीय जनसमुदायको निरन्तर विरोध गरेका कारण फिनल्याण्डका राजदूत एसओलुकाडेनले माघ १४, २०६९ मा विराटनगरमा औपचारिक रूपमै परियोजना फिर्ता भएको घोषणा गरेका थिए । यस परियोजना सञ्चालन नहोस भनि आदिवासी जनजातिहरूको पक्षमा जनवकालत र पैरवी गर्नका लागि नेपाल आदिवासी जनजाति महासंघ केन्द्रीय सचिवालय, मोरङ जिल्ला समन्वय परिषद, आदिवासीका संस्थाहरू र अनामनगर स्थित लाहुर्निपले ठूलो भूमिका खेलेको थियो ।

*(स्रोत : एफ्पीक आदिवासी जनजाति समुदायका लागि तालिम निर्देशिका ।)*

### २.१.२ जनवकालत चक्र

जनवकालत अभियानका क्रममा विभिन्न गतिविधिहरू विभिन्न चरणमा गरिनुपर्छ । जुन निम्न प्रकार छन् :

- समस्याको पहिचान
- समस्यासँग सम्बन्धित सवाल र मुद्दाहरूको अनुसन्धान
- चरणवद्ध गतिविधिहरूको योजना तयारी
- पहिचान गरिएका कृयाकलाप तथा गतिविधि सञ्चालन
- उपलब्धिको मूल्यांकन ।



## २.१.३ जनवकालत अभियानको प्रारम्भिक चरणका योजनामा के के पर्दछन् ?

### क) समस्या पहिचान र बुझाइ

### अ) समस्या पहिचान

जनवकालत अभियानको प्रभावकारी कार्य योजना बनाउनको लागि पहिलो चरणमा आदिवासी जनजातिहरूले भोग्दै आएका समस्याहरूको पहिचान गर्न आवश्यक छ । आदिवासी जनजातिले वर्षौंदेखि आफ्नो समुदायमा भोग्दै आएका समस्या र उनीहरूका अनुभव पहिचान गर्न खासै समस्या पर्दैन ।

समस्या पहिचानको लागि विभिन्न विधिहरू अपनाउन सकिन्छ । यसमा मुख्य गरेर माइन्ड म्यापिङ र समस्यालाई रूखसँग तुलना गरेर विश्लेषण गर्ने (प्रोब्लम ट्री एनालिसिस) लाई लिन सकिन्छ ।

**माइन्ड म्यापिङ**

आदिवासी जनजाति समुदायले भोग्दै आएका समस्या र उनीहरूका सवालहरू पहिचान गर्न यो विधि प्रयोग गर्न सकिन्छ । कुनै पनि समस्या, त्यसका कारण, परिणाम र समाधान पत्ता लगाई सबैले स्पष्ट रूपमा बुझ्ने गरी डायग्राममा प्रस्तुत गर्न यो तरिका अपनाइन्छ । यसमा, मानिसको दिमागलाई केन्द्रविन्दुमा राखेर हेर्ने हो भने यसका वरिपरि विभिन्न सेलहरू भएजस्तै समुदायका मुख्य समस्यालाई केन्द्रविन्दुमा राखी त्यहाँबाट चारैतिर विभिन्न हाँगाहरू र शाखा हाँगाहरू कोरेर मुख्य समस्याबाट सिर्जित अन्य समस्या र त्यसका असरहरू पत्ता लगाइन्छ । मुख्य समस्या, समस्याको कारण र परिणामहरू एक अर्कामा अन्तर सम्बन्धित हुने हुनाले माइन्ड म्याप तयार गर्दा माकुरोको जालोको रूपमा उतार्न सकिन्छ ।



तालिममा सहभागीहरू समस्याको पहिचान गर्दै ।

यस विधिको अभ्यास गराउन सहभागीहरूलाई समूहमा वर्गीकरण गरी आदिवासी जनजाति समुदायमा जल्दोबल्दो समस्याको रूपमा रहेको कुनै मुद्दालाई उठान गर्न लगाई ब्राउन पेपरको केन्द्रविन्दुमा लेख्न लगाई त्यससँग सम्बन्धित अन्य समस्या, त्यसका कारण र यसले समुदायमा पारेको प्रभाव र समाधानका उपाय सम्बन्धमा पहिचान गर्न लगाई विभिन्न हाँगाहरू बनाउन लगाई लेख्न लगाउनुहोस र अन्तमा प्रस्तुतिकरण गर्न लगाई सबैलाई स्पष्ट पार्नुहोस् ।

**रूखसँग तुलना गरेर समस्या पहिचान (प्रोब्लम ट्रि एनालिसिस)**

समस्याहरूको पहिचान गर्ने उपयुक्त विधिको रूपमा यसलाई लिन सकिन्छ । यस विधिको प्रयोग गरी मूल समस्या र यसका कारक, असर वा प्रभावहरू पत्ता लगाउन सकिन्छ । कहिलेकाही हामीले पहिचान गरेको समस्या मूल समस्या नभएर अर्को समस्याको लक्षण वा असर मात्र हुन सक्दछ । त्यसैले कुनै पनि समस्याको पहिचान गर्दा अति सुक्ष्य ढंगले गहिरिएर खोतल्नेमा यो विधि प्रयोग गर्न सकिन्छ । यसको पहिलो चरणमा मुख्य समस्या वा मुद्दालाई पहिचान गरी ब्राउन पेपरकोबीच भागमा लेखिन्छ । यसरी लेखेको ठाउँमा रूखको फेदको भाग बनाउनु पर्दछ । त्यसपछि मूल समस्याको कारणहरू पत्ता लगाई रूखको जराको भागमा लेख्नुपर्दछ । र अन्तमा, कारणको प्रभाव वा परिणाम पत्ता लगाई रूखका हाँगाहरूमा लेख्न सकिन्छ ।

**आ) समस्याको पहिचान (अनुसन्धान)**

मूल समस्या र यससँग सम्बन्धित अन्य समस्या र कारक तत्वहरू बुझ्न सकेको खण्डमा मात्र मुद्दालाई राम्ररी बुझ्न सकिन्छ । यसका लागि अनुसन्धानको जरूरत पर्दछ । यसका लागि समुदायका सदस्यहरूसँग व्यक्तिगत वा समूहगत रूपमा छलफल, अनौपचारिक अन्तरवार्ता लिनुका साथै उनीहरूका जीवनका भोगाई, अनुभव र घट्नाक्रमलाई भन्न लगाएर सूचनाको संकलन गर्न सकिन्छ । अनुसन्धान कार्यको लागि आदिवासी जनजाति महिला तथा युवाहरूको सहभागिताको पनि सुनिश्चित गर्नुपर्छ ।

यसको लागि तल दिइएका प्रश्नहरू सोध्न सकिन्छ :

१. समस्या के हो ?
२. समस्याले कसलाई असर पारेको छ ? तपाई र समुदायलाई यस समस्याले कसरी असर पारेको छ ?
३. समस्याले आदिवासी जनजाति समुदायलाई कतिको ठूलो असर/प्रभाव पारेको छ ?
४. समस्याले समुदायमा सबैलाई एकै किसिमले प्रभाव पारेको छ या फरक किसिमले पारेको छ ?, छ भने किन र कसरी ?
५. समस्याका कारणहरू के के छन् ?
६. समस्यालाई सम्बोधन गर्ने उत्तरदायित्व कसको हुन सक्दछ ?
७. तपाईको विचारमा यो समस्याको समाधानको उपाय के हुन सक्छ ?
८. यी समस्या समाधानका उपायले प्रभावित समूह र समुदायलाई के असर पार्न सक्छ ? अथवा कस्तो परिवर्तन आउन सक्छ ?

**इ) सूचना संकलन किन आवश्यक छ ?**

जनवकालतको लागि सूचना संकलन अति महत्वपूर्ण हुन्छ किनभने :

- सूचना संकलन जनपैरवीको पहिलो चरणको कार्य हो । भरपर्दो र विश्‍वसनीय सूचना वा तथ्यबाट जनवकालतको अभियानको क्रममा उठाइने सवाल र मुद्दालाई राम्ररी बुझ्न र अरूलाई बुझाउन सकिन्छ ।
- सूचनाको सहयोगले जनपैरवीको लक्ष्य र रणनीतिमा परिवर्तन गर्नमा समेत सहयोग पुग्दछ । साथै आफ्नो सहयोगी र विरोधी पहिचान गर्नमा पनि उपयोगी हुनसक्छ । सही तथ्य वा सूचनाले अरूको ध्यानाकृष्ट गराउन, मुद्दामा सहमत गराउन र गतिविधि तथा कृयाकलापलाई प्रभावकारी रूपमा अगाडि बढाउन मद्दत पुर्‍याउँछ ।
- सत्य, तथ्य सूचना, र उठाउनु पर्ने सवाल वा मुद्दाको सम्बन्धमा गहिरो ज्ञान नभई जनपैरवी अभियान शुरू गरेको खण्डमा विपक्षीहरूले हतोत्साही पार्नुका साथै नीति निर्माताहरूले समेत विश्‍वास नगर्न सक्दछ ।
- आफूले उठाउने सवाल वा मुद्दाहरूका सम्बन्धमा विपक्षीहरूको धारणा वा अभिमत के छ थाहा पाउनुपर्छ ।

**ई) सूचना संकलनका उपयुक्त विधिहरू के के हुन सक्दछन् ?**

**नक्सांकन**

समुदायको संरचना, भौगोलिक अवस्था, प्राकृतिक अवस्था, सामाजिक अवस्थाको नक्सांकन गर्नु पर्दछ ।

**तथ्यांक संकलन**

वनजंगल, जीवजन्तु, वनस्पति, वनपैदावर, वातावरणीय परिवर्तन र विनासका सम्बन्धमा तथ्यांक संकलन गर्ने र आवश्यकतानुसार फोटोहरू पनि खिच्न सकिन्छ ।

**तथ्यांक संकलन गर्न अनुसन्धान**

सामाजिक तथा साँस्कृतिक सवाललाई अन्तरवार्ता, समूहगत छलफल, सामुदायिक कार्यशाला गोष्ठी आदि गरेर तथ्यांक संकलन गर्न सकिन्छ ।

**जैविक सर्भेक्षण**

विभिन्न प्राणी तथा वनस्पतिहरूको संख्या, प्रकार, अवस्थाका बारेमा सूचना संकलन गर्न सकिन्छ ।

**सामाजिक सर्वेक्षण**

समुदायका व्यक्तित्वहरूको आफ्नो भनाई तथा विचारहरूलाई सर्वेक्षण विधिद्वारा सूचना संकलन गर्न सकिन्छ ।

एकपटक आधारभूत अनुसन्धान पूरा गरिसकेपछि तलका प्रश्नहरूको उत्तर खोज्नु राम्रो हुन्छ ।

१. यी मुद्दा र सवालहरूमा काम गरिरहेका अन्य कुनै समूहहरू पनि छन् ?
२. तपाईको समुदायमा कोही नीति निर्माताहरू पनि छन् ? जसले तपाईको जनपैरवी अभियानलाई मद्दत गर्न सक्दछन् ?
३. कुन अध्यादेशलाई परिवर्तन गरी मुद्दालाई सम्बोधन गर्न सकिन्छ ?
४. समस्यालाई सम्बोधन गर्नका लागि अल्पकालीन र दीर्घकालीन उद्देश्यहरू छन् कि छैनन् ?
५. समस्या समाधानको उपयुक्त र प्रभावकारी उपाय के हुन सक्दछ ?
६. यी समस्याहरू सम्बोधनका लागि स्थानीय, क्षेत्रीय र राष्ट्रिय तहमा सरकारका कुन निकायहरू जिम्मेबार वा सम्बन्धित छन् ?
७. कुन संघसंस्थाहरूले समस्या समाधानमा सहकार्यको भूमिका खेल्न सक्छन् ?

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

जनपैरवी अभियानहरूमा आदिवासी जनजातिहरूले भोग्दै आएका समस्याहरूलाई राम्ररी पहिचान गर्न नसक्दा गतिविधिहरूको कार्यान्वयनमा समस्या आई पर्दछ । त्यसैले आवश्यक सूचना संकलन र समस्याको पहिचानका लागि अनुसन्धान ज्यादै महत्वपूर्ण हुन्छ । हामीसँग पर्याप्त सही सूचनाविना सरकारी निकायका पदाधिकारीहरू, गैर-सरकारी संघसंस्था र निजी कम्पनीहरूसँग तर्क गर्दा उनीहरूलाई विश्वासमा लिन सक्दैनौं । अभियानको विभिन्न गतिविधिहरूमा अनुसन्धानबाट प्राप्त सूचना प्रयोग गर्न सकिन्छ । सूचनाहरूलाई प्रेस विज्ञप्ति, पत्रपत्रिकामा पनि दिन सकिन्छ । साथै रेडियो, एफएम, अन्तरवार्ता जस्ता सञ्चार माध्यमबाट पनि अरूलाई जानकारी गराउन सकिन्छ ।

**कृयाकलाप २. समूह कार्य**

**क. समस्याको पहिचान र बुझाई**

**माइन्ड म्यापिङ**

- समुदायका सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस् । समूहमा लैंगिक सन्तुलन मिलाउनुहोस् र संभव भएमा महिलाहरूको छुट्टै समूह बनाइदिनुहोस् । समूहमा टोली नेता र प्रतिवेदक छनौट गर्न लगाउनुहोस् ।
- ठूलो न्यूज प्रिन्ट वा ब्राउन कागज दिई समुदायलाई प्रभाव पार्ने मुख्य समस्यालाई कागजको बीचभागमा लेख्न लगाउनुहोस् ।
- सहभागीहरूलाई मुख्य समस्यासँग सरोकार राख्ने बुँदाहरू छेउछेउमा लेख्दै जान भन्नुहोस् । सहभागीहरूले आफ्नो विचार, आफूले बुझेका कुराहरू क्रमैसँग थप्दै जानेछन् । यदि मुख्य विचारसँग सरोकार भए लेख्दै जानुहोस, बेग्लै विचार आएमा पुनः हाँगामा लेबल गरी विचारहरूलाई स्वागत गर्दै जानुहोस् । पछि लेबल गरिएका विचारहरूलाई केन्द्रीय बुँदासँग जोड्नुहोस् ।
- छलफलमा आएका बूँदा तथा विचारहरूलाई संयोजन गरी प्रतिवेदकलाई प्रस्तुति गर्न लगाउनुहोस् ।

**रूखसँग तुलना गरेर समस्या विश्लेषण**

- सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । समूहमा लैंगिक सन्तुलन मिलाउनुहोस् वा संभव भएसम्म महिलाहरूको अलग समूह बनाइदिनुहोस् । समूहमा मध्यस्थकर्ता र प्रतिवेदक छनौट गर्न लगाउनुहोस् ।
- न्यूज प्रिन्ट वा ब्राउन पेपर प्रत्येक समूहमा बाँड्नुहोस् ।

- कागजको बीच भागमा समुदायले भोग्दै गरेको मुख्य समस्या लेख्न लगाउनुहोस । यो मुख्य समस्यालाई सबै सहभागीहरूले सहमति जनाउनु पर्दछ । यो रूखको मुख्य डाँठको भागमा लेख्न लगाउनुहोस् ।
- सहभागीहरूलाई मूल समस्याको कारणहरू सामूहिक रूपमा पहिचान गरी लेख्न लगाउनुहोस् । यी समस्याहरू रूखको जराको ठाउँमा राख्न लगाउनुहोस् ।
- त्यसपछि समस्याको परिणामहरू क्रमसँगै रूखको हाँगाहरूमा लेख्न लगाउनुहोस् ।
- छलफलका क्रममा पहिचान गरिएका समस्या, कारण र परिणामका आधारमा अन्त्यमा प्रतिवेदन तयार गर्न लगाई प्रतिवेदकलाई प्रस्तुत गर्न लगाउनुहोस् ।




तालिमका सहभागी रूखसँग तुलना गरेर समस्या विश्लेषणको प्रस्तुतीकरण गर्दै ।

### ख) जनवकालतका लक्ष्य र उद्देश्य निर्धारण

सामान्यतया आदिवासी जनजाति समुदायले भोग्दै आएका समस्याको समाधानका लागि जनवकालत अभियान मार्फत हासिल गर्न खोजेको कुरालाई नै लक्ष्य र उद्देश्य भनिन्छ । जब समस्याहरूको राम्ररी पहिचान गर्न सकिन्छ तबमात्र स्पष्टरूपमा लक्ष्य निर्धारण गर्न सकिन्छ ।

**लक्ष्य**

लक्ष्य भन्नाले कुनै निश्चित समयावधिभित्र विद्यमान कानून, नीति र अभ्यासमा परिवर्तन ल्याई आदिवासी जनजातिको चाहना अनुरूप उद्देश्य पुरा गर्न तोकिएको ध्येयलाई जनाउँछ । यसको मतलब लक्ष्य निश्चित

समयावधिभित्र जनपैरवी अभियान मार्फत प्राप्त गर्ने उद्देश्यले निर्धारण गरिएको हुन्छ ।

उदाहरणको लागि आदिवासी जनजाति समुदायको रेड कार्य समूह वा अन्य निकायमा प्रतिनिधित्व छैन् र उनीहरूसँग कुनै परामर्श पनि गर्ने गरेको छैन् भने समस्या पहिचान र लक्ष्यमा "रेड कार्य समूहमा आदिवासी जनजातिहरूको प्रतिनिधित्वको सुनिश्चितता गराई उनीहरूसँग परामर्श गर्नुपर्ने हुन सक्दछ ।"

**समस्याको आधारमा अन्य उदाहरणहरू तल दिइएका छन्**

१. इण्डोनेशियाका आदिवासी समुदायलाई विशिष्ट पहिचान सहित सामूहिक अधिकारलाई राज्यले कानूनी मान्यता प्रदान गरेका छन् ।
२. भियतनामका आदिवासीहरूलाई राज्यले मान्यता दिनुका साथै उनीहरूलाई स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी विना कुनै पनि ठाउँमा पुनर्वास गराइन नपाइने व्यवस्था छ ।
३. थाइल्याण्ड र म्यानमारमा त्यहाँका पहाडी आदिवासीहरूको प्रथाजनित कानून, दिगो जीविकोपार्जन शैली र भूस्वामित्वलाई कानूनी मान्यता दिइएको छ ।
४. नेपालको सन्दर्भमा, आदिवासी जनजातिहरूको वनजंगल, भूमि र प्राकृतिक श्रोतमाथिको अधिकारलाई सुनिश्चित गराउन प्रयासरत छन् । यसका लागि आदिवासी जनजातिहरूका प्रथाजनित कानून र दिगो जीविकोपार्जन प्रणालीलाई कानूनी रूपमा मान्यता दिलाउन जनवकालत र पैरवी मार्फत प्रयास गर्दै आएका छन् ।

**उद्देश्य**

हामीले निर्धारण गरेका लक्ष्य प्राप्तिमा उद्देश्यले सहयोग गर्दछ । कोसँग, कसरी, कहिले, कति समयभित्र कुन कृयाकलाप वा गतिविधि मार्फत परिणाम हासिल गर्ने भन्ने कुरा उद्देश्यमा पर्दछन् । उदाहरणको रूपमा अबको ६ महिनाभित्र १ जना महिला प्रतिनिधि सहित २ जना आदिवासी जनजातिलाई रेड कार्य समूहमा प्रतिनिधित्व गराउने हुनेछ । उद्देश्यको निर्धारण अंग्रेजी शब्द SMART अनुसार गर्नुपर्छ ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट : उद्देश्यलाई पावरपोइन्टमा प्रस्तुति गर्नुहोस् ।**

SMART भनेको के हो ?

S= Specific विशिष्टता

कसको आचरणलाई परिवर्तन गर्नु पर्ने स्पष्ट छ ?

M= Measurable मापनीय वा नाप्न सकिने

कसैको आचरणमा कति परिवर्तन गर्न सकिने कुरा स्पष्ट छ ?

A= Achievable प्राप्त गर्न सकिने

उद्देश्यलाई हामी प्राप्त गर्न सक्छौ ? यसका लागि आवश्यक आर्थिक र मानवीय श्रोत हामीसँग छ ?

R=Realistic वास्तविकता

वर्तमान सामाजिक तथा राजनैतिक परिवेशमा हामीले यसलाई प्राप्त गर्न सक्छौ ?

T= Time-bound समय सीमा


उद्देश्यलाई कुन समय सीमाभित्र हासिल गर्ने कुरा स्पष्ट छ ?

**ग) सूचकहरू**

कुनै पनि कार्यको प्रगति  सूचक मार्फत मापन गर्न सकिन्छ । हामीले जनवकालत अभियानका क्रममा हाम्रो उद्देश्य अनुरूप कति सफलता प्राप्त गऱ्यौं या कति प्रभावकारी भैरहेको छ भनि जाँच गर्न सूचकको आवश्यकता पर्दछ । हामीले सूचकहरूको पहिचान गर्दा हाम्रा उद्देश्य पूरा भएको या नभएको कसरी थाहा पाउने भनि आफूले आफैलाई प्रश्न गर्नुपर्छ ।

प्रायः सूचकहरूलाई मापन गर्न सकिन्छ । त्यसैले सूचकहरूले कति पटक, कति संख्या र कति मात्रा भन्ने जस्ता प्रश्नहरूको उत्तर दिन्छ । सूचकहरू पनि उद्देश्य जस्तै निश्चित तोकिएको समयावधि भित्र पुरा हुने किसिमले तयार गर्नुपर्छ ।

सूचकहरूको निर्माण गर्दा हाम्रा उद्देश्यहरू प्राप्तिका लागि सबैभन्दा उपयुक्त उत्तर आउने कुनै एकलाई छान्नु पर्दछ । सूचकहरू धेरै हुन सक्दछन् तर प्रयोग गर्नका लागि सबभन्दा उत्तमलाई छनौट गर्नुपर्ने हुन्छ । धेरै सूचकहरू भएमा अल्मलिने संभावना हुन्छ । त्यसैले धेरै प्रयोग गर्नु भन्दा उपयुक्त हुने थोरै संख्या प्रयोग गर्दा राम्रो हुन्छ । हामीले बढीमा तीनवटा सम्म सूचकहरू राख्न सक्दछौ ।  उदाहरणको लागि तलको चित्र हेर्न सक्दछौं ।




उदाहरणको लागि आदिवासी जनजातिहरूको सवालमा रेडप्लसको सूचकमा : ६ महिना भित्रमा २ जना आदिवासी जनजातिलाई रेड कार्य समूहमा प्रतिनिधि गराई विभिन्न बैठक तथा कृयाकलापहरूमा उनीहरूको सकृय सहभागिता हुने कुरालाई लिन सकिन्छ । यो सूचक मापनीय छ किनकि यसमा सहभागिता र प्रतिनिधिको संख्या गन्ती गर्न सकिन्छ । यो निश्चित ६ महिना समयावधि तोकिएको छ । यो सामान्य रूपमा सबैले सजिलो रूपमा बुझ्न सक्दछन् । यसले स्पष्ट रूपमा हामीले हासिल गरेको उपलब्धिलाई जनाउँदछ ।

**अर्को उदाहरण तल दिइएको छ ।**

| लक्ष्य | उद्देश्यहरू | सूचकहरू |
|---|---|---|
| वनमा निर्भर चितवन जिल्ला शक्तिखोर गाविसमा बसोबास गर्ने चेपाङ जातिको सामुदायिक भू-स्वामित्वलाई राज्यले कानूनी मान्यता प्रदान गरेको हुनेछ । | १. चेपाङहरूले सामूहिक र व्यक्तिगत रूपमा उपभोग गर्दै आएका भूमिको कानूनी मान्यता प्रदान गराउन नक्सांकन र सीमाङ्कन गर्ने ।<br>२. चेपाङहरूले भोगचलन गर्दै आएका भूमिलाई कानूनी मान्यता प्रदान गराउन विभिन्न सरोकारवाला संस्थाहरूसँग पैरवी गर्न चेपाङ समुदायका अगुवा र अन्य सदस्यहरूको क्षमता अभिवृद्धि गराउने । | ■ सामूहिक जग्गाको नक्सा तयारी संस्था र सम्बन्धित संस्थामा प्रस्तुत ।<br>■ नक्सा संख्या (सामूहिक तथा व्यक्तिगत) ।<br>■ क्षमता अभिवृद्धि सम्बन्धी तालिम संख्या, सहभागी संख्या (महिला, पुरूष तथा युवा) ।<br>■ सम्पन्न गरिएका शैक्षिक गोष्ठीहरू र सहभागी संख्या (महिला, पुरूष तथा युवा)<br>■ सरकारी निकायमा पदाधिकारी र स्थानीय समुदायका अगुवाहरूसँग गरिएको बैठकहरू, बैंठकका सहभागीहरू (महिला, पुरूष तथा युवा) |

**कृयाकलाप ३. समूह कार्य**
**समूह कार्य : लक्ष्य, उद्देश्य र सूचकको निर्धारण**

क) कृयाकलाप २ मा जस्तै सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।
ख) उनीहरूलाई समूहमा छलफल गरी लक्ष्य निर्धारण गर्न लगाउनुहोस् । क्रियाकलाप २ मा पहिचान गरेका समस्या र मुद्दामा आधारित रहेर १-२ वटा उद्देश्यहरू र २-४ वटा सूचकहरू निर्धारण गर्न लगाउनुहोस् ।
ग) लक्ष्य, उद्देश्य र सूचकहरू निर्धारण गरिसकेपछि सहभागीहरूलाई फेरी एक ठाउँमा भेला गरी प्रस्तुतिकरण गर्न लगाई छलफल गराउनुहोस् । अन्तमा, छलफलका आधारमा निष्कर्ष निकाली सबैलाई यसको बारेमा स्पष्ट पार्नुहोस् ।
घ) सहयोगी, तटस्थ र विरोधी/विपक्षीको पहिचान

जनवकालत अभियानको तयारी गर्दा विभिन्न सरोकारवालाहरूको पहिचान गर्नुपर्ने हुन्छ । सरोकारवालाहरू हाम्रो अभियानलाई दृढतापूर्वक साथ दिने हुनुपर्दछ । सरोकारवालाहरू आदिवासी जनजाति लगायत समस्याहरूबाट प्रभावित अन्य समुदाय, समस्याका भागीदार र समस्या समाधानमा चासो राख्ने समूह, समुदाय र संघसंस्थाहरू पर्दछन् । सरोकारहरूलाई सहयोगी, तटस्थ र विरोधीमा विभाजन गरिएको छ ।

**१. सहयोगीहरू**

यसमा हाम्रो सवाल र अभियानलाई समर्थन जनाउने र सहयोग गर्ने व्यक्ति, संघसंस्थाहरू पर्दछन् । सहयोगीहरू अन्तर्गत विशेष गरेर व्यक्ति र संस्थाहरू जसले हाम्रो समस्या र मुद्दा प्रति सहानुभूति प्रकट गरी सहयोग गर्नेहरू पर्दछन् । जस्तैः राजनीतिज्ञ, प्राध्यापक, शिक्षक, सञ्चारकर्मी, गैर-सरकारी संस्था, प्रभावित समूह लगायत सम्पूर्ण समर्थन गर्ने अन्य समूहहरू पर्दछन् । उनीहरूले हाम्रो जनवकालत अभियानलाई नैतिक, आर्थिक, प्राविधिक र भौतिक रूपमा सहयोग गरी अभियानमा हातेमालो सहित अगाडि बढ्नमा सहयोग गर्दछन् ।

**२. तटस्थ समूह**

जनवकालत अभियानलाई न समर्थन न त विरोध नै गर्ने समूह, व्यक्ति, संस्था लगायतका समूह यस अन्तर्गत पर्दछन् । यी समूहहरू हाम्रो अभियानका लागि महत्वपूर्ण हुन सक्दछ किनभने आवश्यक परेमा कहिलेकाही उनीहरू हामीलाई सहयोग पनि गर्न सक्दछन् र विरोध पनि गर्न सक्दछन् ।

**३. विपक्षी वा विरोधी समूह**

हाम्रो जनवकालत अभियानको विरोधमा रहेका समूह, व्यक्ति, संस्था आदि यसमा पर्दछन् । जनवकालत अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउन त्यति सजिलो हुँदैन । हाम्रो समाजमा असन्तुलन शक्ति वितरण र फरक फरक मूल्यमान्यताका कारण ठूलो चुनौती खडा हुन सक्छ । जसको हातमा शक्ति छ उनीहरूले नकारात्मक रूपमा प्रचार गरी हामीलाई असहयोग गर्न सक्दछन् । तर पनि विरोधीहरू सबै एकै किसिमको नहुने हुनाले प्रतिक्रिया पनि फरक फरक हुनसक्छ र उनीहरूले हामीप्रति शत्रुताकै रूपमा व्यवहार र विरोध नगर्न सक्दछ ।

सरोकारवालाहरूको पहिचानको लागि तलका प्रश्नहरू सोध्न सकिन्छ :

- हाम्रो समस्या वा मुद्दालाई सहयोग गर्न सक्ने समूह वा संस्थाहरू कुन कुन हुन् ?
- ती संस्थाहरूको सम्पर्क व्यक्ति को को हुन सक्दछन् ?
- हाम्रो सवाल वा मुद्दाप्रति उनीहरूको आफ्नो धारणा र चाहना के रहेको छ ?

हामीले तलको नमूना तालिका प्रयोग गरी जनवकालत अभियानलाई सहयोग गर्ने, तटस्थ रहने र विपक्षीमा उभिनेहरूको पहिचान गर्न सक्दछौं ।

| | | **सहयोगीहरू** (Allies) | **तटस्थ बस्ने समूह** (Neutral) | **विपक्षी/विरोधी** (Opponent) |
|---|---|---|---|---|
| समस्यामाथि प्रभावको स्तर | उच्च | अन्तर्राष्ट्रिय मानवअधिकारवादीहरू वा क्षतिपूर्ति एजेन्सीहरू | राजनीतिज्ञहरू | अन्तर्राष्ट्रिय नियोगहरू र सरकारहरू |
| | मध्यम | अन्तर्राष्ट्रिय जनपैरवी संस्थाहरू | अन्तर्राष्ट्रिय समुदाय, सर्वसाधारण जनता | स्थानीय स्तरका ठूला कम्पनीहरू |
| | सामान्य | साना किसानहरू, बिस्थापित परिवार तथा मानिसहरू | स्थानीय सरकार | भूमिपतिहरू |

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

हामीले सरोकारवालाहरूको पहिचान र विश्लेषण गर्दा हाम्रो समस्या र सवालहरूलाई कुन तहसम्म तिनीहरूले प्रभाव पार्न सक्दछन् भनी बुझ्नु पर्दछ । यदि कुनै सरोकारवालाहरूले समस्यामाथि धेरै प्रभाव पार्न सक्ने संभावना छ भने चाहे उनीहरू सहयोगी, तटस्थ वा विपक्षी जे भएपनि लक्षित समूहको रूपमा लिनु पर्दछ ।

**ङ) लक्षित समूहको परिभाषा**

जनवकालत अभियानमा लक्षित समूह अन्तर्गत व्यक्ति, समूह वा समुदाय पर्दछ, जसले हाम्रो लक्ष्य र उद्देश्य प्राप्तिमा महत्वपूर्ण सहयोग पुऱ्याउन सक्दछन् ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**
लक्षित समूहमा सर्वसाधारण जनता र समूह पर्दछ तर संस्थाहरू होइन ।
लक्षित समूह दुई प्रकारका हुन्छन : प्राथमिक र द्वितीयक समूह

**प्राथमिक लक्षित समूह**
जुन व्यक्तिहरूसँग हाम्रो समस्या समाधानको लागि प्रत्यक्ष रूपमा प्रभाव पार्न बढी शक्ति हुन्छन् ।

**द्वितीयक लक्षित समूह**
त्यस्ता व्यक्तिहरू जसले समस्या समाधानमा प्रत्यक्ष रूपमा हाम्रो समस्या समाधान गर्न सक्दैनन् तर प्राथमिक लक्षित समूहलाई भने प्रभाव पार्न सक्दछन् ।

**नोटः** कहिलेकाही, हामीलाई प्राथमिक लक्षित व्यक्ति वा समूहसँग भेट्न गाह्रो पनि हुनसक्छ । त्यस्तै उनीहरूलाई पनि खुल्ला रूपमा समर्थन गर्दा राजनैतिक रूपमा अप्ठ्यारो हुन सक्दछ । त्यसैले यसको लागि अध्ययन अनुसन्धानको जरूरत पर्दछ । अनुसन्धानबाट हाम्रो लक्षित समूहमाझ कसरी पुग्ने र प्रस्तुत हुने भन्ने सम्बन्धमा थाहा पाउन सकिन्छ ।

तल दिइएका तालिका प्रयोग गरी लक्षित समूह पहिचान गर्न सकिन्छ ।

**लक्षित समूह**

**उद्देश्य**

| लक्षित व्यक्ति/समूह | सम्पर्क व्यक्ति | समस्याको बारेमा उनीहरूलाई के थाहा छ ? | समस्याको बारेमा उनीहरूको धारणा के छ ? | कसले समस्यालाई प्रभाव पार्न सक्छ ? | उनीहरूको लागि के महत्वपूर्ण छ ? |
|---|---|---|---|---|---|
| प्राथमिक लक्षित समूह | | | | द्वितीय लक्षित समूह | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उदाहरणको लागि अघिल्लो सत्रहरूमा रेड कार्य समूहमा हाम्रो प्रतिनिधित्व गराउन लक्षित व्यक्ति वा समूह को हुन् भनि पहिचान गर्नको लागि तलका प्रश्नहरू सोध्न सकिन्छ ।

१. रेड कार्य समूहमा सदस्यहरूको नियुक्ति कसले गर्दछ ?
२. कार्य समूहको प्रमुख को हुन्छ ?
३. हामीले सम्पर्क गर्नुपर्ने रेड कार्य समूहका प्रभावकारी सदस्यहरू को को हुन् ?
४. हाम्रा उद्देश्य प्राप्ति गर्नका लागि कुन कुन सरकारी निकायका प्रमुखहरूसँग सहयोग माग्नु पर्दछ ?

लक्षित समूहका लागि निम्न अनुसारको तालिका प्रयोग गर्न सकिन्छ ।

**उद्देश्य** : ६ महिनाभित्रमा एक जना महिला सहित २ जना आदिवासी जनजातिको रेड कार्य समूहमा प्रतिनिधित्व हुनेछन् ।

| लक्षित व्यक्ति/समूह | सम्पर्क व्यक्ति | समस्याको बारेमा उनीहरूलाई के थाहा छ ? | समस्याको बारेमा उनीहरूको धारणा के छ ? | कसले समस्यालाई प्रभाव पार्न सक्छ ? | उनीहरूको लागि के महत्वपूर्ण छ ? |
|---|---|---|---|---|---|
| प्राथमिक लक्षित समूह | | | | द्वितीय लक्षित समूह | |
| वन तथा भू-संरक्षण मन्त्रालयका सचिव | रेड कार्य समूहका प्रमुख<br>रेड कार्य समूहका सदस्यहरू | आवश्यक सूचना उपलब्ध गराउने व्यक्ति तथा समूह | आदिवासी जनजाति प्रति सकारात्मक व्यक्तिहरू | नागरिक समाजका प्रतिनिधिहरू (फेकोफोन, डानार, निफ, हेमावती) आदि । | दातृ निकाय र बहुराष्ट्रिय संस्थाहरूको सदस्यहरू |

**कृयाकलाप ४.**

**समूह कार्य : *सहयोगी, तटस्थ, विपक्षी र लक्षितसमूहको पहिचान***

क) कृयाकलाप २.२ मा विभाजित गरे अनुसार सहभागीहरूलाई आ-आफ्नो समूहमा सहभागी हुन लगाउनुहोस् ।

ख) पहिला नै पहिचान गरिएका समस्या र मुद्दाहरूका आधारमा जनवकालत अभियान सञ्चालनका लागि सहयोगी, तटस्थ, विपक्षी र लक्षित समूह पहिचान गर्न लगाउनुहोस् ।

ग) लक्षित समूह पहिचानको लागि तालिका प्रयोग गर्न लगाउनुहोस् ।

घ) सहभागीहरूलाई एक ठाउँमा भेला गराई समूहमा पहिचान गरेको लक्षित समूहलाई प्रस्तुत गर्न लगाई त्यसमाथि छलफल गराउनुहोस् ।

च) जनवकालतका कृयाकलाप तथा गतिविधिहरूको पहिचान

लक्षित समूहको पहिचान गरिसकेपछि तपाईं र तपाईंको समुदायले गर्नुपर्ने विभिन्न कृयाकलाप पहिचान गर्नुपर्दछ । कुनै पनि कृयाकलाप वा गतिविधिहरू गर्नका लागि श्रोतको आवश्यकता पर्ने हुनाले, कृयाकलापहरूको टिपोट गर्ने क्रममा तपाई र तपाईका समुदायसँग भएको श्रोतको पनि पहिचान गर्नुहोस् । स्रोतसाधन अन्तर्गत आवश्यक जनशक्ति, आर्थिक र अन्य भौतिक सामाग्रीहरू पर्दछ ।

**मोड्युल ३ मा छलफल गरिने केही गतिविधिहरूलाई यहाँ दिइएको छ ।**

| | |
|---|---|
| पत्रकार सम्मेलन | नाटक र प्रहसन |
| पैरवी | सञ्जाल |
| भाषण | पोस्टर, ब्यानर, पर्चा |
| सामुदायिक रेडियो | विन्तिपत्र, समवेदना, स्टेटमेन्ट |
| भिडियो | मुद्दा दर्ता |
| तालिम | वेवसाइट |
| कार्यशाला (गोष्ठी) | सामाजिक सञ्चार : फेसबुक, ट्विटर |
| रेडियो कार्यक्रम | बैंठक, छलफल |
| रेडियो तथा टिभी अन्तरवार्ता | जनअभियान, जनसंघर्ष आदि । |
| प्रेस विज्ञप्ति | |

**सजहकर्ता/प्रशिक्षकलाई नोट**

जनवकालतका क्रियाकलाप प्रभावकारी भएमा मात्र आदिवासी जनजाति, महिला र युवाहरूको उल्लेख्य रूपमा सहभागी गराउन सकिन्छ । क्रियाकलाप तथा गतिविधिहरू पहिचान गर्दा महँगो नहुने किसिमले गर्नुपर्दछ । यो सकेसम्म धेरै भन्दा धेरै जनमासमा पुर्‍याउन सक्ने हुनुपर्दछ । त्यसमध्ये पनि विशेष गरेर आदिवासी जनजाति महिला, सीमान्तीकृत समूहका साथै जनपैरवी अभियानलाई सहयोग गर्नेहरूमाफ पुर्‍याउन सक्ने हुनपर्दछ ।

### २.१.४ जनवकालतको कार्ययोजना निर्माण

आदिवासी जनजातिहरूले भोग्दै आएका समस्याहरूको पहिचान, जनवकालत अभियानका लक्ष्य, उद्देश्य, लक्षित समूह र कृयाकलापहरू पहिचान गरिसक्नु भएको छ । अबको पालो ती सबैलाई एकै ठाउँमा समेटेर जनवकालत कार्य योजना निर्माण गर्नु हो ।

कार्य योजना निर्माणको लागि विभिन्न कृयाकलापहरूको समयसीमा किटान गर्नु पर्दछ । कार्य योजना निर्माण गर्दा निम्न कुरामा केन्द्रीत हुनुपर्दछ ।

- लक्ष्य
- सूचकहरू
- लक्षित समूह
- उद्देश्य/हरू
- सहयोगी समूह
- कृयाकलापहरू

**जनवकालत अभियान कार्ययोजना**
**लक्ष्य**

| उद्देश्य | सूचक | सहयोगी | लक्षित समूह | कृयाकलाप | समयसीमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**कृयाकलाप ५. समूह कार्य**
**जनवकालत अभियान कार्ययोजना निर्माण**

क) कृयाकलाप २.२ मा विभाजित समूह अनुसार नै सहभागीहरूलाई आ-आफ्नो समूहमा सहभागी हुन लगाउनुहोस् ।

ख) सहभागीहरूले यो भन्दा अगाडि पहिचान गरी टिपोट गरेका विभिन्न बुँदाहरूको नतिजालाई जनवकालत अभियान कार्ययोजनामा एकै ठाउँमा राख्न लगाउनुहोस् ।

ग) प्रत्येक समूहमा न्यूजप्रिन्ट वा ब्राउन पेपर वितरण गरी माथि दिइएको कार्ययोजना तालिकालाई प्रयोग गर्न लगाउनुहोस् ।

घ) सहभागीहरूलाई पुनः एकै ठाउँमा भेला पारी समूहगत रूपमा तयार पारेका जनवकालत अभियान कार्य योजनालाई प्रस्तुति गर्न लगाई त्यसमाथि छलफल गर्न लगाउनुहोस् ।



तालिमका सहभागीहरू जनवकालत अभियान कार्ययोजना निर्माण गर्ने क्रममा छलफल गर्दै ।

### २.१.५ कृयाकलापहरूको कार्यान्वयन

जनवकालत अभियानका कार्ययोजना तयार गरिसकेपछि विभिन्न गतिविधि तथा कृयाकलापहरूलाई कार्यान्वयन गर्नुपर्दछ । कार्यान्वयन चरणमा हामीले प्राथमिकताको आधारमा गतिविधि तथा कृयाकलापहरूलाई छनौट गर्नुपर्ने हुन्छ । क्रमैसँग पहिलो, दोश्रो, तेश्रो हुँदै अन्तिममा गर्नुपर्ने क्रियाकलापहरूलाई प्राथमिकीकरण गर्नुपर्दछ ।

विभिन्न गतिविधिहरूलाई कार्यान्वयन गर्दा हामीले विचार गर्नुपर्ने कुराहरूलाई तल दिइएको छ ।

**१. निरन्तर अनुगमन**

कार्ययोजना अनुसार कार्य गर्नुपर्छ । कुनै पनि कामको थालनी गरिसकेपछि अन्तिम अवस्थासम्म निरन्तरता दिनुपर्छ ।

**२. प्राथमिकता दिने**

सबैले कार्य योजनामा केन्द्रीत हुनुपर्दछ । कार्ययोजना भन्दा बाहिर वहकिनु हुँदैन् ।

**३. समय पालन**

तोकिएको विशेष तिथिमितिमा काम शुरूवात गर्दा बढी प्रभावित र समुदायमा राम्रो असर पर्दछ भन्ने कुरा भुल्नु हुँदैन् । हामीले कृयाकलाप तथा गतिविधिलाई विशेष दिन वा अवसर पारी शुरूवात गर्नुपर्छ । जस्तै विश्व आदिवासी दिवस, लोकतन्त्र दिवस, सरकारी विदा र सरकारी कार्यक्रम आदि दिनहरूमा गर्दा बढी प्रभावकारी र उपलब्धिमूलक हुनसक्छ ।

### २.१.६ अनुगमन, मूल्यांकन र प्रतिक्रिया

जनवकालत अभियानको कार्य योजना अनुसार प्रगति भए नभएको हेर्न निरन्तर रूपमा अनुगमन, आवश्यकतानुसार मूल्यांकन र प्रतिक्रिया लिने काम गर्नुपर्दछ । यस क्रममा यदि कुनै पनि कृयाकलाप तथा गतिविधिहरू फेरबदल गर्नु पर्ने अवस्था आएको खण्डमा समयमा नै सुधार गरी अगाडि बढ्नुपर्दछ । यसरी बढेको खण्डमा हाम्रो लक्ष्य र उद्देश्य प्राप्तिमा सहयोग पुग्दछ ।

अनुगमन, मूल्यांकन र प्रतिक्रिया लिने काम हाम्रो उत्तरदायित्व जाँच गर्ने कसी पनि हो । जनवकालत अभियानका क्रममा हामीले के के गरिरहेका छौ ?

कसरी अगाडि बढिरहेका छौ ? उपलब्धि के भैरहेको छ ? भन्ने सम्बन्धमा सबैलाई जानकारी हुनुपर्दछ । यसो गरेको खण्डमा हाम्रो समुदायले जनवकालत अभियानको उद्देश्य अनुरूप भैरहेका गतिविधि र उपलब्धिका बारेमा जानकारी प्राप्त गर्नुका साथै कुनै गतिविधिहरू कारणवश परिवर्तन गर्नु परेको खण्डमा कार्य योजनामा परिवर्तन गर्न पनि सहयोग पुग्दछ ।

### अ) अनुगमन

जनवकालत अभियानको प्रगति र प्रभावकारिता सम्बन्धी सूचना संकलन गर्न अनुगमन गर्दछौ । अनुगमनबाट कार्य योजना अनुसारको गतिविधिहरू समयमा कार्यान्वयन भए नभएको कुरा थाहा हुन्छ । अनुगमनको सिलसिलामा स्थलगत समस्याहरू पनि थाहा हुने हुनाले त्यसको समाधानको उपायहरू निकाल्नमा पनि मद्दत मिल्दछ । अनुगमनका क्रममा निम्न प्रश्नहरूको उत्तर खोज्नु पर्दछ ।

१. हामीले कार्य योजनामा तोकेका गतिविधिहरू पूरा गरेका छौ ?
२. यदि छैन भने किन ?
३. हाम्रो लक्ष्य र उद्देश्य प्राप्ति गर्नका लागि कार्य योजनाका कुन कुन गतिविधिहरू परिवर्तन गर्नु पर्दछ ?

अभियानको हरेक चरणमा अनुगमन गर्न जरूरी छ । अनुगमन गर्दा हाम्रो उद्देश्य अनुरूप कृयाकलापहरू भइराखेका छन् कि छैनन् भनेर हेरिने हुनाले अनुगमनका आधारमा हामीले अगाडि बढाएका कृयाकलापले हाम्रो उद्देश्य र लक्ष्य पुरा हुने या नहुने कुरा थाहा पाउन र अरूलाई बताउन सक्छौं । यसका अतिरिक्त अनुगमन गर्दा हाम्रो अभियानका सम्बन्धमा थप महत्वपूर्ण सूचना तथा सुझावहरू पनि प्राप्त गर्न सकिन्छ ।

उदाहरणको लागि यदि हामीले सञ्चार अभियान सञ्चालन गर्‍यौं भने प्रेस विज्ञप्तिको संख्या, पत्रिकामा सूचना प्रकाशनको संख्याका आधारमा अभियानको प्रभावकारी र सफलता थाहा पाउन सक्दछौं ।

### आ) मूल्यांकन

मूल्यांकन अनुगमन भन्दा जटिल काम हो किनभने यस अन्तर्गत जनवकालत अभियानका कृयाकलापहरूले पारेको प्रभावलाई हेर्नुपर्ने हुन्छ । हामीले अनुगमनको क्रममा संकलन गरेका सूचनालाई विश्लेषण गर्ने काम मूल्यांकन चरणमा गरिन्छ । मूल्यांकनले कार्यक्रमको सबल र दुर्बल पक्षलाई समेत हेर्ने हुँदा कार्यक्रमको समग्र पक्ष र उद्देश्य हासिल गर्नका लागि भइरहेका गतिविधिहरूलाई समेत मूल्यांकन गर्ने गर्दछ । मूल्यांकनले कार्य योजना तथा कार्यक्रममा परिवर्तन गर्नका लागि आधार प्रदान गर्दछ ।


अभियानको उद्देश्य प्राप्तिको लागि कार्ययोजना र सूचकहरूको पहिचान गरेको कुरालाई भुल्न हुँदैन् । मूल्यांकन गर्दा सुचकहरूको आधारमा कति स्रोतसाधन र जनशक्तिको प्रयोग भयो ? हामीले के उपलब्धि हासिल गर्‍यौं ? भन्ने सम्बन्धमा थाहा पाउन सक्दछौं ।

**मूल्यांकन गर्दा उपयोगी हुने केही प्रश्नहरू तल दिइएको छ ।**

- हामीले उद्देश्यहरू हासिल गरेका छौं ?
- यदि छैन् भने किन ?
- अभियान परिणाममुखी बनाउन रणनीतिमा के परिवर्तन गर्नु आवश्यक छ ?

**मूल्यांकनका आधारभूत प्रक्रिया**

**मूल्यांकनलाई प्रभावकारी बनाउनका लागि चित्रमा देखाइए अनुसार प्रयोग गर्न सकिन्छ ।**



**इ) सुझाव/प्रतिक्रिया**

सुझाव संकलनले हाम्रो अभियानको बारेमा अरूको दृष्टिकोण वा प्रतिक्रिया सम्बन्धी जानकारी लिन सहयोग पुग्दछ । आदिवासी जनजाति समुदाय, सहयोगी र सर्वसाधारण जनताबाट अभियानले पारेको प्रभाव र आउँदो दिनहरूमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रतिक्रिया वा सुझाव लिनु आवश्यक हुन्छ । लक्षित समूहसँग कुराकानी गरी अभियानका कृयाकलापहरूप्रति उहाँहरूको प्रतिक्रिया लिनुका साथै सहभागीहरूलाई प्रत्येक क्रियाकलापपछि मूल्यांकन फाराम भर्न लगाएर उनीहरूको प्रतिक्रिया र सुझाव संकलन गर्न सकिन्छ ।

## सत्र २.२ जनवकालत अभियान योजनामा ध्यान दिनुपर्ने कुराहरू

**समय : १ घण्टा**

क) तपाईसँग सवाल वा मुद्दाका सम्बन्धमा पूर्व सूचना छ, छैन् ? निश्चित हुनुहोस् । यदि छैन भने संकलन गर्नुहोस् ।

ख) जनवकालत अभियान कार्यले समस्याबाट प्रभावित समुदाय लाभान्वित हुनुपर्दछ । यसका लागि यी गतिविधिहरू गर्नु आवश्यक हुन्छ :

- यी समुदायहरू वास्तवमा कुन हुन ? पहिचान गर्नुहोस् ।
- यी समुदायहरू आफ्नो सवालहरूमा सचेत छन् कि छैनन् पत्ता लगाउनुहोस् ।
- यदि सचेत छन् भने उनीहरूको सवालसँग सम्बन्धित सूचना तथा बुझाईको स्तर पत्ता लगाउनुहोस् ।
- उनीहरू सवालका बारेमा के सोच्दछन् ? कस्तो अनुभव गरेका छन् ? उनीहरूलाई परिचालन गर्न सकिन्छ कि सकिदैंन भन्ने कुरा पनि पत्ता लगाउनुहोस् ।

**ग) राजनैतिक अवस्थाको मूल्यांकन**

सरकारका विभिन्न निकायका पदाधिकारीहरू तपाईको सवालप्रति कस्तो धारणा राख्दछन् पत्ता लगाउनु पर्दछ । कुन सरकारी निकायले समर्थन गर्दछन्, कुनले गर्दैनन्, कुन सहयोगी हुन सक्छन् र कुन विपक्षमा छन्, भन्ने कुराको ख्याल गर्नुपर्छ । अभियान सञ्चालनमा राजनीतिक परिवेशले कतिको साथ दिन सक्छ भन्ने कुराको थाहा हुनुपर्दछ । यदि राज्यले तपाईको अभियानप्रति दमनकारी नीति अपनाएको खण्डमा कसरी प्रतिकार गर्ने वा त्यस्तो राजनीतिक परिवेशमा कस्ता कृयाकलाप बढी उपयुक्त र प्रभावकारी हुन सक्छन् भनि मूल्यांकन गर्नुपर्छ ।

**घ) मुद्दालाई सञ्चार माध्यमले दिएको स्थान र जनजागरण मूल्यांकन**

कुन किसिमको शैक्षिक सामाग्री र सूचनाले सर्वसाधारण जनताको ध्यान आकृष्ट गर्न सकिन्छ भनि मूल्यांकन गर्नु पर्ने हुन्छ । त्यस्तै मुद्दालाई सञ्चार माध्यमले कतिको प्राथमिकता दिई प्रकाशन गरेका छन् र सर्वसाधारण जनता मुद्दाका सम्बन्धमा कतिका सचेत छन् मूल्यांकन गर्नु पर्दछ ।

**ङ) अभियान संयन्त्रको मूल्यांकन**

तपाईको संस्थामा कसले अभियानको लागि समय दिन सक्छन्, निधो गर्नुपर्दछ । उनीहरूको क्षमता र दक्षताको जानकारी लिई अभियानको लागि कुन भूमिका निर्वाह गर्ने हो तोकिदिनु पर्दछ । तपाईको संस्थाभन्दा बाहिरबाट अभियानमा कसलाई सहभागी गर्न सकिन्छ पहिचान गरी उनीहरूको दक्षता र क्षमताको आधारमा अभियानमा दिन सकिने भूमिकाको एकिन गर्नु पर्दछ ।

**च) अभियान हाँक्ने अभियन्ताहरूको क्षमता र दक्षताको आधार**

अभियानको क्षेत्र वा परिधि निर्धारण गर्नु पर्दछ । यो स्थानीय (गाविस, नगरपालिका, जिल्ला), राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कुन स्तरको हुने हो निश्चित गर्नुपर्छ ।

छ) उपलब्ध भौतिक श्रोत र थप उपलब्ध हुन सक्ने संभावित सामाग्रीहरूको बारेमा स्पष्ट हुनुपर्दछ ।
ज) लक्ष्यलाई कसले सहयोग गर्न सक्दछ ? र, उनीहरूसँग कसरी सम्पर्क गर्न सकिन्छ भन्ने सम्बन्धमा जानकारी राख्नुपर्दछ ।
झ) लक्ष्य तथा उद्देश्य पुरा गर्नका लागि कस्ता रणनीति, कृयाकलाप वा गतिविधिहरू प्रभावकारी हुनसक्दछन् स्पष्ट हुनुपर्दछ ।
ञ) कसरी रणनीतिहरूलाई प्रभावकारी बनाउन सकिन्छ भन्नेमा ध्यान दिनु पर्दछ । अभियानको संभावित नतिजा, जोखिम, सफलता र असफलता सम्बन्धमा ध्यान दिनुपर्दछ ।
ट) कृयाकलाप र रणनीतिलाई मिलाएर प्रभावकारी र कम खर्चिलो कसरी बनाउने भन्नेमा ध्यान दिनुपर्छ ।
ठ) जनवकालत अभियानले कति समय लिन सक्छ ? यसलाई दिगो र लक्ष्य उन्मुख कसरी बनाउने भन्ने कुरामा ख्याल गर्नुपर्छ ।

माथि उल्लेखित बुँदाहरूले जनवकालत अभियान योजना कस्तो निर्माण गर्ने भन्ने कुरा निर्धारण गर्दछ । यसका साथै लक्ष्य तथा उद्देश्यहरूलाई रणनीति अनुसार पुनरावलोकन गर्न महत्वपूर्ण हुन्छ ।

जानकारीको लागि इण्डोनेशियाको आदिवासी जनजातिहरूका सञ्जाल (अमान) द्वारा तयार गरिएको जनवकालत कार्य योजनालाई यहाँ दिइएको छ ।

## प्रस्तावित जनवकालत कार्ययोजना

लक्ष्य : रेड कार्य समूह (REDD Task Force) को सन् २०१३-१८ सम्मको राष्ट्रिय रेडप्लस रणनीतिमा पारदर्शिता र कार्यान्वयनको लागि आदिवासी जनजातिहरूको सहभागिता सुनिश्चित गर्ने ।

| उद्देश्य | सूचक | सहयोगीहरू | लक्षित | कृयाकलाप | समयसीमा |
|---|---|---|---|---|---|
| १. नीति निर्माताहरूसँग पैरवी गर्ने । राष्ट्रिय तथा प्रान्तीय तहमा रेडप्लस कार्यक्रममा आदिवासीलाई सहभागी गराउन पैरवी गर्ने । | ▪ आदिवासी जनजातिहरूलाई राष्ट्रिय तथा प्रान्तीय रेडप्लस रणनीतिको अनुगमन, मूल्यांकन, कार्यान्वयन गतिविधिहरूमा सहभागी गराउन निर्देशिका खाका बनाउने,<br>▪ रेडप्लस कार्यान्वयन प्रकृयाको लागि आदिवासी जनजातिहरूको अनुगमन, मूल्यांकनको मागको गतिविधिहरूलाई संकलन गर्ने ।<br>▪ राष्ट्रिय रेडप्लस रणनीति कार्यान्वयनको लागि आदिवासी जनजातिहरूलाई सहभागी गराइएको कार्यशाला तथा गोष्ठी संख्या, रेडप्लस कार्य समूहको छलफलमा आदिवासी जनजातिहरूको प्रतिनिधित्व संख्या । | ▪ भूमि सुधार मन्त्रालय,<br>▪ एकेडेमीहरू,<br>▪ विकास, अनुगमन र नियन्त्रणको लागि राष्ट्रपतीय कार्य युनिट (युकेपी ४),<br>▪ आदिवासी जनजातिहरू,<br>▪ नागरिक समाज संस्थाहरू, गैर सरकारी संस्थाहरू आदि । | ▪ वन मन्त्री,<br>▪ रेड कार्य समूह<br>▪ वन मन्त्री,<br>▪ रेड कार्य समूह | ▪ राष्ट्रिय स्तरमा १० बैठक र प्रान्तीय स्तरमा १० बैठक ।<br>▪ राष्ट्रिय र प्रान्तीय स्तरमा रणनीतिको मस्यौदा तयार गर्ने ।<br>▪ रेडप्लस कार्यान्वयन अनुगमन र मूल्यांकन प्रकृयामा आदिवासी जनजातिहरूको सहभागिताको लागि बैठक गर्ने ।<br>▪ राष्ट्रिय रेडप्लस कार्यक्रम आदिवासी जनजातिहरूद्वारा अनुगमन तथा मूल्यांकनमा गर्न निर्देशिका तयार गर्ने ।<br>▪ राष्ट्रिय स्तरमा ३ वटा कार्यशाला ।<br>▪ ५ वटा कार्यशालाहरू राष्ट्रिय तथा प्रान्तीय तहमा गर्ने ।<br>▪ २० जिल्लाहरूमा कार्यशाला गोष्ठीहरू गर्ने ।<br>▪ समुदायमा ४० वटा कार्यशाला र समूहगत छलफल गर्ने । | २०१३-२०१५ |

| उद्देश्य | सूचक | सहयोगीहरू | लक्षित | कृयाकलाप | समयसीमा |
|---|---|---|---|---|---|
| २. राष्ट्रिय तथा प्रान्तीय स्तरको रेडप्लस रणनीति कार्यान्वयन प्रक्रियामा आदिवासी जनजातिहरूलाई सहभागी गराउने । | रेडप्लस कार्यक्रमको अनुगमन तथा मूल्यांकनको लागि आदिवासी जनजातिहरूलाई दिइएको तालिमहरूको संख्या । | ■ भूमि सुधार मन्त्रालय,<br>■ एकेडेमीहरू,<br>■ विकास, अनुगमन र नियन्त्रणको लागि राष्ट्रपतीय कार्य युनिट (युकेपी ४),<br>■ आदिवासी जनजातिहरू,<br>■ नागरिक समाज संस्थाहरू, गैर सरकारी संस्थाहरू आदि । | | ■ सामाजिक सञ्जाल र मिडियाबाट सूचनाको प्रवाह गर्ने ।<br>■ छलफल कार्यक्रम<br>■ ट्वीटरङ्<br>■ एसएमएस ।<br>■ आदिवासी जनजातिहरूद्वारा रेडप्लस अनुगमनको लागि अनुगमन निर्देशिका प्रकाशन ।<br>■ विभिन्न सामाग्रीहरूको प्रकाशन वितरण र सूचना प्रवाह ।<br>■ विभिन्न ब्रोशर, पर्चा, पोस्टर आदि प्रकाशन ।<br>■ रेडप्लस कार्यक्रमको अनुगमन र मूल्यांकनका लागि प्रान्तीय राष्ट्रिय तथा प्रान्तीय स्तरमा तालिमको लागि तालिम निर्देशिका तयार गर्ने । | २०१५-२०१८ |
| ३. राष्ट्रिय तथा प्रान्तीय स्तरमा रेडप्लस रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकन प्रकृयामा सहभागी गराउन आदिवासी जनजातिहरूको क्षमता अभिवृद्धि गराउने । | ■ आदिवासी जनजाति सहभागीहरूलाई अनुगमन र मूल्यांकनको लागि दिइएको तालिम संख्या ।<br>■ प्रशिक्षक प्रशिक्षण कार्यक्रम संख्या (५ प्रान्तहरूमा) | ■ भूमि सुधार मन्त्रालय,<br>■ एकेडेमीहरू,<br>■ विकास, अनुगमन र नियन्त्रणको लागि राष्ट्रपतीय कार्य युनिट (युकेपी ४),<br>■ आदिवासी जनजातिहरू,<br>■ नागरिक समाजका संस्थाहरू, गैर सरकारी संस्थाहरू आदि । | | ■ आदिवासी जनजातिहरूद्वारा अनुगमन तथा मूल्यांकन गर्नका लागि टुलकिट (Toolkit) तयार गर्ने ।<br>■ १५ वटा तालिमहरू आदिवासी जनजातिहरूका लागि ५ प्रान्तमा गर्ने ।<br>■ ५ प्रान्तहरूमा प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न गर्ने । | २०१५-२०१८ |

•••

## मोड्युल : तीन

# जनवकालत अभियानका रणनीति, सीप र विधि

अघिल्लो मोड्युलहरूमा हामीले जनवकालत र पैरवीको बारेमा छलफल गऱ्यौं । आदिवासी जनजातिहरूको सवाल र अधिकारलाई जलवायु परिवर्तन र रेडप्लसमा सुनिश्चित गराउन आवश्यक भएको कुरा पनि छलफल गऱ्यौं । हामीले जनवकालत अभियान र यसका चरणहरूको बारेमा पनि थाहा पायौं । हामीले जनवकालत अभियानको तयारी, अभियानका विभिन्न पक्षहरूलाई एकै ठाउँमा राखेर जनवकालतको कार्य योजना बनाउने तरिका पनि सिक्यौं । साथै अभियानका कृयाकलापहरूको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको महत्व र प्रतिक्रिया लिने तरिका थाहा पायौं ।

यस मोड्युलमा हामीले यो भन्दा अगाडि पहिचान गरिसकेका लक्ष्य र उद्देश्य हासिल गर्नका लागि जनवकालत अभियानका अन्य पक्षह हेर्नेछौं । यस अन्तर्गत आदिवासी जनजाति समुदायका सदस्यहरूको क्षमता वा सीप विकासका लागि सिक्नुपर्ने कुराहरू पर्दछन् ।

### उद्देश्य

यो मोड्युलको अन्त्यमा, आदिवासी जनजाति अगुवा र अभियन्ताहरूको जनवकालत अभियानमा आवश्यक पर्ने सीप र क्षमताको विकास हुनेछ ।

**समय : ८ घण्टा (एक दिन)**

**सामाग्रीहरू**

- ब्राउन पेपर वा न्यूज प्रिन्ट
- ब्लाकबोर्ड वा व्हाइटवोर्ड
- विभिन्न रंगका मार्कर
- मास्किङ टेप
- ल्यापटप र एलसिडी
- मेटाकार्ड
- अभियानका लागि चाहिने नमूना पोस्टरहरू

जनअभियान सम्बन्धी सामाग्रीहरू (भिडियो र वृत्तचित्र, ऱ्याली, जुलुस, धर्ना, बैठक, छलफल आदिका फोटोहरू) मोडुल २ को २.१.४ मा तयार गरेको जनवकालतको कार्य योजना ।

**सहजकर्ता/प्रशिक्षकलाई सुझाव तथा निर्देशन**

क. यस मोड्युलमा सुझाव र सीप विकास गर्ने कुराहरूलाई संयुक्त रूपमा समावेश गरिनुपर्दछ ।

ख. छलफलका क्रममा सुझावका लागि सहभागीहरूलाई आफ्नो समुदायमा आफैले भोगेका अनुभवहरू भन्न लगाउनुहोस् । उनीहरूको अनुभवका आधारमा कुन अवस्थामा के कुराले काम गऱ्यो र के कारणले गरेन सोध्नुहोस् । सहभागीहरूको अनुभवहरूका आधारमा विषयवस्तुलाई उदाहरण सहित स्पष्ट पार्नुहोस् ।

ग. अघिल्लो मोड्युलहरूमा गरेका छलफलहरू पुनः नदोहोरियोस भनि ख्याल गर्नुपर्छ । छलफलमा आएका समस्या र सवालहरूलाई कसरी पहिचान गरियो, कसरी जनवकालत अभियान योजना निर्माण गरियो भन्ने सम्बन्धमा बुझाउनुहोस् । उदाहरणको लागि सञ्जाल निर्माण र नेटवर्किङले सरोकारवालाहरूको पहिचान गराउने, मुद्दामा एकजुट हुने, सूचना मार्फत समस्याको पहिचान, लक्ष्य र उद्देश्य निर्धारण आदि ।

घ. क्षमता विकासका लागि यस मोड्युलमा मुख्यरूपले भाषण/मन्तव्य दिने, रेडियो, टिभी र पत्रिकालाई अन्तरवार्ता दिनेमा जोड दिनुपर्छ । उनीहरूको क्षमता र सीप विकासका लागि प्रेस विज्ञप्ति, स्टेटमेन्ट, पर्चा, बुलेटिन आदि तयार गर्ने र प्रकाशन गर्ने जस्ता कुराहरू सिकाउनुपर्छ ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**
हामीले हाम्रो लक्ष्य र उद्देश्यहरू पहिचान गरिसकेपछि मात्र सन्देश/सूचना प्रवाहित गर्ने काम हुन्छ। जनवकालत अभियानको कार्य योजनालाई अन्तिम रूप दिनु भन्दा अगाडि नै यो काम गरिनु पर्दछ।

## सत्र ३.१ सन्देश/ सूचना प्रवाह

**समय : ३ घण्टा**

### ३.१.१ सन्देश भनेको के हो ?

हामीले हाम्रा सवाल, लक्ष्य र उद्देश्यहरू पहिचान गरिसकेपछि सन्देशको परिभाषित गर्नु पर्दछ। खास गरेर सन्देश तपाईंका लक्षित समूहहरूबीच कसरी पुग्ने, उहाँहरूलाई के कुरा जानकारी गराउने र के गर्न लगाउने भन्ने कार्यको लागि प्रयोग गरिन्छ। हाम्रो लक्षित समूहमा स्थानीय स्तरका जनसमुदाय, सरकारको विधायिका, स्थानीय र राष्ट्रिय तहका संघसंस्थाहरू निजी कम्पनी लगायत अन्य संस्थाहरू जसले हाम्रा लक्ष्य हासिल गर्नमा सहयोग गर्नेहरू पर्दछन्।

हामीले कसरी सन्देशको पहिचान गर्ने, लक्षित समूहहरूमा सन्देशलाई प्रभावकारी रूपमा कसरी पुऱ्याउने भन्ने कुराको सुनिश्चित गर्नुपर्छ।

**सन्देश सही, स्पष्ट, छोटो र सान्दर्भिक हुनुपर्छ।**
सन्देश अति होशियारीका साथ तयार गर्नुपर्दछ। सन्देश सबैले सरलरूपमा बुझ्न सक्ने छोटो, स्पष्ट र सान्दर्भिक हुनुपर्दछ। सन्देश लक्षित समुदायको ध्यानाकृष्ट गर्ने र उनीहरूका आवश्यकतालाई पुरा गर्ने हुनुपर्दछ। तपाईले साधारण सन्देश र मुख्य सन्देशहरू बनाउनु सक्नुहुनेछ। उदाहरणको लागि तपाईले विधायिकालाई दिने सन्देश र सर्वसाधारणलाई दिने सन्देशमा फरक हुन सक्दछ।
**सन्देशको निर्माण र विषयगत आकार कसरी दिन सकिन्छ भन्ने सवालमा उदाहरण प्रस्तुत गरिएको छ।**

| | |
|---|---|
| **समग्र सन्देश/सूचना** | हामीले हाम्रो वनजंगलको संरक्षण अनन्त कालदेखि गर्दै आएका कुरालाई राज्यले मान्यता दिनुपर्छ। त्यसो भएको खण्डमा मात्र वनजंगलको दिगो संरक्षण र व्यवस्थापनले निरन्तरता पाउँछ। |
| **लक्ष्य** | मुख्य सन्देश |
| **वन कार्यालय, वन विभाग, वन तथा भूसंरक्षण मन्त्रालय** | हामीले वनजंगल संरक्षणको लागि अपनाउँदै आएको तरिका नै संरक्षणको उत्तम विधि हो। वन विभाग र कार्यालयले हामीसँग वार्ता गरी हाम्रो अनुभव र पहलहरूलाई आदानप्रदान गर्ने अवसर दिएको खण्डमा, हामीले विगतदेखि गर्दै आएको योगदानलाई कानूनी मान्यता प्रदान गर्नमा सहयोग पुग्दछ। |
| **विधायक/ सभासद** | हाम्रो देशको वन सम्बन्धी ऐन, कानून र नीतिहरूको परिमार्जन र परिवर्तन गरी वनजंगलको दिगो संरक्षण र व्यवस्थापनमा आदिवासी जनजाति समुदायमा प्रचलित प्रथाजनित कानून र परम्परालाई कानूनी मान्यता दिलाउन सहयोग गर्नुपर्दछ। |

**कृयाकलाप १. सन्देशको पहिचान**
१. सहभागीहरूलाई मोड्युल २ मा विभाजन गरिए बमोजिम आ-आफ्नो समूहमा बस्न लगाउनुहोस्।
२. उनीहरूले यो भन्दा अगाडि नै पहिचान गरेका लक्ष्य र उद्देश्य अनुरूप एउटा मुख्य सन्देश बनाउन लगाउनुहोस्।
३. सन्देश तयार गर्दा पहिचान गरिएको लक्षित समूहलाई मेल खाने खालको बनाउन लगाउनुहोस्।

४. सन्देशलाई स्पष्ट, सान्दर्भिक, सही र छोटो बनाउन लगाई त्यसलाई वर्णन गर्न लागाउनुहोस् ।
५. सन्देश तयार गरिसकेपछि प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाई त्यसमाथि छलफल र प्रतिक्रिया दिन लगाउनुहोस् ।

### ३.१.२ सन्देशलाई प्रवाह गर्ने माध्यमहरू के के हुन् ? सञ्चार तथा अन्य माध्यमहरू

**कृयाकलाप २. हाम्रो सन्देशलाई फैलाएर**

१. सहभागीहरूलाई मेटाकार्ड र मार्कर वितरण गर्नुहोस् ।
२. सहभागीहरूलाई आफ्नो अनुभवको आधारमा लक्षित समूहबीच सन्देश पुऱ्याउन सकिने उत्तम माध्यमका बारेमा लेख्न लगाउनुहोस् ।
३. उनीहरूले लेखेको उत्तरलाई व्याख्या सहित भन्न लगाउनुहोस् ।
४. मेटाकार्डलाई संकलन गर्नुहोस् । विभिन्न शीर्षकहरू अन्तर्गत आएका सुझावहरूलाई सोही अनुसार समूहगत रूपमा भित्ता वा बोर्डमा टाँस्नुहोस् । जस्तै विभिन्न माध्यमहरू : पत्र-पत्रिका रेडियो, टिभी, इन्टरनेट र सामाजिक मिडिया, भिडियो डकुमेन्ट्री, भाषण, वेवसाइट, फेसबुक, ट्विटर आदि ।

**सजहकर्ता/प्रशिक्षकलाई नोट**

१. सहभागीहरूले पहिचान गरेका प्रभावकारी सन्देश प्रवाह गर्ने माध्यमलाई तपाईको कार्य योजनामा समावेश गर्नुहोस् ।
२. छलफलको लागि केही बुँदाहरू : तपाईं पत्रकार सम्मेलन गरी सञ्चार माध्यम मार्फत सन्देश प्रवाह गर्न चाहनुहुन्छ ? वा विज्ञापन विधिबाट जनसमुदायको ध्यान आकृष्ट गर्नुहुन्छ ? सबै प्रकारका जनवकालतको लागि मिडिया आवश्यक पर्दैन भन्ने कुरा पनि ख्याल गर्नुहोस् । कहिलेकाही सन्देश प्रवाहको लागि मार्केटिङ र विज्ञापनबाट पनि गर्न सकिन्छ ।
३. मिडियाको प्रयोगको बारेमा सत्र ३.६ मा थप चर्चा गरिनेछ । अन्य सन्देश प्रवाहका माध्यमहरूको बारेमा छलफल गर्न नमूनाको लागि फोटोकपि गरी ल्याउनुहोस् ।

### समुदायले प्रयोग गर्न सक्ने अन्य तरिकाहरू

**१. पोस्टर, व्यानर र संकेत**

यी माध्यमहरू सन्देश प्रवाह गर्ने कामका लागि बढी प्रभावकारी र मन जित्नसक्ने खालका हुन्छन् । सन्देश स्पष्ट र आकर्षक बनाई प्रवाह गर्नुहोस् । कहिलेकाही सामान्य पनि बढी प्रभावकारी हुन सक्दछ ।

**२. वक्तव्य (स्टेटमेन्ट) अवधारणा पत्र, न्युजलेटर, पर्चा, अनुसन्धान प्रतिवेदन, हाँस्य कमिक्स आदि**

सूचना तथा सन्देशलाई जनतासमक्ष प्रवाह गर्नका लागि यी माध्यमहरू बढी उपयोगी र प्रभावकारी हुन्छन् । तथापि, यसका लागि कम्तीमा पनि एकजना दक्ष लेखक र अन्य श्रोतहरूको आवश्यकता पर्दछ । त्यसैले तपाईले आवश्यक श्रोत कसरी जुटाउने, क्षमता र सीप विकास कसरी गर्ने, सन्देशलाई यी माध्यमहरू मार्फत कसरी प्रवाह गर्ने भन्ने सम्बन्धमा स्पष्ट हुनुपर्दछ । गैर सरकारी संस्था र अन्य सहयोगी समूहसँगको सहकार्य र साझेदारीमा यी सामाग्रीहरूको निर्माण गरेको खण्डमा बढी प्रभावकारी हुन सक्दछ ।

**३. टेक्स्ट पठाएर, वेवसाइट र सामाजिक मिडिया**

सूचना प्रवाहको लागि महत्वपूर्ण माध्यमको रूपमा पठाएर गर्न सकिन्छ । उदाहरणको लागि अमानले आदिवासी जनजाति समुदाय र समर्थकहरूको माझमा टेक्स्टद्वारा सूचना पठाएर ताडको खेती, भूमि अधिग्रहण र अधिकारको उल्लंघनको विरूद्ध आदिवासी जनजातिलाई परिचालन गर्न अभियान चलाएका थिए । बिस्तारै वेवसाइट र इन्टरनेटको साधनहरू पनि स्थानीय स्तरमा पहुँच वृद्धि हुन पुगेको हुनाले यसको प्रयोग गर्नुपर्दछ । युवायुवतीहरूलाई लक्षित गरी सूचना प्रवाहमा पहुँच तथा सहभागी गरिंदा सूचना प्रवाहमा प्रभावकारी भूमिका हुन्छ । फेसबुक, ट्विटर, याहु, जिमेल, ब्लगस्पोट र

वेवसाइट जस्ताले जनसमुदायमाझ सूचना प्रवाहमा प्रभावकारी भूमिका खेल्न सक्दछ ।

**४. भिडियो डकुमेन्ट्री**

आज आएर भिडियो सूचना प्रवाह गर्ने माध्यमको रूपमा लोकप्रिय बनेको छ । यो वृहत जनमाससम्म पुग्ने गर्दछ । यो प्रविधिको प्रयोग महँगो भएता पनि ठूलो जनमासलाई समेट्न सहयोग पुऱ्याउँदछ । तर, यसका लागि दक्ष जनशक्ति र श्रोताको आवश्यकता पर्दछ । गैरसरकारी संस्था र अन्य संस्थाहरूसँग साझेदारी गरी डकुमेन्ट्री निर्माण तालिम र प्राविधिक सहयोग उपलब्ध गराएर यो कार्य सम्पन्न गर्न सकिन्छ । यदि यो संभव नभएमा, कुनै सहयोगी संस्था खोजेर पनि तपाईको सवाल तथा समस्याको बारेमा डकुमेन्ट्री निर्माण गर्न सकिन्छ ।

### ३.१.३ सार्वजनिक स्थलमा भाषण दिएर

सन्देशलाई लक्षित जनसमुदाय वा श्रोताहरूको माझमा प्रभावकारी रूपमा पुऱ्याउन दक्ष सीप वा क्षमताको आवश्यकता पर्दछ । समुदायका अगुवाहरू सूचना प्रवाहका लागि प्रभावकारी माध्यम हुन्छन् । समुदायका अगुवाहरूले अनौपचारिक रूपले चियापसल, सार्वजनिक बस तथा रेलको यात्रा, तथा दैनिक भेटघाट र हिड्डुलको क्रममा कुराकानी गर्ने क्रममा अनुभव आदानप्रदानबाट सन्देशलाई प्रभावकारी रूपले प्रवाह गरिराखेका हुन्छन् । त्यस्तै औपचारिक कार्यक्रम, बैंठक, छलफल, धार्मिक भेला आदिमा पनि सूचना तथा सन्देशहरू प्रवाह गरिराखेका हुन्छन् । समुदायका भेला, सरकारी अधिकारी, सञ्चारकर्मीहरूसँग सूचना प्रवाह गर्न आगन्तुकहरूलाई प्रयोग गर्न सकिन्छ । प्रभावकारी वक्ता हुनका लागि विशेष कला र क्षमता हुनपर्छ तर स्थानीय समुदायमा श्रोता पनि सामान्य किसिमको हुनाले खासै फरक पर्दैन ।

**जनसमुदायबीचमा प्रभावकारी रूपमा भाषण वा मन्तव्य दिई सन्देशलाई फैलाउन केही निर्देशिका दिइएको छ ।**

**१. भाषण तथा प्रस्तुतिको तयारी**

भाषणलाई प्रभावकारी बनाउन यसको थालनी, विचको मुख्य भाग र अन्त्यलाई व्यवस्थित गनुपर्छ । यसलाई थालनी/शुरूवात शीर्षक अनुसार विगतदेखि हालसम्मको घटनाक्रम समावेश गर्न सकिन्छ । सबैभन्दा महत्वपूर्ण सवाल र घटनाक्रमलाई सिलसिलाबद्ध रूपमा कसले, कहिले, कहाँ, कसरी र किन ? गरेको भन्ने कुरालाई समेट्नु पर्दछ । भाषणको प्रस्तुतिमा श्रोताको स्तर, अवस्था, समय आदिले पनि महत्वपूर्ण भूमिका खेल्दछ । साथै वक्ताको विषयवस्तु प्रतिको ज्ञान, भाषण दिने शैली आदिले पनि प्रभाव पार्दछ ।




वृहत् जनसभामा आफ्नो मन्तव्य व्यक्त गर्दै नेफिन अध्यक्ष नगेन्द्रकुमार कुमाल ।

**थालनी**

श्रोताको ध्यानाकर्षण गर्न परिचयबाट शुरू गर्नुपर्छ । उदाहरणको लागि छोटो कथा, प्रसिद्ध उदगार (कोटेशन), कुनै मार्मिक घटना र सवालको उठान गरी जनसमुदायको चाहना अनुसारको प्रश्न गरेर उनीहरूको ध्यान आकृष्ट गर्नुपर्छ । औपचारिकतामा ध्यान दिनुभन्दा पनि सन्देशमा केन्द्रीत भएर बोल्दा राम्रो हुन्छ । कार्यक्रममा उपस्थित प्रमुख अतिथि, अतिथि, पत्रकार, चन्दादाता, सहयोगी र श्रोताहरूलाई धन्यवाद दिनुपर्दछ ।

**मुख्य/बीचको भाग**

यस भागमा भाषणको मूल विषयवस्तुलाई समेटेर सिलसिलाबद्ध रूपमा संगठित गरेको हुनुपर्छ । भाषण लामो भएमा श्रोताहरू झर्को मान्ने हुनाले बीचबीचमा कुनै ठट्टा र कथा आदि सुनाएर सबैको ध्यान आकृष्ट गराई राख्नु पर्दछ ।

**अन्त्य**

भाषणको अन्त्यमा समग्र रूपमा तपाईले दिन खोजेको सन्देशको निचोडलाई श्रोताहरूले बुझ्ने भाषामा स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्दछ । प्रभावकारी निचोडले श्रोतालाई प्रेरणा, उत्साह, जोश तथा जाँगर जगाई अगाडि बढ्न प्रेरित गर्दछ । श्रोताहरूले सम्झन सक्ने गरी निचोडलाई प्रस्तुत गर्नुपर्दछ ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

न्यूजप्रिन्टमा तलको सुझावहरूलाई प्रस्तुत गरी ती बुँदाहरूको आधारमा थप व्याख्या गर्नुहोस् ।

**सार्वजनिक स्थलमा भाषण गर्न सुझाव**

- **तपाईको सन्देशलाई सरल र स्पष्ट बनाउनुहोस्** : समस्याहरूलाई बुँदागत रूपमा सम्बोधन गर्नुहोस्, तपाई श्रोताहरूलाई समस्याहरूको बारेमा किन जानकारी गराउन चाहनुहुन्छ ? ती समस्याहरू समाधानको लागि के गरिनुपर्छ उल्लेख गर्नुहोस् ।
- **सन्देश शक्तिशाली र उत्प्रेरित गर्न सक्ने बनाउनुहोस्** : श्रोताको मन जित्नको लागि तपाईले केही बाध्यात्मक कुरालाई राखी ध्यानाकर्षण गर्नुहोस् ।
- **नयाँ सन्देशको रचना गर्नुहोस्** : तथ्यांक मात्र प्रस्तुति गर्नु भन्दा समुदायको सवाललाई नयाँ ढंगले उठान गरी जनमासमा प्रभाव पार्न सक्ने किसिमको तयार गर्नुहोस् ।
- **नबुझिने अस्पष्ट शब्दावलीलाई हटाउनुहोस्** : सबै श्रोताले बुझ्ने सरल भाषा प्रयोग गर्नुहोस् । ठूला नारा तथा नबुझिने शब्दावलीहरू प्रयोग नगर्नुहोस् ।
- **श्रोताको स्तर थाहा पाउनुहोस्** : श्रोताको पहिचान गर्नुहोस् । यदि तपाईं कानूनविद्लाई भाषण दिंदै हुनुहुन्छ भने सर्वसाधारणलाई दिने भाषण भन्दा फरक पार्नुहोस् । अवस्था, विषयवस्तु, समयावधि, परिस्थिति अनुसार भाषण तयार गर्नुहोस् ।
- **श्रोताहरूको दिमागमा जिज्ञासा उत्पन्न गराउनुहोस्** : सहभागीको मन जित्ने वा हृदय छुने गरी बोल्नुहोस् । तपाईंको बोलीले श्रोताहरूको दिमागमा जिज्ञासा उत्पन्न गराउन सक्नुपर्दछ ।

**२. भाषणको अभ्यास र प्रवाह**

भाषण गर्नुभन्दा अगाडि जतिबढी अभ्यास गर्‍यो उति नै राम्रो र प्रभावकारी हुन सक्दछ । अभ्यासले तपाईलाई आत्मविश्वास बढाउन, भाषणलाई व्यवस्थित पार्न र स्मरण गर्न सहयोग पुर्‍याउँछ । ऐनाको अगाडि उभिएर दोहोर्‍याई, तेहेर्‍याई अभ्यास गरेको खण्डमा वा परिवारको सदस्य र साथीहरूको माझ प्रस्तुत गरी उनीहरूको सुझाव लिएर सुधार गरेमा अझ बढी प्रभावकारी हुन्छ ।

मुख्य मुख्य बुँदाहरूलाई टिपोट गरी अभ्यास गर्नाले थोरै शब्द र बुँदाहरू मात्र याद गरे पुग्ने हुनाले भाषण गर्दा सजिलो हुनेछ ।

भाषण कसरी गर्ने भन्ने कुरा उठान गरिने सवाल, विषयवस्तु र श्रोताले पनि निर्धारण गर्दछ । भाषण लिखित वा मौखिक दुवै तरिकाले दिन सकिन्छ । वक्ताले पोडियम पनि प्रयोग गर्न सक्छन् वा श्रोताहरूको बीचमा यताउता हिड्दै, शारीरिक हाउभाउका साथ पनि गर्न सक्दछ ।

कसैले बढी ठूलो आवाज र सशक्त रूपले भाषण गर्ने गर्दछन् भने कोही नरम आवाजमा गर्ने गर्दछन् । अभ्यासले नै वक्तालाई कुन तरिकाले भाषण गर्दा प्रभावकारी हुन्छ भन्ने कुरा सिकाउँदछ ।

प्रायः भाषण गरी सकेपछि प्रश्नोत्तर गर्ने गरिन्छ । त्यसैले संभावित प्रश्नको उत्तर कसरी दिने भन्ने सम्बन्धमा तयार गर्नुपर्छ । आयोजकले श्रोताहरूलाई भाषण सुनिसकेपछि प्रश्न गर्न दिनुपर्छ । प्रश्नोत्तरले विषयवस्तुलाई स्पष्ट पार्न थप सहयोग गर्नुका साथै उनीहरूका प्रतिक्रियालाई सुझावको रूपमा लिई आगामी दिनमा कसरी अगाडि बढ्ने भन्ने सम्बन्धमा सहयोग पुऱ्याउँदछ ।

कहिलेकाही कुनै व्यक्ति वा समूहले कार्यक्रमलाई बिथोल्न र बाधा पुऱ्याउन सक्दछ । कसैले हल्ला गरेर, अनावश्यक प्रश्नहरू सोधेर, बोलेर समस्या खडा गर्न सक्दछ । त्यस्तो अवस्थामा उनीहरूप्रति ध्यान नदिई अगाडि बढ्नु राम्रो हुन्छ । वक्ताले आफ्नो लक्ष्य अनुसारको सूचना तथा सन्देशलाई श्रोतामाझ प्रवाह गर्नमा ध्यान केन्द्रीत गर्नु पर्दछ ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

१. यस कृयाकलापको लागि दुईवटा भूमिका गर्नुपर्ने हुनसक्छ । पहिलोमा अप्रभावकारी सूचना प्रवाह गर्ने शैली र दोश्रोमा प्रभावकारी सूचना प्रवाह गर्ने शैली वा क्षमता ।
२. यस क्रियाकलापको लागि सहभागी मध्येबाट २ जनालाई स्वेच्छाले वक्ताको रूपमा बोलाउनुहोस् ।
३. उनीहरूले गर्नुपर्ने भूमिकाहरू बताइदिनुहोस् ।
४. उनीहरूलाई एउटै शीर्षकमा बोल्न दिनुहोस् । उदाहरणको लागि "आदिवासी जनजातिहरूले वनजंगलको संरक्षण पुस्तौपुस्ताबाट गर्दै आएका छन् । यसलाई राज्यले मान्यता दिनुपर्छ, त्यसो गरिएको खण्डमा मात्र वनजंगलको दिगो संरक्षण र व्यवस्थापनमा सहयोग पुग्दछ ।"
५. पहिलो वक्तालाई तल उल्लेख गरे अनुसार प्रस्तुति गर्न लगाउनुहोस् :
   क) मसिनो स्वरमा बोल्ने ।
   ख) श्रोताहरूतिर आँखा नहेरी आकाशतिर, भूइँतिर वा अन्तै हेर्ने ।
   ग) शरीरको हाउभाउ नगर्ने (गोजीमा हात हाल्ने, राम्ररी नउभिने) ।
   घ) अस्पष्ट र गलत सन्देश दिने ।
६. दोश्रो वक्तालाई निम्नानुसार प्रस्तुति गर्न लगाउने ।
   क) श्रोताहरूसँग आँखाको सम्पर्क राख्ने ।
   ख) स्पष्ट रूपमा बोल्ने ।
   ग) शरीरको हाउभाउ मार्फत विषयवस्तुले मागेको कुरालाई प्रष्ट पार्ने ।
   घ) सही र तथ्यपरक सन्देश वा सूचना दिने ।
७.१५ देखि २० मिनेट तयारीको लागि समय दिनुहोस् ।

**कृयाकलाप ३. भाषण दिने**

१. सहभागीहरू मध्येबाट २ वटा भूमिकाको अभिनय गर्नुपर्ने र प्रभावकारी रूपमा भाषण गर्न आवश्यक पर्ने सीप तथा कलाको बारेमा थाहा पाउनु पर्ने कुरालाई जानकारी गराउने ।
२. राम्ररी अवलोकन गर्न लगाई अवलोकनबाट आफूले सिकेको कुरालाई भन्न लगाउने ।
३. निचोडमा सहभागीहरूलाई जनवकालत अभियानमा प्रभावकारी सन्देश प्रवाह क्षमताको महत्वपूर्ण भूमिका रहने कुरा स्पष्ट पार्नुपर्दछ ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

३.२ देखि ३.५ का सत्रहरूमा सहभागीहरूलाई एकै ठाउँमा भेला गराई जनवकालत अभियान विधिको बारेमा सिकाउनुहोस् । यस अन्तर्गत :

क) जनचेतना अभिवृद्धि/क्षमता अभिवृद्धि, ख) सञ्जाल/गठबन्धन निर्माण ग) पैरवी, मिडिया वकालत र घ) जनपरिचालन/जनविरोध ।

**तल दिइएको तालिकाको प्रयोग गरी तपाईले प्रस्तुतिलाई छोटकरी रूपमा राख्न सक्नुहुन्छ ।**

| प्रकृया/विधि | यो के हो | कहिले प्रयोग गर्ने | उदाहरण |
|---|---|---|---|
| सञ्जाल | ■ विभिन्न संघसंस्था, आदिवासी जनजाति समुदाय, सहयोगी समूहसँग मिलेर सञ्जाल निर्माण गर्ने ।<br>■ परिवर्तनको लागि आन्दोलन । | ■ जनवकालत अभियानलाई दिर्घकालीन र दिगो बनाउन ।<br>■ जब तपाईसँग सामार्थ्य र क्षमता हुँदैन् । | ■ आदिवासी जनजाति समुदायका अगुवा, नागरिक समाजका अगुवाहरूलाई भेट्ने ।<br>■ इमेलमार्फत् सूचनाहरू प्रवाह गर्ने ।<br>■ सामूहिक कार्याशाला, गोष्ठी तथा सम्वाद कार्यक्रमहरू । |
| पैरवी | ■ लक्षित समुदायसँग प्रत्यक्ष वार्ता गर्ने (वन कार्यालय, जलवायु परिवर्तनसँग सम्बन्धित निकायहरू, संस्थानहरू आदि),<br>■ समस्यालाई बुझाउने, समाधानको उपाय खोज्ने, कानून, नीति तथा कार्यक्रमहरूमा प्रभाव पार्ने । | ■ जब लक्षित समुदायहरू खुलेर आउँछन्, प्रस्तावहरू र विवादलाई सुन्न तत्पर हुन्छन् । | ■ बैठकहरू गर्ने ।<br>■ फोन सम्पर्क गर्ने ।<br>■ नीतिगत कार्यपत्र, कार्यपत्रको संक्षिप्तिकरण, अवधारणा पत्र, विन्तिपत्र, स्टेटमेन्टहरू ।<br>■ सम्बाद र अन्य सार्वजनिक बैठकहरू । |
| जनचेतना अभिवृद्धि | ■ पहिचान गरिएका सवालहरूमा सुसूचित गर्ने, शिक्षित गर्ने (आदिवासी जनजाति समुदाय, सर्वसाधारण जनता आदि)<br>■ जनवकालत प्रक्रियाको पहिलो खुड्किलो । | ■ आवश्यक सूचना उपलब्ध नहुँदा ।<br>■ आदिवासी जनजाति जनसमुदायहरूले सूचना राम्ररी नबुझ्दाको अवस्थामा (बुझाइमा कठिन अवस्था वा प्राविधिक सवालहरू भएमा)<br>■ आदिवासी जनजाति संस्थाहरूको सबलीकरण गर्ने, आत्मविश्वासमा अभिवृद्धि गर्ने । | ■ प्रशिक्षकहरूलाई तालिमहरू ।<br>■ गोष्ठी, तालिम, कार्यशालाहरू ।<br>■ सामुदायिक बैठक ।<br>■ समूह छलफलहरू ।<br>■ पोस्टर तथा पर्चाहरूको प्रकाशन तथा वितरण ।<br>■ भिडियो तथा रेडियो कार्यक्रमहरू । |
| जनपरिचालन (मास एक्सन) | ■ जनचेतना अभिवृद्धिमा मिडियाको सम्बन्ध<br>■ जनदबाब सृजना गरी यथासक्दो जनमासलाई परिवर्तनको लागि अभियानमा सरिक गराउने । | ■ जब नीति निर्माताहरू जनअभिमतबाट प्रभावित हुन सक्छन्,<br>■ आदिवासी जनजाति समुदायको शक्ति प्रदर्शन,<br>■ आदिवासी जनजाति शक्ति र समुदायहरूलाई संगठनमा समाहित गरी । | ■ र्‍याली र जनप्रदर्शन,<br>■ विन्तिपत्रमा हस्ताक्षर,<br>■ कार्यालय घेराऊ । |
| सञ्चार (मिडिया) | ■ रेडियोको प्रयोग (व्यवसायिक र सामुदायिक रेडियो), पत्रपत्रिका, टिभी, इन्टरनेट तथा सामाजिक मिडिया, भिडियो आदि । | प्रत्यक्ष रूपमा नीतिनिर्माताहरूसँग पहुँच नभएको बेला, आदिवासी समुदाय बाहेक अन्य समुदायहरूमा पनि व्यापक पुऱ्याउन । | ■ रेडियो प्रसारण तथा नाटक प्रदर्शनी,<br>■ रेडियो तथा टिभी समाचार,<br>■ अन्तरवार्ताहरू,<br>■ पत्रकार सम्मेलन |

### सत्र ३.२. मिडिया वकालत : जनसमुदायमा सवाल तथा सन्देश प्रवाह

**समय : २.५ घण्टा**

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

१. यस सत्रमा सहभागीहरूलाई सन्देशको प्रवाह कसरी गर्न सकिन्छ भनि सोध्नुहोस् ।
२. सहभागीहरूले विभिन्न तरिका र माध्यमहरू भन्न सक्छन् तर उनीहरूलाई ती मध्ये मिडियालाई जोड दिन ध्यानाकृष्ट गर्नुहोस् । सहभागीहरूलाई तपाईको विचारमा मिडिया भन्नाले के बुझ्नुहुन्छ भनि प्रश्न गर्नुहोस् ।
३. प्रश्नको उत्तर भन्न लगाई त्यसको सारांश खिच्नुहोस् र यस सम्बन्धी स्पष्ट पार्नुहोस् ।

### ३.२.१ मिडिया किन प्रयोग गर्ने ?

मिडिया आमसञ्चार प्रवाह गर्ने माध्यम हो । मिडियामा धेरै प्रकारका प्रविधिहरू (पत्रपत्रिका, सामुदायिक रेडियो, टिभी, इन्टरनेट) पर्दछन् । ती प्रविधिहरू मार्फत बढी भन्दा बढी जनसमुदायमा सूचना प्रवाह गर्न सकिन्छ ।

आमसञ्चार माध्यमले हाम्रो सवाल र गतिविधिहरूलाई समेटेको खण्डमा लक्षित समुदायहरूको ध्यान आकृष्ट गर्नमा सहयोग पुग्दछ । जनवकालतको उद्देश्य पूरा गर्नका लागि मिडियाले निर्णयकर्ता, स्थानीय निर्वाचित पदाधिकारी, नीजि संस्थान, सरकारी निकायका पदाधिकारीहरू (वन विभाग, वन कार्यालय, वन मन्त्रालय, जलवायु परिवर्तन र रेड सम्बन्धी निकाय, आम जनता) समक्ष सूचना प्रवाह गर्नका साथै अनुगमन कार्यलाई समेत प्रभाव पार्दछ । सम्पूर्ण जनसमुदायहरूलाई हाम्रा समस्या र मुद्दाहरूको बारेमा पढ्ने र बुझ्ने मौका मिल्दछ ।

मिडिया सम्प्रेषण कहिलेकाही ज्यादै सजिलो हुन सक्दछ । हाम्रो सवालका सम्बन्धमा आफ्नो विचार लेखी स्थानीय पत्रपत्रिका तथा राष्ट्रिय पत्रिकालाई दिन सकिन्छ । यसो गर्दा हजारौं आदिवासी जनजातिहरू समक्ष हाम्रो विचारलाई सजिलै पुऱ्याउन सकिन्छ । साथै यसले जनवकालत अभियानको उद्देश्यहरू हासिल गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । तसर्थ, मिडिया प्रयोग गरी सानो लगानीले ठूलो उपलब्धि हासिल गर्न सकिन्छ ।

**मिडिया प्रयोग गर्नुका अन्य महत्वपूर्ण कारणहरू निम्नानुसार छन्**

१. जनवकालतका लागि हामीले उठाएका मुद्दा सम्बन्धी सूचनालाई तिब्र गतिमा जनसमुदायमा पुऱ्याउनुका साथै गतिविधिहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन सबैलाई आव्हान गर्न सजिलो हुन्छ ।
२. सर्वसाधारण जनताको सहयोग र ध्यानाकर्षण गर्नमा सहयोग गर्दछ । मिडिया मार्फत जनसमुदायलाई सुसूचित गर्दा व्यक्तिगत तथा सामूहिक रूपमा हाम्रो अभियानलाई नैतिक समर्थनका साथै भौतिक तथा आर्थिक सहयोग गर्न सक्दछ ।
३. मुख्य निर्णयकर्ता र नीति निर्माताहरूको ध्यान आकृष्ट गर्न सजिलो हुन्छ ।

- जब सर्वसाधारण जनसमुदाय हाम्रो सवाल तथा मुद्दाप्रति सचेत हुन्छन् तब नीति निर्माताले पनि ती सवाल र मुद्दाप्रति ध्यान दिन्छन् ।
- मिडियामा उठेका मुद्दा वा सवालहरूका सम्बन्धमा सबैको ध्यान आकृष्ट गराई त्यसप्रति कदम चाल्नमा सहयोग पुऱ्याउँछ ।
- राजनीतिज्ञ र अन्य निर्णयकर्ता तथा नीति निर्माताहरूलाई फरक ढंगले पैरवी गर्नमा समेत सहयोग पुऱ्याउँदछ ।

४. कुनै पनि मुद्दालाई सार्वजनिक गर्नुभन्दा अगाडि जनवकालत गर्न ।
५. मुद्दालाई सार्वजनिक गरी प्रचार प्रसार गरिसकेपछि यसले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म जनचेतना अभिवृद्धि हुन सक्दछ । जब जनवकालतको लागि सर्वसाधारणले सहयोग र समर्थन पुऱ्याउँदछ तब जनवकालतमा समस्या आइपर्दैन र अगाडि बढ्न सजिलो हुन्छ ।

### ३.२.२ मिडियासँग काम गर्ने सामान्य अवधारणा

१. **स्पष्ट र संक्षिप्त हुनुपर्छ**
कुनै पनि समाचारमा को, के, कहिले, कहाँ र कसरी भन्ने कुरा स्पष्ट खुलाएको हुनुपर्छ । सवाल र मुद्दाहरूलाई स्पष्ट र विशिष्ट किसिमको उठान गरी मिडियाकर्मीको ध्यान आकृष्ट गर्न सक्ने र सर्वसाधारण जनतालाई प्रभाव पार्ने खालको हुनुपर्छ । सञ्चारकर्मीहरूलाई हाम्रो सवाल वा मुद्दाको महत्व र उपादेयताको बारेमा राम्ररी बुझाउन सक्ने हुनुपर्दछ ।

२. **समाधान सहित प्रस्तुत**
वकालतकर्ताले समस्या तथा सवालहरूलाई मात्र उठान नगरी त्यसको समाधानका लागि पनि उचित सुझावहरू दिनु पर्ने हुन्छ । यसले वकालतकर्मीप्रति अरूको जनविश्वास सिर्जना गर्नमा सहयोग गर्दछ ।

३. **"रूल अफ थ्री"को प्रयोग**
सूचनालाई ३ समूहमा प्रस्तुत गर्नुहोस् । जस्तै : तीनवटा सवाल, तीनवटा समस्या, तीनवटा समाधानका उपायहरू जुन एकअर्कामा सम्बन्धित हुन्छन् । १० देखि २० वटा समाधानको उपायहरू दिनाले जनतामा दुविधा पैदा गर्दछ । यो "रूल अफ थ्री" सामान्य नियम मात्र हो । यसलाई सधै, सबै अवस्थामा प्रयोग गर्नुपर्छ भन्ने छैन्, उपयुक्त नहुने ठाउँमा यसलाई प्रयोग गर्नु हुँदैन् ।

४. **समस्या तथा कारणहरूलाई मुख्य विकास तथा घटनाक्रमसँग जोड्नुहोस्**
सञ्चार माध्यममा मुद्दालाई प्रभावकारी बनाउन वा सञ्चारकर्मीहरूको ध्यान आकृष्ट गर्न समस्याको उत्पत्ति, यसको विकास र घटनाक्रमसँग जोड्नुपर्दछ ।

५. **विभिन्न व्यक्तिहरूको सहयोग र समर्थन जुटाउन**
प्रभावशाली व्यक्तित्वहरूले हाम्रो अभियानलाई प्रत्यक्ष प्रभाव पार्न सक्ने हुनाले त्यस्ता व्यक्तित्वहरूको पहिचान गरी उनीहरू मार्फत अभियानका लक्षित समूह तथा सर्वसाधारण जनताको ध्यान आकृष्ट गराउन सकिन्छ । त्यस्ता व्यक्तित्वहरूमा राजनीतिज्ञ, धार्मिक नेता, शिक्षाविद्, वकिल, डाक्टर, प्राध्यापक वा आदिवासी जनजातिहरूको क्षेत्रमा नाम चलेका अगुवा र बुद्धिजीविहरू हुन सक्दछन् ।

६. **मिडियासँग राम्रो सम्बन्ध कायम गर्नु**
मिडियासँग राम्रो सम्बन्ध स्थापना गर्नुपर्दछ । मिडिया वकालतका लक्ष्य हासिल गर्नका लागि खुल्ला सञ्चार र विश्वसनीय वातावरणले सहयोग गर्दछ । मिडियासँगको सम्बन्धले तपाईंको सवाल र समस्याहरूप्रति सकारात्मक सहानुभूति सृजना गराई तपाईको सवालहरूलाई सम्बोधन गराउनमा सहयोग पुग्दछ ।

७. **संभव भएसम्म अन्तर्राष्ट्रिय मिडियाको प्रयोग**
सकेसम्म अन्तर्राष्ट्रिय मिडियासँग पनि राम्रो सम्बन्ध कायम गर्नुपर्दछ । हाम्रो मुद्दालाई अन्तर्राष्ट्रिय मिडियामा जोड्ने प्रयास गर्नुपर्दछ । अन्तर्राष्ट्रिय मिडियाहरू प्रायः देशको राजधानीमा रहने हुँदा त्यस मार्फत हाम्रो मुद्दाहरू उठाउनाले बढी प्रभावकारी हुन्छ । साथै, हाम्रा सहयोगी सञ्चारकर्मीहरूले उनीहरूसँग सम्बन्ध स्थापित गर्न, हाम्रा मुद्दाहरूलाई उनीहरूसम्म पुऱ्याउन सहयोग पुऱ्याउन सक्छ । त्यस्तै, कतिपय गैरसरकारी संस्थाहरूले समेत उनीहरूसँग सम्बन्ध स्थापना गर्नमा सहयोग पुऱ्याउन सक्दछ ।

### ३.२.३ सन्देश प्रवाहमा सञ्चार प्रविधिको उपयोग

**आदिवासी जनजातिहरूले प्रयोग गर्न सक्ने केही सञ्चार माध्यमहरू यस प्रकारका छन्**

**१. समाचार प्रकाशन**

समाचार प्रकाशन सन्देश प्रवाह गर्ने उत्तम विधि हो । जस्तै आदिवासी जनजाति समुदायको जग्गा अधिग्रहण, विकासको नाममा परम्परागत थातथलोबाट विस्थापन र यसबाट आदिवासी जनजातिहरूलाई पारेको प्रभावका सम्बन्धमा लेखरचनाहरू प्रकाशन गर्ने काम । चेपाङ वस्तीमा ढुङ्गाखानी र सिमेन्ट कारखानाले पारेको प्रभाव, राष्ट्रिय निकुञ्जले आदिवासी जनजातिलाई थातथोलोबाट विस्थापन आदि ।

**२. स्थलगत भ्रमण**

तपाईले वकालत गरिरहेका सवाल र मुद्दाहरूका बारेमा गहन रूपमा छलफल गर्नुपर्छ । उदाहरणको लागि समुदायमा रेडप्लस परियोजना र जग्गा अधिग्रहणले गर्दा परेको असर सम्बन्धमा यथार्थ जानकारी गराउनका लागि पत्रकारहरूलाई निमन्त्रणा गरी प्रभावित क्षेत्रमा भ्रमण गराउनुका साथै घटनाले पारेको प्रभावलाई स्पष्ट रूपमा जानकारी गराउनु पर्दछ ।

**३. पत्रकार सम्मेलन**

महत्वपूर्ण समाचार वा मुद्दालाई सबैमा जानकारी गराउनका लागि पत्रकार सम्मेलन गर्नुपर्दछ । जस्तै : उदाहरणको लगि आदिवासी जनजाति समुदायमा बाढीपीडित र हिमपहिरोले पारेको प्रतिकूल असरको बारेमा पत्रकार सम्मेलन गर्ने ।

**४. बैंठक बोलाएर**

सञ्चार जगतका रिपोर्टर र सम्पादकहरू, जोसँग तपाईको राम्रो सम्बन्ध छ उनीहरूलाई बैंठकमा बोलाएर आदिवासी जनजातिहरूको सवालमा वकालत गर्न सहयोग लिनु पर्दछ ।

**५. विचार दिन लगाएर**

समाचारमा आदिवासी जनजातिहरूको विचार र उनीहरूको अडानलाई स्थान दिन लगाउने । उदाहरणको लागि रेडप्लस नीतिमा आदिवासी जनजातिहरूको सहभागिता नगराएको सम्बन्धमा आदिवासी जनजातिको अडान सम्बन्धी विचार दिन लगाउने ।

**६. इन्टरनेट र सामाजिक मिडिया**

प्रत्यक्ष सहयोगीहरूलाई समावेश गर्ने र उनीहरू समक्ष सवालहरू पुर्‍याउने काम । यसको लागि फेसबुक तथा ट्विटर जस्ता इन्टरनेट प्रयोग गर्न सकिन्छ । यस कामको लागि छुट्टै एकाउन्ट खोलेर पनि गर्न सकिन्छ ।

**७. अन्तरवार्ता**

पत्रपत्रिका, रेडियो, टिभी, एफएम, सामुदायिक रेडियो आदिमा अन्तरवार्ता दिएर आफ्नो सन्देश तथा मुद्दालाई जनसमुदायहरूबीच पुर्‍याउन सकिन्छ ।

**८. विचार स्तम्भ**

आदिवासी जनजातिहरूको सवाल, अवधारणा र अडानलाई समाचार सम्प्रेषण गर्नका लागि विभिन्न पत्रपत्रिकाहरूमा विचार स्तम्भ लेख्न लगाउन सकिन्छ । जस्तै : रेडप्लस प्रकृयामा आदिवासी जनजाति समुदायलाई प्रतिनिधित्व वा सहभागिता नगराएको सवाल, वनजंगल संरक्षणमा आदिवासी जनजातिहरूको भूमिका, आदिवासी जनजातिहरूको परम्परागत संस्था तथा प्रथाजनित कानून, एफ्पीक प्रकृया, प्राकृतिक स्रोतसाधनमाथि आदिवासी जनजातिहरूको अधिकारका सवाल आदि ।

**नोट** : सहभागीहरूलाई यो भन्दा अगाडि अभियान सञ्चालन गर्दा वा विभिन्न कृयाकलाप गर्दा प्रयोग गरेका अन्य कुनै सञ्चार माध्यमहरू भएमा सोध्नुहोस् ।

### ३.२.४ अन्तरवार्ता

जनपैरवीको लागि अन्तरवार्ता एक प्रभावकारी विधि हो । अन्तरवार्ता मार्फत लक्षित समुदाय र सर्वसाधारण जनसमुदायमाझ सन्देशलाई प्रवाह गरी हाम्रो समस्या र सवालका सम्बन्धमा जानकारी गराउन र हाम्रो सवालप्रति उनीहरूको सहयोग र समर्थन जुटाउन सकिन्छ । हामी अन्तरवार्ता कसरी लिने भन्ने सम्बन्धमा छलफल गरी यस सम्बन्धी अभिनय पनि गर्नेछौं ।

#### सम्झनलायक बनाउने

**१. आत्माविश्वासको साथ प्रस्तुत हुनुहोस्**

अन्तरवार्ता दिने बेलामा आफूले उठान गर्ने सवाल र मुद्दालाई निर्धक्क रूपमा अगाडि सार्नु पर्दछ । आफ्ना कुरालाई स्पष्ट रूपमा सबैलाई प्रभाव पार्ने गरी तार्किक रूपमा प्रस्तुत गर्नुपर्दछ ।

**२. सही सूचना छोटकरीमा दिने**

तपाईले दिने सन्देशका सम्बन्धमा स्पष्ट हुनुपर्छ । तर सन्देश सही हुनुपर्दछ र छोटकरीमा प्रस्तुत गर्ने प्रयास गर्नुपर्छ । उदाहरणको लागि तपाईंले आफ्नो समुदायको सामुदायिक वनको क्षेत्रफल भन्नु परेमा ५०० हेक्टर भन्ने ५००.०३ हेक्टर भनिरहनु पर्दैन ।

**३. अवसरको रूपमा लिने र नडराउने**

अन्तरवार्तालाई अवसर मानी नडराइकना लक्षित समुदायलाई दिन खोजेको सन्देश उनीहरू मार्फत् अपेक्षा गरेको सहयोग र गतिविधिहरूको बारेमा स्पष्ट रूपमा बोल्नुहोस् । अन्तरवार्ता लिने व्यक्तिसँग नडराउनुहोस । आफ्नो मुद्दा र आवश्यकता अनुसार अन्तरवार्तालाई मोड दिने प्रयास गर्नुहोस् ।

**४. दृढता पूर्वक बोल्नुहोस्**

आफूले बोल्ने कुरा निश्चित भई सही र सत्यतथ्य सप्रमाण बोल्ने गर्नुहोस् ।

**५. सन्देशको बारेमा स्पष्ट हुनुहोस्**

आफूले दिन खोजेको सन्देश वा सूचनालाई स्पष्टताका साथ निर्धक्क भई बोल्नुहोस् । बोल्दा कम्तिमा पनि २ देखि ३ वटा कुराहरू श्रोताले सम्भने गरी बोल्ने प्रयास गर्नुहोस् । उदाहरणको लागि "आदिवासी जनजातिहरूको रेडप्लस प्रक्रियामा अर्थपूर्ण र प्रभावकारी सहभागिताको सुनिश्चितता गरिनुपर्दछ ।"

**६. सरल र स्पष्ट रूपमा बोल्नुहोस्**

कठिन शब्दहरू प्रयोग नगरी सरल र स्पष्ट रूपमा सबैले बुझ्ने तरिकाले बोल्नुहोस् ।

**७. श्रोताको स्तर थाहा पाउनुहोस्**

बोल्नुभन्दा अगाडि आफ्नो श्रोताको स्तर पत्ता लगाउनुहोस् । श्रोताहरूको स्तर र चाहना अनुसार प्रस्तुत हुनुहोस् । आफूले उठान गर्न खोजेको सवाल र मुद्दाहरूलाई उनीहरूले किन समर्थन जनाउने भन्ने सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

जस्तै : उदाहरणको लागि "रेडप्लस प्रक्रियामा आदिवासी जनजातिहरूको अर्थपूर्ण र प्रभावकारी सहभागिता" किन आवश्यक छ र यस कार्यमा उनीहरूको सहयोग र समर्थन जुटाउन कसरी प्रस्तुत हुने भन्ने सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

**८. छोटो कथा र घटनाहरू भन्नुहोस्**

अन्तरवार्ताका क्रममा आफ्ना सवाल र सन्देश अगाडि सार्ने क्रममा त्यससँग सम्बन्धित घटनाहरूलाई जोड दिएर बोल्नुपर्दछ । उदाहरणको लागि राष्ट्रिय निकुञ्ज र सामुदायिक वनले चेपाङ, राजी, राउटे जस्ता आदिवासी जनजातिलाई कसरी प्रभाव पारेको छ भन्ने सम्बन्धमा बताउने ।

**९. अन्तरवार्ता गोष्ठी र बैंठक जस्तो लामो हुँदैन्**

सञ्चार माध्यमले लिने अन्तरवार्ता प्रायः ५-१० मिनेटको हुन्छ । कहिलेकाही त ३ मिनेट भित्रमा नै तपाईको कुराहरू राख्नुपर्ने हुन्छ । त्यसैले मुख्य मुख्य कुरालाई जोड दिएर बोल्नुपर्दछ ।

**१०. अन्तरवार्तामा सोध्न सक्ने संभावित प्रश्नहरू**

सञ्चारकर्मीहरूले प्रायः तर्क र प्रमाण पेश गर्नुपर्ने प्रश्नहरू सोध्ने गर्दछन् । कठिन प्रश्नहरू सोधेर तपाईलाई समस्यामा पार्न खोज्छन् तर यस्तो अवस्थामा प्रश्नहरूको उत्तर दिंदा प्रतिरक्षा गर्ने मात्र होइन् तार्किक रूपमा अरूलाई विश्वास दिलाउने तरिकाले बोल्नुपर्दछ । तपाईले संभावित प्रश्नहरूको लिष्ट बनाई कसरी उत्तर दिने भनेर अभ्यास गर्नुहोस् ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

१. सहभागीहरू मध्ये कसैले यो भन्दा अगाडि रेडियो अन्तरवार्ता दिइसकेका छन् भने अनुभव बताउन लगाउनुहोस् ।
२. तलका प्रश्नहरू सोध्नुहोस् :
- रेडियो अन्तरवार्ता र पत्रपत्रिका अन्तरवार्तामा के फरक छ ?
- रेडियो अन्तरवार्ता कसरी लिइएको थियो ?
- अन्तरवार्तामा सोधिएका मुख्य बूँदाहरू के के थिए ?

३. सहयोगीहरूको अनुभवका आधारमा निष्कर्ष निकाली तलका सुझावहरूको आधारमा अगाडि बढ्नुहोस् ।

**रेडियो अन्तरवार्ताको लागि सुझाव**

अन्य अन्तरवार्तामा जस्तै रेडियो अन्तरवार्ताका लागि पनि तयारी आवश्यक हुन्छ । रेडियो अन्तरवार्ताको लागि बुँदागत रूपमा तयारी गर्नुपर्छ । बढी कठिन शब्दावलीहरूको प्रयोग नगरी सबैले बुझ्ने सरल भाषा र शब्दहरू प्रयोग गर्नुपर्छ । आफूले दिन चाहेको सन्देशका सम्बन्धमा स्पष्ट दृष्टिकोण प्रभावकारी रूपमा प्रस्तुत गर्नुपर्छ । रेडियो अन्तरवार्ताका लागि केही बुँदाहरूमा ध्यान दिनु आवश्यक छ ।

**१. आफ्नो आवाजको प्रयोग**

रेडियोमा श्रोताले तपाईलाई देख्न सक्दैनन् । उनीहरूले तपाईको आवाज मात्र सुन्न सक्दछन् । त्यसैले, आफ्नो विचारलाई स्पष्ट र तार्किक रूपमा प्रस्तुत गरी श्रोतालाई प्रभावित गर्न सक्नुपर्दछ । झर्कोलाग्दो तरिकाले अनावश्यक कुराहरू बोल्नु हुँदैन् । आफूले जोड दिनु पर्ने कुराहरूलाई अलिक ठूलो स्वरमा बोल्नुपर्दछ । बोल्दा होशियारीका साथ इमान्दार भई बोल्नुहोस् ।

**२. सावधानीपूर्वक सुन्ने**

सोधिएका प्रश्नहरूलाई ध्यानपूर्वक सुन्नुपर्दछ । आफ्नो विचारलाई आफ्नो पालोमा राख्नुपर्दछ । कुन बेलामा बोल्ने र कुन बेलामा रोक्ने भन्ने कुरामा पनि ध्यान दिनुपर्छ ।

**३. श्रोताहरूसामु भएको महसुस गर्ने**

अन्तरवार्तामा बोल्दा कुनै पनि कार्यक्रमको माइक्रोफोनमा बोलेको नठानी श्रोता वा साथीहरूको अगाडि बोलिरहेको छु भन्ने ठानी बोल्नुहोस् ।

**४. धैर्य र आत्मसंयमी बन्नुहोस्**

अन्तरवार्ताका क्रममा कहिलेकाही प्राविधिक समस्या पनि पर्न सक्छ । त्यस्तो अवस्थामा धैर्यताका साथ बस्नुपर्छ । जब तपाईले पुनः पालो पाउनुहुन्छ त्यसबेला थप आवश्यक कुराहरू राख्नुपर्छ । कहिलेकाही श्रोताले नकारात्मक प्रश्नहरू सोध्न सक्छन् । त्यस अवस्थामा पनि धैर्य गरी नम्रताकासाथ आफ्नो विचार राख्नु पर्दछ । विचार राख्दा तथ्यमा आधारित रहेर सभ्य तरिकाले बोल्ने बानी गर्नुपर्छ ।

**कृयाकलाप ४. रेडियो अन्तरवार्ता सञ्चालन**

१. सहभागीहरू मध्येबाट १ जना महिला र १ जना पुरूषलाई स्वेच्छाले अगाडि आउन अनुरोध गर्नुहोस् । उनीहरूलाई रेडियो मार्फत के सन्देश दिने भनेर सोच्न लगाउनुहोस् । उनीहरूलाई तयारी गर्न १५ मिनेटको समय दिनुहोस् ।
२. त्यसपछि सहजकर्ताले उनीहरूसँग ३ मिनेटको अन्तरवार्ता लिनुहोस् ।
३. सहभागी श्रोताहरूलाई अन्तरवार्ताका बारेमा आफूलाई लागेको कुरा लेख्न लगाउनुहोस् ।
४. सहभागीहरूलाई लागेको कुरा प्रस्तुत गर्न लगाई, छलफल गर्न लगाउनुहोस् र अन्तमा प्रभावकारी रूपमा अन्तरवार्ता कसरी लिने भन्ने सम्बन्धमा स्पष्ट पारिदिनुहोस् ।

## ३.३ जनचेतना अभिवृद्धि तथा क्षमता विकास

**समय : ५ घण्टा**

### ३.३.१ जनवकालत र पैरवीका लागि आदिवासी जनजातिका संघसंस्थाहरूको सबलीकरण र समुदायमा जनचेतना कार्यक्रम

**समुदायमा सशक्तिकरण**

आदिवासी जनजाति अगुवाहरूले आफ्नो समुदायमा जनचेतना अभिवृद्धिका गतिविधि मार्फत सूचना प्रवाह गर्न सक्दछन् । समुदायका अगुवा तथा अन्य जनसमुदायमा जनवकालत अभियानको महत्व र यसको आवश्यकता बुझाउन सकेको खण्डमा मात्र उनीहरूले अभियानलाई सहयोग गर्न सक्ने वातावरण सृजना हुन्छ । समुदायका मानिसहरूले जनवकालत अभियानलाई तब सहयोग गर्न सक्छन् जब उनीहरू हाम्रो मुद्दा र सवालप्रति सचेत हुन्छन् । त्यस्तै, प्रभावित समुदायलाई समेट्न सकेको खण्डमा अझ बढी प्रभावकारी रूपमा अभियानका गतिविधिहरूलाई सहयोग गर्न सक्दछन् ।

अ) समुदायमा क्षमता विकास तथा सशक्तिकरणका गतिविधि सञ्चालन

तपाईंको समुदायमा सञ्चालन गर्न सकिने जनचेतनाका केही गतिविधिहरू :

क) बैंठक, गोष्ठी, तालिम
ख) चाडपर्व तथा साँस्कृतिक उत्सवहरू
ग) चलचित्र प्रदर्शन, सामुदायिक नाटक तथा प्रहसनहरू
घ) सामुदायिक रेडियो

**नोट :** कार्यक्रमको उद्देश्य र लक्षित समूहहरू स्पष्ट रूपमा निर्धारण गरी कार्यक्रमहरू तयार गर्नुपर्छ ।

**आ) सामुदायिक जनचेतना कार्यक्रम तथा बैंठकका लागि तयारी**

कुनैपनि बैंठकको आयोजना र जनचेतना कार्यक्रम सञ्चालन गर्नुपूर्व प्रभावकारी योजना निर्माण गर्नुपर्दछ । योजना निर्माणका लागि ध्यान दिनुपर्ने केही बूँदाहरू यस प्रकार छन् :

क) समुदायका अगुवाहरूसँग भेटघाट र छलफल गर्नु आवश्यक हुन्छ । विभिन्न गतिविधिहरू (तालिम, बैंठक, गोष्ठी, सेमिनारहरू र शैक्षिक कार्यक्रम सञ्चालन) गर्नका लागि उनीहरूको यथासक्दो सहयोग लिनु पर्दछ ।

ख) लक्षित श्रोताको समय उपलब्धताको आधारमा बैंठक आयोजना गर्नु राम्रो हुन्छ ।

ग) कार्यक्रमको प्रकृति अनुसार आवश्यक सुविधाहरूको उपलब्धता, ठाउँको उपयुक्तता र दूरी जस्ता कुराहरूलाई मध्यनजर गरी कार्यक्रम स्थल पहिचान गर्नुपर्छ ।

घ) कार्यक्रमको लागि आवश्यक पर्ने कार्यक्रम तालिका, प्रस्ताव, प्रस्तुतिकरण र अन्य सामाग्रीहरूको तयारी गर्नुपर्छ ।

ङ) कार्यक्रमको बारेमा सहभागी श्रोताहरूलाई कार्यक्रम गर्नुभन्दा केही दिन अगाडि नै सूचना गर्नुपर्छ । सूचना गर्दा स्थान, मिति तथा छलफलका विषयका बारेमा राम्ररी सूचना दिनु पर्दछ ।

च) कार्यक्रम प्रभावकारी बनाउन कार्य विभाजन गरिनुपर्दछ र कार्यक्रमका बारेमा बीचबीचमा पनि जानकारी गराउनुपर्छ । सकेसम्म व्यक्तिगत रूपले ताकेता गर्दा बढी प्रभावकारी हुन्छ ।

छ) वक्ताहरूको लागि खाने, बस्ने, यातायात लगायतको सुविधाहरू व्यवस्था गर्नुपर्दछ ।

प्रत्येक कार्यक्रम समाप्त गरिसकेपछि समुदायका अगुवा र अन्य सदस्यहरूबाट कार्यक्रमको सम्बन्धमा उनीहरूको प्रतिक्रिया र सुझाव संकलन गर्नुपर्छ । कार्यक्रमको उद्देश्य पूरा भयो कि भएन, कुन क्षेत्रमा सुधार गर्न आवश्यक छ र आउँदा दिनमा थप कार्यक्रम के हुन सक्दछ भन्ने सम्बन्धमा मूल्यांकन पनि गर्नुपर्दछ ।

### ३.३.२ आदिवासी जनजातिका संघसंस्थाहरूको सशक्तिकरण

१. जनवकालत र पैरवी कार्यक्रममा प्रभावकारी सहभागिताका लागि आवश्यक कुराहरूको पहिचान गर्नुपर्दछ ।
२. आदिवासी जनजातिका संघसंगठन तथा अगुवाहरूको क्षमताको पहिचान गर्नुपर्दछ ।
३. संस्थागत सशक्तिकरण तथा नेतृत्व प्रवाहको गतिविधिहरू सञ्चालन गर्नुपर्दछ ।
४. प्रभावकारी रणनीतिहरूको विकास गर्नुपर्दछ ।

## सत्र ३.४ शक्ति एकीकरण : सञ्जाल तथा गठबन्धन निर्माणको महत्व

**समय : २ घण्टा**

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

१. यस सत्रलाई २.१.३ सत्रसँग जोड्नुहोस । हाम्रा अभियानका सहयोगी, तटस्थ र विपक्षीहरूको पहिचान गर्नुहोस् । जनवकालत अभियानका कार्ययोजनालाई प्रयोग गर्न सक्नुहुन्छ । मोड्युल दुईको २.१.४ मा जनवकालत कार्य योजनाको निर्माण गरिसकेको हुनाले त्यसलाई यस सत्रमा छलफलको लागि प्रयोग गर्नुहोस् ।
२. सहभागीलाई सोध्नुहोस् : सरोकारवालाको नक्सांकन र विश्लेषण भनेको के हो ? हामीले के पहिचान गर्‍यौं ?
३. सहभागीहरूको जवाफलाई गठबन्धन र सञ्जाल निर्माणसँग जोडेर छलफल गराउनुहोस् ।

### ३.४.१ गठबन्धन निर्माण भनेको के हो ?

गठबन्धन निर्माण भन्नाले साझा लक्ष्य र उद्देश्य प्राप्तिका लागि गरिने गतिविधि तथा कृयाकलापहरूमा विभिन्न व्यक्ति र संस्थाहरू एकजुट भई अगाडि बढ्ने कार्यलाई जनाउँदछ । यसमा व्यक्तिहरू, जसले हाम्रो लक्ष्य र उद्देश्य प्राप्तिका लागि जनपैरवी अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गरी योगदान पुर्‍याउन सक्नेहरू पर्दछन् ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

यसमा हामीसँगै गठबन्धन र सञ्जालमा हातेमालो गरी जान सक्ने सहयोगी समूहहरू उल्लेख गर्नुपर्छ । जसलाई हामीले अगाडि नै जनवकालत अभियान योजनामा पहिचान गरिसकेका छौं ।

### ३.४.२ सञ्जाल तथा गठबन्धनको निर्माण किन गर्ने ?

जनवकालत अभियानका क्रममा विभिन्न व्यक्ति र संस्थाहरू जसले अभियानलाई सहयोग पुऱ्याउँदछ उनीहरूसँग गठबन्धन निर्माण गर्नु अति आवश्यक हुन्छ । सञ्जाल र गठबन्धन निर्माण किन आवश्यक छ भन्ने केही कारणहरू निम्न छन् ।

- विभिन्न शक्तिहरूलाई एकत्रित गरी हाम्रो आवाजलाई बुलन्द र बलियो पार्न ।
- नीति निर्माताहरूसँग पहुँच वृद्धि गर्न ।
- जनवकालतका आधारभूत सूचना तथा विशेषज्ञता वृद्धि गर्न ।
- नयाँ सञ्जाल र साझेदारी निर्माणको अवसर सृजना गर्न ।
- खर्च कम गर्ने अवसरको सृजना गर्न ।
- कामको जिम्मेबारी बाँडफाँड गरी क्रियाकलापलाई दोहोरिन नदिन ।
- सामूहिक एकताको भावना विकास गरी अगाडि बढ्न प्रेरित गर्न ।

आदिवासी जनजातिहरूलाई जलवायु परिवर्तन र रेडप्लस सम्बन्धी नीति तथा कार्यक्रमले पारेका प्रभावका सम्बन्धमा माथि उल्लेख गरे बमोजिम विभिन्न सरोकारवाला र सहयोगी संस्थाहरूसँग मिलेर जनवकालत अभियान सञ्चालन गर्न सान्दर्भिक हुन्छ । अभियान मार्फत हामी आदिवासी जनजातिहरूको अधिकारलाई रेडप्लस रणनीति र कार्यक्रमले सम्बोधन गर्नुपर्ने मुद्दालाई उठान गर्न सक्छौं ।

यो लक्ष्य हासिल गर्न त्यति सजिलो छैन्, त्यसको लागि निकै ठूलो कसरत र मेहनत गर्नुपर्ने हुनसक्छ । यसका लागि जनवकालत अभियानका विभिन्न रणनीतिहरूलाई समेटेर अगाडि बढ्नुपर्ने हुन्छ । यो अभियान लामो समयसम्म दिगो बनाउन सक्नुपर्छ । त्यसैले, विभिन्न प्रभावशाली व्यक्तित्वहरू, संघसंस्थाहरूसँग सञ्जाल र गठबन्धन निर्माण गर्नुपर्दछ ।

अर्कोतर्फ अधिकांश जनमानसलाई आदिवासी जनजातिका अधिकारका सम्बन्धमा चेतना र ज्ञानको कमी छ । त्यसैले, सहयोगीहरूसँग सञ्जाल निर्माण गरी आदिवासी जनजातिका सवाल र मुद्दाहरूलाई सर्वसाधारण जनसमुदाय, नीति निर्माता र सरकारी निकायका पदाधिकारीहरूका माझ पुऱ्याई उनीहरूको सहयोग र समर्थन जुटाउन सक्नुपर्दछ । त्यसैगरी, जनवकालत अभियानका लक्ष्य र उद्देश्य प्राप्तिका लागि विभिन्न स्रोतसाधन तथा जनशक्तिहरूको आवश्यकता पर्ने हुनाले सहयोग गर्ने विभिन्न व्यक्ति र निकायहरूसँग सम्बन्ध स्थापित गर्नुपर्दछ ।

### ३.४.३ आदिवासी जनजातिका अगुवा, संघसंस्था तथा समुदायले कोसँग सञ्जाल तथा गठबन्धन निर्माण गर्नुपर्दछ ?

सञ्जाल र गठबन्धन निर्माणका लागि संभावित सहयोगीहरूको पहिचान गर्दा हामीले उठाएका मुद्दा तथा सवालहरूलाई सहयोग गर्न सक्ने संभावित व्यक्ति तथा संस्थाहरूलाई लिन सकिन्छ । यसले साझा लक्ष्य, उद्देश्य र योजना मुताविक विभिन्न कृयाकलाप तथा गतिविधिहरू गर्न सहयोग पुग्दछ । सञ्जाल र गठबन्धनको निर्माण स्थानीय तहमा मात्र नभएर क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म निर्माण गर्न आवश्यक हुन्छ । यसले अभियानलाई सहयोग गर्नका साथै मुद्दालाई राष्ट्रियकरण तथा अन्तर्राष्ट्रियकरण गर्नमा समेत मद्दत पुग्दछ ।

**वृहत गठबन्धन निर्माण**

कुनै पनि खास सवाल तथा मुद्दालाई उठान गर्ने कार्यमा वृहत जनसमुदायलाई एकत्रित गर्ने प्रकृया हो । यसले व्यक्तिगत तथा संस्थागत रूपले काम गर्न मद्दत पुग्दछ । यो एक समानान्तर रेखीय गठबन्धन भएकोले कुनै पनि विभेद हुन्न । साझा समस्या र मुद्दाबाट प्रभावित समुदायहरू एकै ठाउँमा उभिएर अगाडि बढ्न यसको निर्माण गरिन्छ । उद्देश्य र कार्यक्रमको प्रकृति अनुसार वृहत गठबन्धन अल्पकालिन, दिर्घकालिन र औपचारिक, अनौपचारिक प्रकृतिका हुने गर्दछन् । आदिवासी जनजातिहरूको सवालमा समान किसिमका समस्याबाट प्रभावित समुदायहरू एकतावद्ध भई समस्या समाधानका लागि अगाडि बढ्न र एक आपसमा सहकार्य निर्माण गर्न वृहत गठबन्धन निर्माणको आवश्यकता पर्दछ ।

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

१. यस सत्रमा जनवकालत अभियानका कार्य योजना सहभागीहरूबीचमा छलफल गराउन सक्नुहुन्छ । (मोडुल दुई : २.१.४ जनवकालत कार्य योजना निर्माण)
२. कुनै एउटा कार्य योजनालाई छनौट गरी पहिचान गरिएका सरोकारवालाहरूको सवालमा छलफल गराउन सक्नुहुन्छ ।



नागरिक समाज र आदिवासी जनजाति सञ्जालका सदस्यहरू रेडसम्बन्धी अवधारणापत्रमाथि छलफल गर्दै ।

हामीले जनवकालत अभियानमा समावेश गर्न सकिने केही संभावित सहयोगी समूहहरू निम्न हुन सक्दछन् ।

- गाउँको पाको र प्रभावशाली व्यक्तित्वहरू जस्तै : धार्मिक गुरू, शिक्षक, डाक्टर, वकिल, प्राध्यापक, बुद्धिजीवि, पत्रकार आदि । सामुदायिक संस्थाहरू (महिला समूह, आमा समूह, सामुदायिक वन उपभोक्ता समूहका साथै युवा, महिला, वृद्धाहरू) ।
- गैर-सरकारी संस्थाहरू ।
- वातावरणीय जनवकालत समूह तथा नागरिक समाज ।
- दातृनिकायका सदस्य तथा पदाधिकारीहरू ।
- मुद्दामा आधारित अन्तर्राष्ट्रिय सञ्जाल (उदाहरणको लागि वनजंगल, आदिवासी जनजाति, मानव अधिकार र वातावरणका क्षेत्रमा काम गरिरहेका संस्थाहरू) ।
- विश्वविद्यालयहरू तथा कानून विषय पढाइने क्याम्पसहरू ।
- सरकारी पदाधिकारी तथा कर्मचारीहरू विशेष गरी वन कार्यालय, वन विभाग, वन तथा भू-संरक्षण मन्त्रालय, भूमिसुधार विभाग र मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय आदि ।
- स्थानीय, क्षेत्रीय र जिल्ला स्तरीय राजनैतिक व्यक्तित्वहरू ।
- निजी क्षेत्रमा काम गर्ने व्यक्तित्वहरू, जसले वातावरणीय क्षेत्रमा काम गरिराखेका छन्, तिनीहरूले प्राविधिक, कानूनी, जनसम्पर्क सम्बन्धी सहयोग गर्न सक्दछन् ।
- सञ्चारकर्मीहरू ।

**सञ्जाल र गठबन्धन निर्माणका लागि सुझाव**

१. संभावित सहयोगीहरूको सूची र सम्पर्क तयार गर्दा

- सम्पर्कका लागि विस्तृत विवरण समावेश गर्ने ।
- सूचना प्रदान गर्न सक्ने व्यक्ति तथा संस्था ।
- दक्षता र अनुभवका आधारमा तिनीहरूका संभावित भूमिका र योगदान ।

२. गठबन्धन र सञ्जालको लागि विशेष योजना तयार पार्दा :

- कसले के र कहिले गर्ने ?
- ती व्यक्ति तथा संस्थाहरूसँग कसरी सम्पर्क गर्ने ?

३. संभावित सहयोगीहरूसँग कुरा गर्दा यी कुराहरू निश्चित गर्नुहोस् :

- तपाईंको आफ्नो मुद्दा र योजना तथा गतिविधिहरूलाई स्पष्ट रूपमा बयान गर्नुहोस् ।
- तपाईले के कुराको लागि सहयोगको अपेक्षा राख्नु भएको छ ?
- नम्र बन्नुहोस, रिसाउने बानी नगर्नुहोस् ।
- संभावित प्रश्नको जवाफ दिनको लागि तयार हुनुहोस् । यदि तपाईंसँग उत्तर नभएमा इमान्दारीताका साथ थाहा छैन भन्नुहोस् ।
- अरूको विचार, प्रतिक्रिया तथा सुझावहरूलाई ध्यानपूर्वक सुन्नुहोस् र उनीहरूका विचारलाई सम्मान गर्नुहोस् ।

४. सहयोगीहरूसँग व्यक्तिगत रूपमा राम्रो सम्बन्ध कायम राख्नुहोस् ।

५. आदिवासी जनजाति सम्बन्धलाई ध्यान दिंदै सुमधुर

तथा मजबुत सम्बन्ध कायम गर्नका लागि ख्याल गर्नुपर्ने केही कुराहरू :

- आदिवासी जनजाति समुदायमा नातेदारको सम्बन्ध महत्वपूर्ण हुन्छ । नातेदारका आधारमा उनीहरू एक अर्कामा बाँधिएका हुनाले यसको महत्वलाई हामीले बुझ्नु पर्दछ ।
- आदिवासी जनजातिका संस्कृति र परम्पराले पनि समुदायमा एकता कायम गराई राखेको हुनाले त्यसप्रति मध्यनजर गर्नुपर्दछ ।
- बूढापाकाहरूको विचारलाई सम्मान गर्ने परम्परा हुनाले हामीले पनि सम्मान गर्नुपर्छ ।
- धेरै आदिवासी जनजाति महिलाहरू नबोल्न सक्दछन् । तैपनि, उनीहरूलाई सामूहिक कार्यमा परिचालन गर्नुपर्छ ।

६. गठबन्धनको निर्माण राम्ररी बुझेर धैर्यतापूर्वक गर्नुहोस् ।

- अरूको विचार र अवस्थालाई बुझ्ने प्रयास गर्नुहोस् ।
- सहमतिमा नपुगुन्जेलसम्म धैर्यताकासाथ छलफल गर्नुहोस् । कोही तपाईको विचार प्रति असहमति जनाउन सक्ने संभावनालाई मध्यनजर गरी वैकल्पिक योजना समेत तयार गर्नुहोस् ।

**कृयाकलाप ५. गठबन्धन निर्माणको लागि भूमिका निर्वाह**

कुनै तीनजना सहभागीहरूलाई गठबन्धन निर्माण गर्नको लागि जिम्मा दिनुहोस् । उदाहरणको लागि गाउँको लामासँग कुरा गर्न । लामा खुल्ला विचारका छन् तर मुद्दाप्रति संवेदनशील भने छैन् । उनले स्थानीय सरकारी निकायका पदाधिकारीहरूलाई प्रभाव पार्न सक्दछन् । उनीहरूको कार्य भनेको स्थानीय सरकार (गाविस, नगरपालिका)ले अचानक रूपमा वनबाट घाँस दाउरा संकलन गर्न नपाउने नियम बनाई स्थानीय आदिवासी जनजातिहरूलाई समस्या खडा गरेको कुरा लामालाई बुझाउनु पर्ने हुन्छ । यो नियम अनुसार वनपैदावर संकलन गरेवापत स्थानीय सरकारलाई पैसा तिर्नुपर्ने, यदि नतिरेमा दण्ड जरिवाना तिर्नुपर्ने सवालमा लामालाई बुझाई स्थानीय सरकारका निकायमा उनीहरू मार्फत सहजीकरण गर्न सहयोगको वातावरण तयार गर्नुपर्ने हुन्छ । पहिलो चरणमा समस्या के हो र समुदायले के कुस्ता समस्या भोगिराखेका छन् ?, त्यसका कारणहरू के के छन् ? समुदायले समस्या र मुद्दाको सम्बोधन कसरी होस् भन्ने चाहन्छन् ? जस्ता कुराहरू बुझाउनका लागि १५ मिनेटको समय दिन सकिन्छ ।

२. एकजना सहभागीलाई लामाको भूमिका निर्वाह गर्न लगाउने । निजलाई लामाको पहिरनमा लामा जस्तै गरी अभिनय गर्न र प्रश्नहरू सोध्न लगाउने । यदि लामा सहमत हुनु भो भने तपाईको अनुरोध अनुसार गर्नका लागि प्रतिवद्धता गराउनुहोस् । यदि सहमत हुनु भएन भने उहाँले वकालतका लागि अरू नै कुनै उपाय बताउन सक्ने हुनाले उनको सुझाव लिन लगाउने ।

३. यस अभ्यासबाट अन्य सहभागीहरूले उठान गर्नुपर्ने मुद्दा र कसरी मुद्दाप्रति सहमत गराउने भन्ने बारेमा थाहा हुनेछ । त्यसैले उनीहरूले उत्सुकताका साथ वस्तुपरक ढंगले अवलोकन गर्न सक्दछन् ।

**४. भूमिका निर्वाहले कम्तीमा १५ मिनेट समय लिनेछन् । भूमिका निर्वाह पछि सहभागीलाई तलको सन्दर्भमा उनीहरूको विचार के छ भनि सोध्नुहोस :**

१. समुदायका अगुवाले उनीहरूको सवाल तथा मुद्दालाई राम्रोसँग बयान गर्न सक्षम भए ?

२. उनीहरूको अडान, माग र सहयोगका लागि गरिएको अनुरोध स्पष्ट र विश्वसनीय थियो ?

३. उनीहरूको प्रस्तुतिकरण शैली, अवधारणा तथा व्यवहार कस्तो लाग्यो ? राम्रो ? उपयुक्त ?

५. सहभागीहरूको विचारको आधारमा निष्कर्ष निकाल्नुहोस् । भूमिका निर्वाहका सबल र दुर्बल पक्ष, सुधार गर्नुपर्ने पक्ष र त्यसबाट सिकिएको पाठका सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

## ३.४.४ अनौपचारिक सञ्जाल

- अनौपचारिक सञ्जाल मार्फत एक अर्कामा सूचना आदानप्रदान र उनीहरूसँग सम्पर्क स्थापना गरी हाम्रो लक्ष्य पूरा गर्नमा सहयोग पुऱ्याउन सक्छ ।
- सञ्जालले सवाल वा मुद्दाहरूको सम्बन्धमा कहाँ के भइरहेको छ ? को मार्फत भइरहेको छ ? भन्ने कुरा थाहा पाउन सहयोग गर्दछ । त्यस्तै, यसले एउटै कुरा दोहोरिन नदिई समय र पैसाको बचत पनि हुन्छ ।
- अनौपचारिक सञ्जाल विभिन्न तरिकाले निर्माण गर्न सकिन्छ । जस्तैः ईमेल, फेसबुक, ट्विटर, वेवसाइट, टेलिफोन वा अन्य कुनैपनि माध्यमबाट सञ्चार गरेर ।

### ३.४.५ तपाईंले सहयोगीहरू बीचको सम्बन्ध र सञ्जाललाई कसरी निरन्तरता दिने ?

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

सहभागीहरूबीचमा सञ्जाल सम्बन्धलाई जीवन्त तुल्याई थप मजबुत पार्न आवश्यक छ भन्ने कुरामा जोड दिनुहोस् । एक अर्काबीचमा निरन्तर कुराकानी, छलफल गरेर सम्बन्धलाई जीवन्त राख्न सकिन्छ । तसर्थ सम्बन्धलाई दिगो पार्नका लागि धैर्यता, स्पष्ट बुझाई र समयको आवश्यकता पर्दछ ।

- वकालत गर्नेले आफ्नो विचार स्पष्ट रूपमा सूचित गर्नुपर्छ । खास मुद्दालाई उठान गर्नु पर्ने औचित्य र थप के गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्याख्या गर्नुपर्छ । मानिसहरूसँग भेटघाट गरी आफ्नो लक्ष्य र उद्देश्यहरूको बारेमा निरन्तर बताइरहनुपर्छ ।
- सबैसँग निरन्तर रूपमा सम्पर्कमा बस्नुपर्छ ।
- ग्रामीण क्षेत्रमा प्रत्यक्ष सम्पर्क, सञ्चार गर्नु आवश्यक हुन्छ ।
- मुद्दा र अभियान गतिविधिहरूका सम्बन्धमा नियमितरूपले सूचना प्रदान गर्नुपर्दछ ।

## सत्र ३.५ छलफलमा सहभागी : सरकारी निर्णय प्रक्रियामा सहभागी र पैरवी

समय : २ घण्टा

### ३.५.१ सरकारी निर्णय प्रकृयामा सहभागी हुन किन आवश्यक छ ?

सरकारी निकायबाट प्रायः दैनिक रूपमा शिक्षा, स्वास्थ्य, वातावरण र सामाजिक विकास जस्ता विभिन्न विषयमा कुनै न कुनै महत्वपूर्ण निर्णयहरू हुने गर्दछन् । यी निर्णयहरूले आदिवासी जनजाति समुदायमा महत्वपूर्ण प्रभाव पार्न सक्दछ । जस्तै : यी तलका कार्यले आदिवासी जनजातिलाई असर पार्न सक्दछ ।

- संसदबाट नयाँ कानूनको पारित,
- सरकारी निकायबाट नियम कानूनहरूको लागू,
- स्थानीय निकाय तथा सरकारी कार्यालयबाट अनुमति पत्रको स्वीकृति प्रदान,
- सरकारी निकायबाट वातावरणीय कानूनलाई लागु गर्न असफल हुँदा,

सरकारी निर्णयले हाम्रो जनजीवनमा फरक फरक तरिकाले प्रभाव पार्न सक्दछ । त्यसैले, सरकारी निर्णय प्रक्रियामा समुदायको सहभागिता हुन अति आवश्यक हुन्छ । निर्णय प्रक्रियामा सहभागी हुन सकेको खण्डमा मात्र उनीहरूका समस्या र सवालहरूका सुनुवाई र सम्बोधन हुनसक्दछ । त्यसैले सरकारी निर्णय प्रक्रियामा सर्वसाधारण जनताको सहभागी हुनुलाई जनसहभागिता भनिन्छ ।

प्रायः कानुनले सर्वसाधारणको विचारलाई प्रस्तुत गर्न औपचारिक संयन्त्र स्थापना गरेको हुन्छ । जस्तैः जनपरामर्श र सार्वजनिक सुनुवाई कार्यक्रम । सरकारी निर्णयलाई प्रभावित पार्ने अन्य अनौपचारिक संयन्त्रहरू पनि प्रयोग गर्न सकिन्छ ।

आदिवासी जनजातिका अगुवाहरूले स्थानीय निकायको सरकारी संयन्त्र बुझ्न आवश्यक हुन्छ । यो प्रकृया बुझेर आदिवासी जनजातिको अधिकारको कानूनी मान्यता र उनीहरूका सवाल तथा मुद्दाहरूलाई स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरको निर्णय हुँदा सम्बोधन गराउने प्रयत्न गर्नुपर्दछ ।

### ३.५.२ पैरवी भनेको के हो र कसरी गर्ने ?

**सहजकर्ता/प्रशिक्षकलाई नोट**

१. सहभागीहरूलाई प्रश्न सोधेर सत्रको शुरूवात गर्नुहोस् । हामीले पहिलो मोड्युलमा पैरवीको बारेमा छलफल गरिसकेका छौं, त्यसैले पैरवी भनेको के हो ? तपाइहरू मध्ये कसले भन्न सक्नुहुन्छ ?
२. सहभागीहरूलाई उत्तर भन्न लगाई निष्कर्ष निकाल्नुहोस् ।



आदिवासी जनजाति महासंघका पदाधिकारीहरूसँग छलफल गर्दै रेडसेलका प्रमुख रेसम डाँगी ।

पैरवी यस्तो प्रकृया हो जसमार्फत विधायिकाहरू जस्तै : संसद सदस्य, विभिन्न तहका सरकारी कार्यालयका पदाधिकारी, राजनीतिज्ञ र निर्णयकर्ताहरू सबैलाई वकालतकर्ताहरूको सिफारिस बमोजिम निर्णय लिन अभिप्रेरित गरिन्छ । यस अन्तर्गत नयाँ नीति तथा कानूनको निर्माण, विद्यमान कानून तथा नीतिहरूको संशोधन आदि पर्दछ ।

## पैरवीका लागि मार्गदर्शन

१. तपाईले जुन व्यक्ति तथा सरकारी अधिकारीहरूसँग पैरवी गर्दै हुनुहुन्छ उनीहरूको सूची तयार गर्नुहोस् । त्यस्तै तिनीहरूको भूमिका, पद, सम्पर्क ठेगाना सम्बन्धी सूचना संकलन गर्नुहोस् ।

२. तपाईले तयार पार्नु भएका सूचीका आधारमा उनीहरूका बीच कसरी पुग्ने र सबैभन्दा पहिला मुख्य सहयोगीबाट शुरूवात गर्नका लागि योजना तयार गर्नुहोस् ।

- विभिन्न पदाधिकारीहरू सामु पहुँच पुऱ्याउने तरिकाहरू ।
- कुनैपनि सहयोगी समूहका व्यक्ति, जसलाई सरकारी अधिकारी तथा अन्य पदाधिकारीहरूको बारेमा जानकारी छ, उनीहरूलाई ती पदाधिकारीहरूसँग वैठक बस्नका लागि समय मिलाई दिन अनुरोध गर्ने । बैंठकमा उनीहरूबाट हाम्रो सवाल र मुद्दाप्रति आफ्नो धारणा र सुझाव लिने ।
- निर्णयकर्ताको ध्यानाकर्षण गर्न त्यति सजिलो छैन् । त्यसैले, सम्बन्धित सरकारी निकायका कार्यालय सचिव तथा अन्य कर्मचारीहरूलाई सम्पर्क गरी सवालको सम्बन्धमा बुझाउँदा राम्रो हुन्छ । उनीहरूको मन जित्न सकेमा विस्तारै उनीहरू मार्फत अन्य कार्यालयका पदाधिकारी तथा कर्मचारीहरूसँग पैरवी गर्न र प्रभाव पार्न सजिलो हुन्छ ।
- नीति निर्माता वा निर्णयकर्ताहरूसँग औपचारिक तथा अनौपचारिक रूपमा बैंठकको आयोजना उपयुक्त स्थानमा गर्नुहोस् ।
- निर्णयकर्ताहरूको कार्यतालिका तथा गतिविधिहरूको बारेमा पत्ता लगाउनुहोस् । यसले तपाईलाई उनीहरूको गतिविधिहरू बुझ्न र सम्बन्ध विस्तार गर्नमा सजिलो हुन्छ ।

३. पैरवी गर्दा आफूले उठाउन खोजेको सवाल र विषयवस्तुका सम्बन्धमा लिखित कागजपत्र तयार गर्नुहोस् ।

४. पैरवी निर्णयकर्तासँग बैंठक गर्ने काम मात्र नभएर सर्वसाधारणको जनताको जनमत लिने काम समेत पर्दछ । खुल्ला जनताको लागि विभिन्न दातृसंस्था, मिडिया र प्रभावकारी व्यक्तित्वहरूको सहयोग लिएर अप्रत्यक्ष रूपले भएपनि निर्णयकर्तालाई हाम्रा सवालहरूका सम्बन्धमा निर्णय लिन प्रभावित गर्न सकिन्छ ।

५. सबै प्रकारका निर्णयकर्ताहरूलाई पैरवी गर्न सकिन्छ । पैरवी गर्दा समाजका अगुवा, नेता, सरकारी पदाधिकारी पत्रपत्रिकाको सम्पादक, दातृसंस्थाका पदाधिकारी, गैर-सरकारी संस्थाका पदाधिकारी,

आदिलाई समावेश गरी जनताका साधारण सवालमा प्रोत्साहित गरिनु पर्नेहुन्छ ।

## वार्ता/ सम्झौता

वार्ता वा सम्झौता कुनै पनि विषय वा मुद्दामाथि छलफल गरी एउटा निश्चित सहमतिमा पुग्ने प्रकृया हो । सफल वार्तामा दुई पक्षबीच सम्झौता वा सहमति हुन्छ । उत्तम वार्ता/सम्झौता भनेको दुवै पक्षको जीतको अवस्थामा पुग्नु हो । यसको मतलब दुवै पक्ष वार्ताको परिणाम वा नतिजाबाट सन्तुष्ट हुनु हो ।

वार्तामा जीतको अवस्था सृजना हुनु नै द्वन्दमा नगई सहमतिमा पुग्ने उत्तम उपाय हो । सफल वार्ताले दुवै पक्षका बीचमा राम्रो सम्बन्ध स्थापित गरी समस्याहरूलाई कम गर्न र दीर्घकालीन रूपमा समन्वय कायम गरी अगाडि बढ्न मद्दत पुऱ्याउँदछ ।

समुदायका अगुवाहरू कहिलेकाही स्थानीय निकायका सरकारी पदाधिकारी, नेता तथा संघसंस्थाहरूसँग आफ्नो सवालमा वार्ता गर्न सक्दछन् । कुनै एक पक्षले अर्को पक्षसँग वार्ताका लागि अनुरोध गर्न सक्दछन् ।

वार्ताका लागि विभिन्न सवाल तथा मुद्दाहरू हुन सक्दछन् । यस अन्तर्गत कुनै परियोजनालाई समुदायले स्वीकार गर्नुपूर्व पूरा गरिनुपर्ने शर्तहरू, लाभांश बाँडफाँड, बजेटको बाँडफाँड र प्रयोग आदि हुन सक्दछन् ।

वार्तामा दुवै पक्षबीच विश्वासको वातावरण सृजना हुन आवश्यक हुन्छ । यदि कुनै पक्षले जबरजस्ती अर्को पक्षलाई शर्त मान्न बाध्य पारिएको खण्डमा ती समुदायका नेताहरूले आफूलाई फाइदा वा बेफाइदा के हुन्छ भन्ने कुरामा आफ्नो मत दिन सक्नेछन् । यदि समुदायले फाइदा प्राप्त गर्न सक्दैन भने यस्ता कुरामा पुनः विचार गरिनु आवश्यक हुन्छ ।

समुदायका अगुवाहरूले छलफल गरी उनीहरूको अडान, छलफलका बूँदाहरू र रणनीति तयार गर्नुपर्दछ । छलफलमा समुदायका सदस्यहरूको सहभागिता गराउनु पर्दछ । वार्ताकारहरू प्रत्यक्ष रूपमा समुदायप्रति उत्तरदायी हुनुपर्दछ ।

समुदायका अगुवा तथा सदस्यहरूसँग पारदर्शी रूपले परामर्श र सहमति भइसकेपछि वार्ताको तयारी गरिन्छ । यदि समुदायका अगुवाहरूले तत्कालै स्वीकार गर्न नमानेमा उनीहरूलाई आवश्यक परामर्शको व्यवस्था गरी अन्तिम सहमतिमा पुग्ने वातावरण तयार गर्नु पर्दछ ।

## सफल वार्ताका लागि निर्देशन

१. पूर्णरूपमा तयारी हुनुपर्छ ।
२. वास्तविकता हासिल गर्न सकिने या नसकिने मूल्यांकन गर्नु पर्दछ ।
- आफू र आफ्नो विपक्षीको क्षमता, उनीहरूको अडान, प्रस्तावना, माग र वार्ताका बुँदाहरू थाहा हुनुपर्दछ ।
- निष्पक्ष र न्यायोचित के हो ? स्पष्ट हुनुपर्दछ ।
- तपाईंको अधिकतम र न्यूनतम अडान, माग र कुन हदसम्म लचकता अपनाउने बारेमा स्पष्ट हुनु पर्दछ ।

३. माथि उल्लेखित कुराहरूका आधारमा तपाईले हासिल गर्न खोजेको उपलब्धिका सम्बन्धमा स्पष्ट हुन जरूरी पर्दछ । अर्को पक्षले तपाईको विरोध/असहमति जनाएको खण्डमा त्यसको प्रतिवाद गर्न योजना र रणनीति तयार गर्नुपर्दछ । आफ्नो रणनीतिलाई राम्रो बनाउनको लागि अर्को पक्षको पृष्ठभूमि, अडान र अवधारणा आदिको बारेमा पूर्व जानकारी हुनु पर्दछ ।
४. अर्को पक्षका कुरालाई राम्ररी सुन्नु पर्दछ । धैर्यताका साथ मात्र उनीहरूका सवालको जवाफ र आफ्नो अडानलाई राम्ररी राख्नु पर्दछ । वार्तामा विश्वासको वातावरण सृजना गर्न सकेको खण्डमा मात्र वार्ता उपलब्धिमूलक हुनेछ ।
५. कामको जस दिने : सक्षम वार्ताकारले अरूको योगदानको कदर र प्रसंशा गर्नुपर्छ । यसले वार्ताका दुवै पक्षलाई वार्ता सफल पार्नमा अपनत्वको भावना सृजना गर्दछ ।
६. सम्झौता : वार्ताको क्रममा आफ्नो अडानलाई कुन हदसम्म लचकता अपनाउने भन्ने सम्बन्धमा स्पष्ट हुनुपर्दछ । वार्ताको क्रममा आफूले नसोचेका कुराहरू आएमा आफूले सार्ने वैकल्पिक कुराहरूका सम्बन्धमा आफू तयार हुनुपर्दछ । कुन उपलब्धिका लागि खुल्ला हुने र कुन हदसम्म लचकता अपनाउने जस्ता कुराहरू पनि आउँछन् । तपाईको निम्नतम अडान तर्कसंगत, निष्पक्ष र वास्तविक हुनुपर्दछ । जसले गर्दा विपक्षीले नकार्न र अस्वीकार गर्न गाह्रो हुन्छ ।
७. नतिजाको समीक्षा : सत्रको अन्त्यमा, बैठकबाट आएका मुख्य बुँदाहरूलाई टिपोट गरी बैठकको समीक्षा गर्नु पर्दछ । यस अन्तर्गत सहमति र असहमतिका बूँदाहरू थप छलफलका विषयहरू आदि पर्दछन् ।



तालिमका सहभागीहरू वार्ताका लागि भूमिका निर्वाह गर्ने क्रममा आ-आफ्ना अडान प्रस्तुत गर्दै ।

**कृयाकलाप ६. वार्ताका लागि भूमिका निर्वाह**

निजी कम्पनी : टाँची नामक निजी कम्पनीले वन संरक्षण तथा कार्वन किन्नका लागि तपाईंको समुदायसँग सम्झौता गर्न इच्छा देखाएका छन् । यसका लागि उनीहरूले समुदायलाई छिटो हुर्किने विरूवा लगाउन र खोरिया खेती प्रणालीलाई रोक्न चाहन्छन् । खोरिया खेती आदिवासी जनजातिहरूको परम्परागत जीविकोपार्जन शैली हो । यो ३ देखि ५ वर्षको अन्तरालमा पुनः खेती गर्ने र घाँस दाउरा संकलन गर्ने परम्परागत अभ्यास हो ।

उनीहरूले समुदायलाई प्रतिटन कार्वन बराबर २० अमेरिकन डलर दिन तयार छन् । समुदायको वनबाट प्रतिवर्ष ५००० टन कार्वन संचिति गर्ने क्षमता छ । कार्वन सञ्चिति वापतको प्रचलित बजार मूल्य भने २५ अमेरिकन डलर छ । टाँची कम्पनीले ३० देखि ५० वर्षको लागि सम्झौता गर्न चाहन्छ ।

**समुदायको अडान**

समुदायले निम्न शर्त सहित वार्ता गर्न चाहन्छ :

- हामीले खोरिया खेतीलाई निरन्तरता दिन पाउनुपर्छ ।
- कार्बन विनिमय दर बजार मूल्य अनुसार किनबेच हुनुपर्छ ।
- आदिवासी जनजाति समुदायको आवश्यकता अनुसार वनजंगलबाट घाँस, दाउरा संकलन गर्न पाउनु पर्छ ।
- सम्झौताको अवधि समग्रमा शर्तनामा अनुसार नै हुनेछ ।
- उपयुक्त ठाउँको पहिचान गरी हाम्रो संस्कृति, परम्परा र जैविक विविधतालाई असर नपर्ने गरी छिटो बढ्ने रूखहरू लगाउनु पर्नेछ ।

**टाँची कम्पनीको अडान**

टाँची कम्पनी चाहि आफ्नो कार्वन उद्योग सञ्चालन गर्नका लागि समुदायसँग लामो समयको सम्झौता गर्न चाहन्छ । तलका बूँदाहरूको आधारमा कम्पनीले समुदायसँग वार्ता गर्न चाहन्छ ।

- कार्वनको मूल्यमा वार्ता गर्न चाहन्छ तर अहिलेको बजार मूल्यभन्दा पनि कम मूल्यमा लिन चाहन्छ ।

- समुदायले बढी कार्वन सोस्न सक्ने छिटो हुर्कने विरूवा लगाओस भन्ने चाहन्छ ।
- उनीहरू खोरिया खेतीलाई रोक्न चाहन्छ, उनीहरू यस्तो खेती प्रणाली जमिनको उपयोगको दृष्टिकोणले उपयुक्त र दिगो नहुने बताउँछन् ।
- दाउराको संकलन गर्नाले कार्वन उत्सर्जन हुने हुँदा यसलाई प्रतिबन्ध लगाउन चाहन्छ ।
- सम्झौता भने कम्तीमा पनि ३० वर्षको होस भन्ने चाहन्छ ।

**सहजकर्ता/प्रशिक्षकलाई भूमिका निर्वाहको लागि नोट**

यदि समय भएमा, समूहलाई समुदायको भूमिका निर्वाह गर्न जिम्मा दिने । उक्त समूहले कम्पनीसँग आफ्नो अडान कसरी राख्ने र वार्तामा कसरी प्रस्तुत हुने भन्ने सवालमा छलफल गर्न लगाउने । यसबाट तालिममा सहभागीहरूले समुदायमा कसरी एकता गर्ने, वार्तामा आफ्ना माग राख्ने सवालमा प्रत्यक्ष अनुभवबाट सिक्नेछन् । त्यस्तै कहिलेकाही वार्ता वा सम्झौता दुई पक्षबीच मात्र नभएर धेरै पक्षहरूका बीचमा पनि गर्नुपर्ने अवस्था हुन सक्दछ । त्यसैले आवश्यकतानुसार सहभागीहरूलाई विभिन्न समूहमा वर्गीकरण गरी फरक फरक जिम्मेबारी दिएर भूमिका निर्वाह गर्न लगाउन सकिन्छ ।

## सत्र ३.६ जनपरिचालन/जनअभियान : राजनैतिक लचकता र शक्ति प्रदर्शन

**समय : १ घण्टा**

**कृयाकलाप : ७**

१. यस सत्रलाई शुरूवात गर्नका लागि सहजकर्ताले विभिन्न प्रकारका आन्दोलन(घेराउ, धर्ना, जुलुस, न्यालीका फोटोहरू देखाउनुहोस् ।
२. सहभागीहरूलाई सोध्नुहोस् : तपाईहरू मध्ये कति जनाले आन्दोलनमा सहभागी हुनु भएको छ ?
३. पुनः सोध्नुहोस् : कुन अवस्थामा हामीले जनअभियानलाई प्रयोग गर्न सक्दछौं ? हामीले जनअभियानको आयोजना र त्यसमा जनसहभागी गराउँदा के कुरामा ध्यान दिनुपर्छ ?
४. सहभागीहरूको उत्तरका आधारमा छलफलको निचोड निकाल्नुहोस् र सुझाव दिनुहोस् ।

जनपरिचालन तथा जनअभियान वृहत रूपमा जनसमुदायको सहभागिता गराई आदिवासी जनजाति समुदायलाई प्रभाव पार्ने सरकारी नीति, कार्यक्रम, परियोजना र कृयाकलापको विरोध गर्नको लागि गरिन्छ । यसले जनप्रदर्शनमा सबैलाई एकताबद्ध गराउने कार्य गर्दछ । त्यसैले सामान्य अर्थमा जनअभियानले वृहत रूपमा जनताहरूको सहभागीतामा जनप्रदर्शन गर्ने कार्यलाई जनाउँदछ । यस्ता प्रदर्शनहरू निम्न अवस्थामा गर्न सकिन्छ ।

- सरकारी निकाय र पदाधिकारीहरूको घेराउ, सरोकारवाला तथा संस्थानहरूसँगको बैंठकको घेराउ गर्न,
- सरकारी निकाय वा पदाधिकारी, कम्पनी मालिकहरूसँग पैरवी गर्न,
- मुद्दा र सवालहरूमाथि जनमत जुटाई आन्दोलन वा न्याली गर्न,
- विशाल विरोध प्रदर्शन गर्न ।

केही जनअभियानहरू खाली विरोधको लागि मात्र नभएर समुदायको उद्देश्य हासिल गर्नका लागि विशेष गतिविधिहरू सञ्चालन गर्न गरिन्छ । उदाहरणको लागि जस्तै :

- आफ्नो भूमिको रक्षा गर्न । समुदायको ठूलो जनसमुदाय बाटो, पुल र नाकाहरूमा बसेर बाहिरी मान्छे र विभिन्न मेशिनहरू प्रवेशमा रोक लगाई आफ्नो भूमिको रक्षा गर्न विरोधमा उत्रन सक्नेछ ।
- आफ्नो जमिन माथिको अधिकारको रक्षा गरी जीविकोपार्जनमा असर पार्न नदिन धर्ना कार्यक्रम गर्न सकिन्छ ।
- सरकारले समुदायका मानिसहरूलाई आफ्नो थातथलोबाट बिस्थापन र निष्काशन गर्न खोजिएको खण्डमा त्यस दिन पारेर ठूलो संख्यामा वृक्षरोपण र खेती लगाउन सकिन्छ ।
- आन्दोलनका क्रममा जेल परेका मानिसहरूलाई रिहा गर्न र दण्डबाट जोगाउन तिनीहरूलाई थुनामा राखेका सैनिक क्याम्प, कारागार र अदालतका अगाडि धर्ना बस्नुपर्दछ ।



आदिवासी जनजाति समुदायका अगुवाहरू धर्ना कार्यक्रममा सहभागी हुँदै ।

यस प्रकारका जनअभियान तथा जनविरोधका कार्यका लागि सबैको बीचमा र संस्थागत समन्वय र एकता, क्षमताको आवश्यकता पर्दछ ।

जनअभियानका लागि देशको राजनैतिक अवस्थाले पनि फरक पार्दछ । आदिवासी जनजातिहरूको हक, अधिकारको प्राप्तिका लागि देशको राजनैतिक परिस्थितिले प्रत्यक्ष रूपमा असर पार्दछ । कुनै पनि देशको राजनीतिक परिस्थिति पूर्ण रूपमा हाम्रा जनअभियानको विपक्षमा छ भने त्यस्तो अवस्थामा अभियानलाई अगाडि बढाउन कठिन हुन्छ ।

जनअभियान सञ्चालनका क्रममा यदि सरकारबाट दमनकारी नीति अगाडि सारेको खण्डमा कस्तो रणनीति अपनाउने भन्ने सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

यस्ता उपायहरू मध्ये कानुनविद्, वकिल, मिडियाका सहयोगीहरू, नागरिक समाज र धार्मिक क्षेत्रका व्यक्तिहरूको सहयोग लिन सकिन्छ ।

## जनपरिचालनको लागि निर्देशन

१. जनपरिचालनको उद्देश्य, आवश्यकता वैधानिकता सम्बन्धमा सबैलाई प्रष्ट पारी विश्वास दिलाउनु पर्दछ । सबैको सहमति लिएर जनपरिचालन कार्यलाई अगाडि बढाउनु पर्दछ । यस कार्यका लागि तपाईले परिचालन गर्न खोजेको व्यक्ति र समूहसँग छलफल गर्नुपर्दछ । त्यस्तै

- घरदैलो अभियान चलाउने ।
- भेला भएका समूह समक्ष कुराहरू राख्ने । उदाहरणको लागि पसल, सार्वजनिक यातायातका साधन कुरी रहेका यात्रुहरू र बसभित्रका यात्रुहरूसँग पनि कुरा गर्न सकिन्छ ।
- समुदायका व्यक्तिहरू तथा संगठनहरूसँग बैंठक बसाल्ने ।

२. कुरा गर्नुका साथसाथै अभियान सम्बन्धी सामाग्रीहरू पर्चा, अवधारणपत्र, सिडि वितरण गर्नाले थप प्रभावकारी हुन सक्दछ ।

## सन्दर्भ सामाग्री तथा थप अध्ययनका लागि सामाग्रीहरू

आजउराप्र, (वि.सं. २०६४) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र । ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेल ।

गुरूङ, डा. ओम (वि.सं. २०६१) अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ स्वतन्त्र देशहरूका आदिवासी जनजाति सम्बन्धी महासन्धि, काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद सचिवालय, नेपाल ।

नेफिन, (वि.सं. २०७०) रेडप्लसमा स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी, आदिवासी जनजाति समुदायका लागि तालिम निर्देशिका । काठमाडौं : जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम गल्फुटार ।

नेफिन, (वि.सं. २०७०) स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी, कार्यान्वयनका लागि संयन्त्र निर्माण निर्देशिका । ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद सचिवालय, नेपाल ।

नेफिन, (वि.सं. २०७०) जंगल नै जीवन, समुदायलाई ज्ञान । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ, जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम, गल्फुटार ।

नेफिन, (वि.सं. २०६८) समुदायमा आधारित रेडप्लस आदिवासी जनजाति प्रशिक्षक प्रशिक्षण निर्देशिका । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम, गल्फुटार, नेपाल ।

भट्टचन, कृष्णबहादुर (सन् २००५) आदिवासी जनजातिका सवालमा कानुनी सचेतना, नेतृत्व विकास र जनवकालत, ललितपुरः नेपाल आदिवासी जनजाति महासंघ, जनजाति सशक्तिकरण परियोजना ।

लाहुर्निप, आइएलओ (वि.सं. २०६५) अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजातिसँग सम्बन्धित महासन्धि नं. १६९ निर्देशिका । काठमाडौंः नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप), जातीय भेदभावविरूद्ध राष्ट्रिय मञ्च, राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी तथा जनजाति गैरसरकारी संस्था महासंघ, नेपाल आदिवासी जनजाति महासंघ, नेपाल ।

शेर्पा, पासाङ, शेर्पा पासङ डोल्मा, घले खिम, राई योगेश्वर (वि.सं. २०६७) जलवायु परिवर्तन तथा रेड सम्बन्धमा वन, भूमि र आदिवासी जनजातिको अधिकार, काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम, गल्फुटार, नेपाल ।

शेर्पा, पासङ डोल्मा, शेर्पा गेलु, घले खिम, लामा कुन्साङ, सुनुवार बिमला, याक्खा इन्दिरा जिमी (वि.सं.२०६९) वनजंगल संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजातिहरूको भूमिका । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम, गल्फुटार, नेपाल ।

शेर्पा, पासाङ, शेर्पा, पासङ डोल्मा (वि.सं. २०७०) वन जंगल, प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा प्रथाजनित कानून तथा परम्पराको भूमिका । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम, गल्फुटार, नेपाल ।

श्रेष्ठ, कुमुद, घले खिम, शेर्पा पासङ डोल्मा (वि.सं. २०६९) समुदायमा आधारित रेडप्लस आदिवासी जनजाति समुदायका लागि निर्देशिका । काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम, गल्फुटार, नेपाल ।

## अंग्रेजी सन्दर्भ सामग्री

AIPP, FPP, IWGIA and Tebtebba. (2010). *What is REDD*? : *A guide for indigenous communities*. Chiang Mai: AIPP.

AIPP, IWGIA. (2013). *A training manual on advocacy, lobbying and negotiation Ssills for indigenous peoples in climate change and REDD+*. Thailand Chiang Mai: Authors.

CAMP. (2010). *Advocacy and lobbying skills*. Retrieved from www. camp.org.pk/ Training Manuals/ Advocacy -and-Lobbying-manual-english.pdf

IWGIA and AIPP. 2011. Understanding Community -Based REDD + : A Manual for Indigenous Communities. Chiang Mai : IWGIA.

OHCHR. (2007). *United Nations declaration on the rights of indigenous peoples*. Kathmandu : OHCHR.

Tebtebba. (2010). *Indigenous peoples and the convention on biological diversity*. Baguio City : Author.